देवदह नगरपालिका,रुपन्देही

# पर्यटन गुरुयोजना -२०७२

(Tourism Master Plan of Devdaha Municipality -2015)

## परिच्छेद - एक
## परिचय

### १.१ पृष्ठभूमि

नेपाल विश्व मानचित्रमा धरातलीय विविधता, हावापानीमा विभिन्नता तथा सांस्कृतिक अनेकता भएको सगरमाथाको देश तथा भगवान गौतम बुद्धको जन्मभूमिका रुपमा संसार सामु परिचित छ । विश्वका विभिन्न देशबाट नेपालका विभिन्न स्थानमा आई यहाँका प्राकृतिक अवस्था, सामाजिक परिवेश, आर्थिक अवस्था, सांस्कृतिक तथा ऐतिहासिक धरोहरहरु आदिको अवलोकन, अध्ययन तथा अनुसन्धान गर्ने गर्दछन् । देशभित्र भ्रमण गर्ने भ्रमणकर्तालाई आन्तरिक पर्यटक र एक देशबाट अर्को मुलुकमा भ्रमण गर्ने व्यक्तिलाई बाह्य पर्यटक भनिन्छ । यसरी पर्यटकको आगमनले यहाँको वाह्य क्षेत्रसँगको सामीप्यता बढ्नुको साथै पाहुनाहरुको नीम्ति आवश्यक पर्ने सेवा वा सुविधा स्वतः सञ्चालन हुने गर्दछन् । यसले एकातर्फ रोजगारीको अवसर सिर्जना गर्दछ भने अर्कोतर्फ स्थानीय र राष्ट्रिय स्तरमा ठुलो मात्रामा आय आर्जनमा टेवा पुर्‍याउँदछ । नेपाल, धरातलीय विविधता, हावापानीमा विभिन्नता, सांस्कृतिक अनेकता भएकोले वाह्य पर्यटकका लागि आकर्षणको स्थल बनेको छ । देशका विभिन्न भागमा रहेको पर्यटकीय दृष्टिले आकर्षणका धेरै गन्तव्यहरु मध्ये लुम्विनी अञ्चल अर्न्तगत रुपन्देही जिल्ला, देवदह नगरपालिका भित्रका क्षेत्रहरु पनि प्रमुख छन् ।

एक्काईसौं शताव्दीको आगमनसँगै विश्वमा सूचना र सञ्चारको जगतमा देखिएको द्रुततर विकासको आडमा पुँजिको विकास र प्रविधिको विस्तारले यसको अर्थतन्त्रको स्वरुपमा सकारात्मक परिवर्तन गरिदिएको छ । यसै सर्न्दभमा विकसित मुलुकहरु प्राकृतिक श्रोत, साधनको उपलव्धताका आधारमा औद्योगिक उत्पादन मार्फत पुँजी वजारमा प्रतिस्पर्धा गरिरहेका छन भने विकासोन्मुख देशहरु उनीहरुको लागि वस्तु तथा श्रम

वजारको केन्द्र बन्दै आएको अवस्था छ । वैदेशिक पुँजिको लगानी र सेवामुलक व्यवसायवाट विकासोन्मुख देशले समेत उल्लेख्य आर्थिक बृद्धि गर्दै आएको पाइन्छ । आ-आफ्ना देशमा उपलब्ध प्राकृतिक श्रोत साधन, मानवीय क्षमता, भौतिक पूर्वाधार, सांस्कृतिक सम्पदा, व्यापारिक कारोवारका लागि उपयुक्त रणनीतिक भू-राजनैतिक अवस्था आदि कारणको सही पहिचान र उपयोगवाट विकासोन्मुख देशहरुले समेत आर्थिक वृद्धि र विकासमा उल्लेखनिय उपलव्धी प्राप्त गरेका छन् । तसर्थ उल्लेखित परिवेशलाई आत्मसाथ गर्दै आफ्नो अर्थतन्त्रमा विकसित देशको साथै विकासोन्मुख देशले समेत आर्थिक विकासको लक्ष्य, कार्यक्रम र प्राथमिकता निर्धारण गरी अगाडि वढ्नुपर्ने देखिन्छ ।

कृषि, जलस्रोत र पर्यटन नेपालको आर्थिक विकासका मुख्य आधारशिला हुन, जसलाई राज्यले प्राथमिकतामा राखी तदनुरुप विकास गर्ने नीति समेत लिएको देखिन्छ । देशको कुल जनसंख्याको करिव ७१ प्रतिशत मानिसको मुख्य आम्दानीको स्रोत कृषि भएपनि परम्परागत खेती प्रणाली, खेतीयोग्य जमिनको कमी, सिंचाई सुविधाको अभाव आदी समस्याहरुका कारण अपेक्षाकृत सफलता त्यस क्षेत्रवाट प्राप्त हुन सकेको छैन (CBS,2011) । नेपाल करिव एक चौथाई अर्थात २३.८ प्रतिशत जनता निरपेक्ष गरिवीको रेखामुनि रहेको एक विकासोन्मुख देश हो (MOF, 2013) । जलस्रोतको प्रचुर सम्भावना भएपनि उपयोगमा ल्याउन आवश्यक पुँजी र प्रविधिको अभावको कारण विकासले अपेक्षित गति पाएको छैन । देशको युवा शक्ति विदेश पलाएन भईरहेको छ । तसर्थ, यो पलायनतालाई रोक्दै स्वदेशमा नै उद्यमशिलता र रोजगारीको अवसर श्रृजना गर्नु पहिलो आवश्यकता भएको छ । नेपालको भू-धरातल वातावरण एवं साँस्कृतिक जन जीवनका विशेषताको आधारमा सूचना प्रविधिको अधिकतम उपयोगका साथ सामाजिक सेवामुलक व्यवसायमा जोड दिदै पर्यटनलाई नयाँ आयामका साथ वैकल्पिक व्यवसायका रुपमा विकास गर्नुपर्ने देखिन्छ । मध्यम स्तरको जनशक्तिवाट कम पुँजि र प्रविधिवाट सञ्चालन गर्न सकिने श्रम प्रधान एवं सेवामुलक पर्यटन उद्योगको विकासवाट नेपालले आर्थिक सामाजिक विकास गरी गरिवी निवारण कार्यक्रमलाई सहयोग गर्ने सम्भावना देखिन्छ । नेपाल विश्व मानचित्रमा अद्वितीय प्राकृतिक, सांस्कृतिक एवं धार्मिक र ऐतिहासिक सम्पदाले भरिपूर्ण देश भएकोले पर्यटनबाट तुलनात्मक लाभ र वैकल्पिक आर्थिक अवसरका लागि उपयुक्त साधनको रुपमा रहेको छ। जसवाट नेपाली जनताको शान्ती र सम्वृद्धि प्रतिको चाहना पुरा हुन सक्दछ। (MOTCA, 2013)। सन् २०१२ मा १३.१ प्रतिशत पर्यटकहरु पदयात्रा एवं पर्वतारोहणका लागि आएको देखिन्छ (MOTCA, 2013)। उत्कृष्ट परम्परा मान्यता एवं चालचलनका कारण प्राचिन आर्य सभ्यता र हिमाली संस्कृतिको समेत धनी रहेको नेपाली जनजीवन साँच्चै अनौठो र रोचकपूर्ण छ । विभिन्न मठ मन्दीर, गुम्वा, स्मारकहरु आकर्षणका केन्द्रका रुपमा रहेका छन । वुद्ध जन्मस्थल लुम्विनी, बुद्धको मावली घर देवदह, हिन्दुहरुको पवित्र तिर्थस्थल पशुपतिनाथ, मुक्तीनाथ, गोसाईकुण्ड, खप्तड क्षेत्र, जानकी मन्दिर जनकपुर, वराह क्षेत्र लगायतका स्थानहरुले नेपालमा

धार्मिक पर्यटनको वलियो सम्भावना देखाएको छ । सन् २०१२ मो नेपाल भित्रिने कुल पर्यटकमा १३.७ प्रतिशत धार्मिक पर्यटक रहेका छन (MOTCA, 2013) । यसको साथै नदीमा जलविहार साथै वन्यजन्तु आरक्षण, राष्ट्रिय निकुञ्जमा जंगली जनावर, चरा, पुतली लगायतका जीव जन्तुको अवलोकन नेपालको पर्यटन विकासका अर्को महत्त्वपूर्ण आधारका रुपमा रहेका छन । यसै गरी नेपाल गाउँ नै गाउँले भरिएको देश हो, जहाँ विभिन्न धर्म मान्ने १२६ जातजातीको वसोवास रहेको छ । जसको आ-आफ्नै मौलिक संस्कृती, परम्परा, भेषभूषा, भाषा तथा रहनसहन रहेका छन् । विदेशी तथा स्वदेशी पर्यटकहरु ती सांस्कृतिक मूल्य मान्यताको अध्ययन अवलोकन मनोरञ्जन लिई ग्रामिण क्षेत्रमा घुम्ने गर्दछन । तसर्थ, पर्यटन विकासका प्रचुर सम्भावना वोकेको सम्पदाहरुलाई आवश्यक संरक्षण, सम्वर्द्धन र व्यवस्थापन गर्दै वातावरण मैत्री पर्यटन कार्यक्रम मार्फत दीर्घकालिन पर्यटन विकासको अवधारणालाई आत्मसात गर्न सके पर्यटन क्षेत्रवाट अपेक्षित लाभ लिन सक्ने बलियो संभावना देखिन्छ ।

**१.२ विषयको उठान**

शान्तीका अग्रदुत, नेपालका राष्ट्रिय विभूति, अरवौं मानिसका मन मस्तिष्कमा पूज्यनीय र लोकप्रिय सिद्धार्थ गौतम दरवारी बैभव त्याग गरेर अनेकौं हण्डर खांदैं अघोर तपस्या गरेर बुद्धत्व प्राप्त गरी भगवान बुद्धको रुपमा प्राणीको हितको निम्ति प्रदान गरेका गहन उपदेशले उनलाई साक्षात भगवान मानिएको छ । मानवको सदा कल्याणमा मार्गदर्शक ज्ञान प्रदान गर्ने त्यस्ता महापुरुषको जन्म नेपालमा हुनु हामी समस्त नेपालीको गौरव र अहोभाग्यको कुरा हो । कपिलवस्तुका राजा सुद्योधनका र मायादेवीका सुपुत्र सिद्धार्थ तत्कालिन सामाजिक परिवेश अनुसार माइती घरमा सुत्केरी गराउने प्रचलन मुताविक मायादेवी घरबाट आफ्नो जन्मघर ( माइत) कोलीय राज्य आउदैं गर्दा इसा पूर्व ६२३ वर्ष अगाडि बैशाख पूर्णिमाका दिन लुम्विनीको बगैंचामा सालको रुखको फेदमा राजकुमार सिद्धार्थको जन्म भयो ( Smith, 1975) । तसर्थ संयोगले हालको लुम्विनीमा नै मायादेवीले सिद्धार्थलाई जन्म दिनु भएको थियो । बुद्ध जन्मेका सातौं दिनमा नै यस संसारबाट सदाका लागि विदा लिएकी मायादेवीको मातृवात्सल्यबाट च्यूत भएका सिद्धार्थको अधिकांश वाल समय मावली घर हालको देवदह नै वितेको थियो भन्ने भनाइ पाइन्छ । विश्व शान्तिका अग्रदूत भगवान गौतम बुद्ध हुर्के बढेको देवदह, खयरडाँडा, भवानीपुर उनलाई मातृवात्सल्य दिने पालनकर्ता सानीआमा प्रजापतीको माइती घर तथा सिद्धार्थ गौतमकी अर्धाङ्गीनी यशोधराको माइती वा उनको मावली तथा ससुराली घर पनि हो । संपूर्ण बौद्धमार्गीहरुका निम्ति यो स्थान अतिनै पवित्र गन्तव्य हो भने समस्त मानव जगतका निमित्त शान्तिका अग्रदुतको सम्मान गर्ने र आनन्द लिने गन्तब्य पनि  हो ।

तसर्थ देवदह क्षेत्र बौद्ध धर्मावलम्वि, हिन्दु तथा अन्य धर्म मान्ने मानिसका लागि पनि धार्मिक

पर्यटनको रुपमा महत्त्वपूर्ण छ । यहाँको पुरातात्त्विक, ऐतिहासिक विषयको खोज, अध्ययन अनुसन्धान गरी वाह्य संसारमा जानकारी गराउन नितान्त आवश्यक छ । यसबाट एकातर्फ मध्य यूगिन नेपालको वारेमा जानकारी लिन सहयोग पुग्छ भने अर्कोतर्फ स्थानीय तथा राष्ट्रिय स्तरमा रोजगारीका अवसर सिर्जना गर्न, देवदहको लोकप्रियताको प्रचार प्रसार, कृषिको बैकल्पिक उपाय बैदेशिक रोजगारीले भएको जनशक्तिको पलाएनलाई रोक्न, यो गुरु योजनाले अत्यन्त महत्त्व राख्दछ ।

### १.३ उद्देश्य

यस गुरुयोजना तयार गर्नुको समग्र उद्देश्य देवदह नगरपालिकामा अवस्थित पर्यटकीय स्रोतहरुको खोज पहिचान, विकास, प्रबर्द्धन, संरक्षण गर्दै स्थानिय समुदायमा पर्यटन सम्बद्ध उद्योगको विकासमा जोड दिनु हो । स्थानीय जीवीकोपार्जनमा थप अवसर प्रदान गर्ने गरी ५ वर्ष भित्र दिगो पर्यटन विकासका आधार तयार गर्ने अभिप्रायले प्रस्तुत गरिएको पर्यटन गुरुयोजनाका विशिष्ट उद्देश्यहरु निम्नानुसार छन् :

१) देवदह नगरपालिका भित्र रहेका ऐतिहासिक, पूरातात्त्विक, धार्मिक, साँस्कृतिक, एवं प्राकृतिक पर्यटकीय सम्पदाहरुको पहिचान तथा GIS प्रबिधिद्धारा नक्साङ्कन गर्ने ।

२) भवानीपुर, रोहिणी नदी, देवदह, कन्यामाई, बैरीमाई, पाकरी बृक्ष आदि सम्पदाहरुको विकास तथा संरक्षण, व्यवस्थापन र प्रबर्द्धनका लागि योजना तर्जुमा गर्ने ।

३) सरहनवारी र शिसपुर गाउँहरुलाई घरवास (Homestay) पर्यटनको रुपमा विकास गर्ने आधार प्रस्ताव गर्ने ।

### १.४ पर्यटन गुरुयोजना तर्जुमाको औचित्य

भौगोलिक रुपमा हिमाल, पहाड र तराई क्षेत्र गरी तिन भागमा विभाजित नेपाल क्षेत्रगत विकास योजनाको खाकाभित्र रही ५ विकास क्षेत्रमा विभाजित छ । भू-वनोटका कारण तत्कालै आर्थिक वृद्धि तथा समाजिक विकासलाई अगाडि वढाउन कृषि जलस्रोत र प्राकृतिक तथा सांस्कृतिक सम्पदामा आधारित पर्यटन प्रमुख सम्भावनाको क्षेत्रको रुपमा देखिएको छ । अद्धितीय प्राकृतिक स्रोत, जीवन्त सांस्कृतिक सम्पदा र मित्रवत आतिथ्यताका कारण ग्रामिण वस्तीमा पर्यटकहरुलाई सुलभ, गुणस्तरीय सेवा दिन सकिन्छ । नेपालमा पर्यटन व्यवसायको सम्भावनालाई दृष्टिगत गरी जर्मन सरकारको सहभागितामा सन् १९७२ मा राष्ट्रको पर्यटन गुरुयोजनाको तर्जुमा गरिएको थियो । जसले क्षेत्रीय पर्यटन विकासको अवधारणा सहित संस्थागत पर्यटन विकासको कार्यक्रममा जोड दिएको थियो । त्यस्तै गरी पर्यटन सेवा सुविधाहरुको विकेन्द्रीकरण तथा विस्तार गरी वजारीकरणका लागि पहल गर्नुपर्ने विषय समेतमा जोड दिएको थियो (HMGN, 1972) । तत्पश्चात पर्यटन उद्योगले देशको अर्थतन्त्रमा पुऱ्याएको योगदानको विश्लेषण गर्दै सन् १९८९ मा नेपाल

राष्ट्र वैंकद्वारा गरिएको एक अध्ययनले पर्यटन उद्योग देशको आय तथा रोजगारीको अवसरका लागि एक महत्वपूर्ण क्षेत्र भएको महसुस गर्दै पर्यटनको योजनाबद्ध विकासका लागि पर्यटकको रुचि र प्रवृत्ति अनुसार पूर्वाधार विकास एवं निर्माण कार्यमा जोड दिनुपर्ने विषय उल्लेख गरिएको थियो (NRB, 1989)।

पर्यटकीय आकर्षणको केन्द्रको रुपमा रहेको लुम्विनी र यसैको नजिक पर्ने देवदह नगरपालिका रुपन्देही जिल्लाको नगरपालिकाहरु मध्ये एक हो । यो ऐतिहासिक, पूरातात्त्विक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक स्रोत सम्पदाले भरिभराउ रहेको यो नगरपालिका मुलत बुद्ध धर्ममा आधारित धार्मिक पर्यटनका निमित्त अत्यन्त आकर्षक गन्तव्य बन्न सक्ने हैसियत राख्दछ । यो नगरपालिका नेपालका १९१ वटा नगरपालिकाहरु मध्ये एक हो । यसको अवस्थिति २७$^{o}$ ३३’ २८” देखि २७$^{o}$ ४३’ २७” उत्तरी अक्षांससम्म र ८३$^{o}$ २९’ १२” देखि ८३$^{o}$ ३८’ ०२” पूर्वि देशान्तर विच रहेको छ । यो समुन्द्र सतहदेखि १०१ मिटर विर्ता गाउँको दक्षिणी भागदेखि ११६२ मिटर अग्लो माथागढी डाँडा सम्म फैलिएको छ । यसको क्षेत्रफल ११९.४६ वर्ग कि.मि. छ । पूर्व पश्चिम राजमार्ग र यसका वरपर धेरै पर्यटकीय गन्तव्यका स्थान भवानीपुर ऐतिहासिक तथा धार्मिक क्षेत्र, रोहिणी नदी, देवदह, कन्यामाई-बैरीमाई, पाकरीबृक्ष, खयरडाँडा, सरहनवारी तथा अन्य विभिन्न पर्यटकीय महत्वका क्षेत्रहरु भए तापनि यिनीहरुको यथोचित रुपमा अन्वेषण, अनुसन्धान हुन सकेका छैनन् भने कतिपय देखिएका पर्यटकीय स्थानको पनि पूर्वाधार विकास गर्न नसक्नुले तथा प्रचार प्रसारको कमीका कारण ओझेलमा परेका छन् । यिनीहरुको संरक्षण सम्वर्द्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्न सकेमा यस क्षेत्रको वासिन्दाको जीवनस्तर समेत सुधन सक्ने देखिन्छ । यस क्षेत्रमा स्थानीय स्तरमा पर्यटन सम्वन्धी केही अग्रसरता र प्रयासहरु भएका भए तापनि व्यवस्थित गुरुयोजनाको अभावकै कारणले गर्दा ती काम फलदायी हुन सकेका छैनन् । तसर्थ, देवदह नगरपालिकाको पहलमा यो पर्यटकीय गुरु योजना तयार गरी दीर्घकालिन रुपमा पर्यटनको विकास गरी स्थानीय समुदायको सकारात्मक आर्थिक सामाजिक रुपान्तरण हुने अपेक्षाका साथ यो गुरुयोजना तर्जुमा गरिएको छ ।

**१.५ सीमा**

देवदह नगरकापलिकाको पर्यटकीय गुरुयोजना तयार गर्ने क्रममा सवैपक्ष समेट्न सक्दो प्रयत्न गरिएको छ । सिमित साधन, स्रोत र समयको कारण समेटिनु पर्ने झिना मसिना तथ्यहरु छुट्न गएको पनि हुन सक्दछ । स्थलगत सर्वेक्षणको क्रममा स्थानीय स्रोत व्यक्तिहरुको सल्लाह सुझाब समेट्न चाहँदा चाहँदै पनि समय सिमाको कारण छुट हुन गएको हुन सक्दछ । नगरपालिका र पर्यटन तथा प्रबर्धन समितिले पर्यटकीय रुपमा विद्यमान तथा संभावित देखेका र छनौट गरिएका क्षेत्रहरुलाई विकास गर्न योजनाबद्ध रुपमा

समेटिएको छ भने नगरपालिका भित्रका अन्य पर्यटकीय क्षेत्रहरुको संक्षिप्त ब्याख्या तथा नक्साङ्कन मात्र गरिएको छ ।

### १.६ गुरुयोजना तर्जुमा विधि र प्रक्रिया

यो गुरुयोजना तयार गर्दा पर्यटन नीति २०६५ र पर्यटन दुरदृष्टि २०२० मा आधारित भई तयार गरिएको छ । योजना तयार गर्दा सम्बद्ध संस्थाका प्रकाशित सामग्रीहरुको पुनरावलोकन, राष्ट्रिय योजना आयोगबाट प्रकाशित त्री-वर्षीय योजना (२०१०/०११ देखि २०१२/०१३), नेपाल पर्यटन बोर्डबाट पर्यटन विकास प्रवर्द्धनका सन्दर्भमा बेला बेलामा प्रकाशित सामग्रीहरु प्रयोग गरिएको छ । योजनाको प्रस्तावित प्रस्ताव सम्बन्धमा सम्बन्धित क्षेत्रका विज्ञ सहित अवलोकन, स्थानीय जनसमुदायसँग छलफल, जानकार ब्यक्तिहरुसँग साक्षात्कार, स्थानीय निकायका ब्यक्तिहरुसँग अन्तर्क्रिया गराई छलफल गरिएको छ । यसै गरी नक्शांकन गर्दा कित्ता नापी नक्शा, स्थलगत सर्वेक्षण, नेपाल सरकार सर्वे विभागबाट प्रकाशित धरातलिय नक्शाहरु (Topographical Maps), GPS, Google Earth Pro 2014 आदिबाट लिइएका सूचनालाई ArcGIS को माध्यमले नक्शांकन गरिएको छ ।

### १.७ अवधारणागत ढाँचा

यस गुरुयोजना तयारीमा निम्न अवधाराणागत ढाँचा अवलम्वन गरिएको छ ।



↓

| |
|---|
| पर्यटकीय गुरुयोजनामा पृष्ठपोषण |

↓

| |
|---|
| अन्तिम प्रतिवेदन |

## परिच्छेद – दुई
## ऐतिहासिक, भौतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था

### २.१ ऐतिहासिक अवस्था

हालको देवदह नगरपालिका देवदह र केरवानी गा.वि.स मिलाएर वनाइएको हो भने २५००/२६०० वर्ष अगाडि यो कोलीय राज्यको राजधानी थियो । बुद्धको मावली क्षेत्र मानिने यस क्षेत्रमा सिद्धार्थले आफ्नो वाल्यकाल विताएको मानिन्छ । रोहीणी नदीदेखि पूर्वमा गण्डकीको पश्चिमी तट वर्तमान नवलपरासी जिल्लासम्म र दक्षिणमा भारतको उत्तर प्रदेशको देवरीयासम्म फैलिएको, वर्तमान रुपन्देहिको केही भाग र नवलपरासी जिल्लामा तत्कालिन कोलीयहरुले राज्य गर्दथे । इशाको सातौं शताब्दिमा चिनीया यात्री हुयनसाङ्ले कपिलबस्तु, लुम्विनी, देवदह, रामग्राम आदि क्षेत्रमा यात्रा गरेको वर्णन पाइन्छ (मेचीदेखि महाकाली, पश्चिमाञ्चल विकास क्षेत्र, भाग ३) । ऐतिहासिक तथा पुरातात्त्विक नगरको रुपमा परिचित देवदह क्षेत्रमा प्रसस्त मात्रामा पुरातात्त्विक प्रमाणहरु रहेको भएता पनि यसको उचित मात्रामा संरक्षण तथा प्रचार प्रसार हुन सकेको छैन । भवानीपुर, देवदह, कन्यामाई बैरीमाई, खयरडाँडा आदि क्षेत्रमा दरवारका भग्नावशेषहरु, प्राचिन इनार/कुवाहरु, भाँडाकुँडाका अवशेषहरु, पुराना सिक्काहरु, ठूला इँटाहरु, देव देवीका मूर्तिहरु, स्तम्भ, स्तुपाहरु आदि पाइएका छन् । तसर्थ यी क्षेत्रको बारेमा केही जानकारी भएपनि यहाँ रहेका थुप्रै ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका स्थानहरुको जानकारी पूर्ण रुपमा प्राप्त गर्न सकिएको छैन ।

### २.२ भौतिक अवस्था

देवदह नगरपालिका नेपालको तीन धरातलीय पेटी पर्वत, पहाड र तराई मध्ये तराई क्षेत्र अन्तर्गत पर्दछ । यस नगरपालिकाको अवस्थिति, धरातलीय स्वरूप, हावापानी, वनस्पति, वन्यजन्तु, माटो, प्रवाह प्रणाली साथै भू-उपयोगको स्थितिलाई भौतिक अवस्था अन्तर्गत समावेश गरी यहाँ व्याख्या गरिएको छ ।

### २.२.१ अवस्थिति

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत तराइमा अवस्थित रूपन्देही जिल्लाको देवदह नगरपालिकाको भौगोलिक अवस्थिति २७° ३३' २८" उत्तरी अक्षांशदेखि २७° ४३' २७" उत्तरी अक्षांशसम्म र ८३° २९' १२" पूर्वी देशान्तरदेखि ८३° ३८' ०२" पूर्वी देशान्तरसम्म फैलिएको छ । यो समुद्र सतहदेखि १०१ मिटरदेखि ११६२ मिटर अग्लो माथागढीसम्म फैलिएको छ। यस नगरपालिकाको पूर्व पश्चिम अधिकतम चौडाई १२.२ कि.मी. छ भने उत्तर दक्षिण अधिकतम लम्बाई १९.५ कि.मी. रहेको छ । यसको कुल क्षेत्रफल ११९.४६ व.कि.मी. रहेको छ, जसले रूपन्देही जिल्लाको कुल क्षेत्रफल १३६० वर्ग कि.मि. मध्ये ८.७८ प्रतिशत क्षेत्रफल ओगट्दछ। यस नगरपालिकाको पूर्वमा नवलपरासी जिल्लाको सुनवल नगरपालिका, पश्चिममा रूपन्देही जिल्लाकै बुटवल नगरपालिका र तिलोत्तमा नगरपालिका, उत्तरमा पाल्पा जिल्लाको गोठादी र दोभान गा.वि.स. र दक्षिणमा रूपन्देही जिल्लाको सिक्तान गाविस सीमानामा रहेका छन् (नक्शा १) । पूर्वको केही भाग खहरे खोलाले सीमाबद्ध गरेको छ भने पश्चिममा सुवारी र रोहिणी खोलाले सीमाबद्ध गरेको छ । त्यस्तै गरी उत्तरमा चुरे पहाडको पानी ढलो र दक्षिणमा आवादिले सीमाबद्ध गरेको छ ।




(नक्शा १)

## २.२.२ धरातलीय स्थिति

उत्तरमा चुरे पर्वत शृङ्खला, घना जङ्गल र दक्षिणमा तराईको समतल भाग नदीनाला रहेको यस नगरपालिकाको धरातलीय स्थिति अध्ययन गर्दा निम्न ३ किसिमको स्वरूपमा विभाजन गर्न सकिन्छ ।

**क) चुरे पर्वत**

यस नगरपालिकाको उत्तरी भागमा करिब ३०० मिटरदेखि ११६२ मिटरसम्मको उचाइमा अवस्थित पहाडी श्रृङ्खला चुरे क्षेत्र हो । यस चुरे क्षेत्रले कुल क्षेत्रफल मध्ये ३०.६१ व.कि.मी. (३१.४८%) भूमि ओगटेको छ । नगरपालिकाको उत्तरी भागमा अवस्थित यो भू-भाग फोस्रो माटो, ढुङ्गा, कंकड आदिले बनेको हुँदा भू संरचना कमजोर छ भने खेती तथा बसोबासका दृष्टिकोणबाट अनुकुल पनि छैन । दक्षिणतर्फ भीरालो पर्दै गएको यो क्षेत्रबाट कतिपय खोलाहरू उत्पत्ति भएका छन् । ती खोलाहरु वर्षात्को समयमा बन्हन्छन् र हिउँदमा सुख्खा रहन्छन् । यो श्रेणी पूर्वदेखि पश्चिमतर्फ १४.६ कि.मी. लम्वाईमा रहेको छ । यस क्षेत्र अन्तर्गत माथागढी, गानीगैरा खोलाको माथिल्लो भाग, सरौपाखाको माथिल्लो भाग, पुराना पानी, बुढार गाउँको माथिल्लो भाग लगायत सम्पूर्ण उत्तरी भागका क्षेत्रहरु पर्दछन् ।

**ख) भावर प्रदेश**

चुरे पहाडको फेदीबाट विस्तारै भिरालो पर्दै दक्षिणतर्फ गएको भू-भागलाई भावर प्रदेश भनिन्छ । यो १५० मिटरदेखि ३०० मिटरसम्मको उचाइमा अवस्थित छ । पहिले घना जङ्गल चारकोशे झाडीको रूपमा रहेको यो ठाउँ हाल आएर केही वस्तीको रूपमा विकास भएको छ भने जङ्गल फडानि गरी तयार पारिएका जमिनमा खेतीपाती समेत गरिन्छ । यहाँको धेरैजसो भाग साल जङ्गलको रूपमा नै रहेको छ । यहाँ बहने खोलानाला वर्षातमा वहने र हिउँदमा प्रायः सुख्खा रहन्छन् । यस भावर प्रवदेशले नगरपालिकाको कूल क्षेत्रफल मध्ये २८.८ व.कि.मी. (२४.११%) भू-भाग ओगटेको छ । यस क्षेत्र अन्तर्गत सरौंपाखा, दमार, धारकुन पाखा, कारालुङ, गढवास, ज्यामिरे, तारुखर्क, तल्लो तथा उपल्लो बूढार गाउँ, केरवानी, सरहनवारी, चाँगे आदि पर्दछन् ।

**ग) समथर भूमि**

देवदह नगरपालिकाको दक्षिणमा स्थित भ-ूभाग नै समथर भूमि हो । यो उत्तरबाट क्रमशः दक्षिणतर्फ उचाइ कम हुँदै गएको छ । जसको उचाइ समुद्र सतहदेखि १०१ मि. देखि १५० मिटरसम्म छ । यो भावर प्रदेशदेखि दक्षिणमा अवस्थित छ, जसले नगरपालिकाको कूल क्षेत्रफल मध्ये ५३.०५ ब.कि.मी. (४४.४१%) ओगट्दछ । यो भूभागमा नरम पाँगो माटोले वनेको भू संरचना छ । फलतः यो भूभाग धान, तोरी, उखु, गहुँ जस्ता बालीको निमित्त अत्यन्त अनुकुल छ । रोहिणी लगायत अन्य साना खोलाहरूले वर्षेनी नयाँ पाँगो माटो बगाएर ल्याउने र तिनै खोलाबाट कूलो वनाई सिंचाई गरिने हुदाँ वर्षेनी माटो थपिंदा उत्पादन राम्रो हुन्छ । यस क्षेत्रमा उत्तरका चुरे र भावर क्षेत्रबाट भूमिगत भएका खोलानालाहरु पुनः देखा पर्दछन् । पूर्व पश्चिम राजमार्ग यही क्षेत्रको करिब उत्तरमा पूर्वदेखि पश्चिमतर्फ गएको छ । यस क्षेत्र अन्तर्गत नगरपालिकाका अधिकांश सहरी र ग्रामीण वस्तीहरू रहेका छन् । खैरेनी, शितलनगर, घोडाहा, भलुही, मुडावास, केरवानी,

सुनगौँडा, बंगला, बंगाली, पाकडी, भवानीपुर, देवीदमार, सिँगाहा, टटेरा, सेमरहवा, शिशपुर, सूर्यपूरा, हात्तीडाँडा, ढेकार, ६ नं. चोक, सिक्तान टोल, भवँरवादी, राजावारी, पेटवनिया आदि बस्तीहरू पर्दछन् ।

तालिका २.१: देवदह नगरपालिकाको धरातलीय स्थिति

| क.सं | धरातलीय प्रकार | उचाई (मिटर) | क्षेत्रफल (व. कि.मि.) |
|---|---|---|---|
| १ | चुरे पर्वत | ३०० देखि माथि | ३०.६१ |
| २ | भावर प्रदेश | १५० देखि ३०० | २८.८० |
| ३ | समथर भूमि | १५० भन्दा तल | ५३.०५ |
| | जम्मा | | ११९.४६ |

स्रोतः धरातलीय नक्शा १९५८ र स्थलगत अवलोकन २०७१ ।




(नक्शा २)

### २.२.३ हावापानी

नेपालको तराई क्षेत्र अन्तर्गत पर्ने देवदह नगरपालिका खास गरी अर्धोष्ण मौसमी जलवायु अन्तर्गत पर्छ । यो क्षेत्रमा गृष्मको औसत उच्चतम तापक्रम ३०° से. भन्दा माथि रहन्छ र गर्मी धेरै हुन्छ । हिउँद न्यानो किसिमको र औसत तापक्रम १८° से. रहन्छ । हिउँदमा शितलहर चल्छ । वर्षा मुख्य गरी गृष्ममा बंगालको खाडीबाट बहने न्यानो र बाफिलो मनसुनी वायुले गराउँछ । औसत वार्षिक वर्षा १००० मी.मी. देखि २५०० मी.मी. सम्म हुन्छ । हिउँदमा भने भूमध्यसागरबाट आएको पश्चिमी वायुले वर्षा गराउँछ ।

### २.२.४ प्राकृतिक वनस्पति तथा वन्यजन्तु

धरातल, माटो, हावापानीको अवस्थामा प्राकृतिक वनस्पति निर्भर हुन्छ । कुनै पनि स्थानको तापक्रम वर्षा र माटोको अवस्था पनि धरातलको स्वरूप र उचाई अनुसार फरक फरक हुँदै जाने हुनाले त्यहाँको प्राकृतिक वनस्पति पनि मुख्य गरी धरातलको स्वरूप र उचाइमा भर परेको हुन्छ । देवदह नगरपालिकाको उत्तरी अधिकांश भागमा प्राकृतिक वनस्पतिको रूपमा घना वनजङ्गल रहेको छ। नेपालको प्राकृतिक वनस्पतिको विभाजन अनुसार यहाँको वनस्पति उष्ण प्रदेशीय सदावहार वन अन्तर्गत पर्दछ ।

यहाँ १५० मिटरसम्मको यहाँको भूभागमा समतल भाग धेरै छ सो भूभागमा बस्ती र खेती गरिएको छ भने जङ्गल भएको क्षेत्र पनि फाँडेर बस्ती बसेको छ । केही संरक्षित बनको रूपमा रहेका ठाउँमा घना वन छ । १५० मिटरदेखि ५०० मिटरसम्मको उचाइको क्षेत्रमा पहिले नै फडानी गरी बस्ती र खेती गरिएका केही क्षेत्र बाहेक अन्य क्षेत्रमा घना किसिमको जङ्गल रहेको छ। त्यसै गरी चुरेको पहाडी भागमा प्रायः घना केही मिश्रित खालका वनस्पति रहे पनि सदावहार किसिमको बनको नै बहुलता रहेको छ । यहाँको वनमा साल, अस्मा, बाभ्की, जामुन, केमुन, कुम्भी, बोडधाइरो, जिंगड, कर्मा, कुसुम, विजयसाल, सत्तीसाल, पानन, महुवा, वकललेडी, राजवृक्ष, हात्तीपाइले, कुटमेरो, रोहिणी, पियारी, भुलामा आदि रुख पाइन्छन् भने गैह्रकाण्ठमा हर्रो बर्रो, विडिपत्ता, कडिपत्ता, कुकुरडाइना, घोडताप्रे, सर्पगन्धा, शिकारी, लहरा, भोर्ला, चीउरी, गीठा, पिपला, गुजरगानो आदि पाइन्छन् । यो जङ्गलमा विभिन्न किसिमका वन्यजन्तुहरू जस्तै वन विरालो, बँदेल निलगाई, खरायो, स्याल, ढेडु, बाँदर, लोखर्के, न्याउरीमुसो, चमेरो, हरिण, चितुवा, बाघ, भालु, आदि पाइन्छन् भने घस्रने जीवमा सर्प, गोहोरो, अजिङगर, छेपारो लगायत चराचुरुङ्गीमा जुरेली, लाहाँचे, सुगा, मजुर, वनकुखुरा, डाङ्ग्रे, कोइली, गीद्ध, भँगेरा, ढुकुर, काग, चील, मैना लोटोकोसेरो आदि रहेका छन् । तसर्थ विभिन्न किसिमका ससाना किरा फट्याङ्ग्रादेखि ठूला ठूला जीवका साथै विभिन्न किसिमका वनस्पतिले गर्दा जैविक विविधता पनि रहेको छ ।

### २.२.५ माटो

देवदह नगरपालिकाको प्राकृतिक साधनहरू मध्ये माटो एक प्रमुख साधन हो । धरातल र हावापानीको विविधता अनुसार माटो पनि विभिन्न प्रकारको हुन्छ । प्रायः गरी १५० मिटरसम्मको समतल भागमा उर्वर पाँगो माटो भएको कारण यो खेतीपातीका लागि उर्वर छ । जहाँ विभिन्न किसिमका खाद्य तथा नगदे वाली लगाइएको छ । यसै गरी समतल भागदेखि उत्तरमा रहेको ३०० मिटरसम्मको भावर क्षेत्रमा भने बालुवा, कंकड, ढुङ्गाले मिसिएको खस्रो माटो पाइन्छ । यो क्षेत्रमा बढी घना जङ्गल रहेको छ भने केही ठाउँमा बलौटे पाँगो माटो भएको क्षेत्रमा कृषि बाली र तरकारी खेती समेत गरिएको छ । उत्तरी अधिकांश चुरेको क्षेत्रमा फोस्रो माटो र ढुङ्गा कंकड, कङलोमरेट, गिटी आकारका चट्टान पाइन्छन् जसमा ऋतु अपक्षयको प्रभाव परिरहेको छ । यस क्षेत्रमा बढी मात्रामा वन जङ्गलको विकास भएको छ ।

### २.२.६ नदीनाला तथा ताल

नेपाल पहाडी देश भएको र मनसुनी हावाको प्रभाव भएको हुनाले यहाँ धेरै नदी र खोलाहरू बगेका छन् । उत्तरमा अग्ला हिमशृङ्खला भएको कारण हिन्द महासागरबाट बहने न्यानो र जलवाष्पयुक्त मनसुनी हावालाई पूर्व पश्चिम समानान्तर रूपमा रहेको मुख्य हिमाल, महाभारत पर्वत र चुरे पर्वतले रोकी वर्षा गराउँदछ र नदीनालामा प्रशस्त पानी बग्दछ । यस नगरपालिकामा पनि उत्तरको चुरे श्रेणीदेखि उत्पत्ति भएर धेरै खोला नाला दक्षिणको समतल भागतर्फ प्रवाहित भएका छन् जसले सिंचाईको पनि काम गरिरहेका छन् । यहाँका अधिकांश खोलाहरू तेस्रो स्तरका अथवा चुरे पहाडमा भएको अस्थायी मूलबाट उत्पत्ति भएका छन् । मनसुनी वर्षा नै यी खोलाहरूको मुख्य पानीको स्रोत हो । यी चुरे पहाडबाट बगी भावर क्षेत्र हुँदै समतल तराईमा प्रवेश गरेका छन् । यहाँका मुख्य खोलाहरूमा रोहिणी (१८.६३ कि.मी.) हो । यो नदी हाटीकोट, पोखराडाँडा, धाव आदि चुरे पर्वत शृङखलामा पर्ने स्थानबाट निस्केका खोला खहरे मिली बनेको छ । यसबाट केही मात्रामा सिंचाई समेत भएको छ । यो एक धार्मिक तथा ऐतिहासिक नदी हो । गौतम बुद्धको समयमा यस नदीको पानीको विषयमा कोली र शाक्यहरू बिच पानी बाँडफाँडको विषयलाई लिएर लडाँइ हुन लाग्दा बुद्धले पानीभन्दा रगत ठुलो भन्ने उपदेश दिई मेलमिलाप गराएको कुरा बौद्ध जातकमा पाइन्छ । त्यसै गरी अन्य खोलाहरूमा वेरुवा (७.०४ कि.मीं), ज्यामिरे खोला (७.९३ कि.मी.) भलुही (.१२.८४ कि.मी.), सरन खोला (१२.९ कि.मी), घोडाहा खोला (६.६२ कि.मीं), खहरे खोला (१८.२ कि.मी) आदि छन् ।

### २.२.७ भू-उपयोग

यस नगरपालिका भू-उपयोगको दृष्टिले विविधता रहेको छ । प्रायः समतल क्षेत्रमा बस्ती तथा कृषि गरिन्छ भने चुरे लगायत पहाडी, भिरालो भागमा वन जङ्गलको विकास भएको छ । उचाइ बढ्दै गए अनुसार भूमिको कम उपयोग भएको छ । भू-उपयोगको किसिमलाई तालिका २.२ बाट देखाउन सकिन्छ ।

**तालिका २.२: देवदह नगरपालिकाको भू-उपयोग स्थिति -२०७२**

| क्र.सं. | भू-उपयोगको किसिम | क्षेत्रफल ब.कि.मी. | प्रतिशत |
|---|---|---|---|
| १ | सहरी क्षेत्र | ०.३४ | ०.२८ |
| २ | खेती गरिएको भूमि | २९.३४ | २४.५६ |
| ३ | घना जङ्गल | २५.८१ | २१.६१ |
| ४ | सामान्य जङ्गल | ५०.७६ | ४२.४९ |
| ५ | बालुवा क्षेत्र | ३.२६ | २.७३ |
| ६ | बस्ती क्षेत्र | ५.२८ | ४.४२ |
| ७ | खाली भूमि | १.९० | १.५९ |
| ८ | पानीले ढाकेको भाग | ०.९६ | ०.८० |
| ९ | अन्य | १.८१ | १.५२ |
|  | जम्मा | ११९.४६ | १०० |

स्रोतः धरातलीय नक्शा १९५८ र स्थलगत अवलोकन २०७१ ।



देवदह नगरपालिका
भूउपयोगको स्थिती
पाल्पा
बुडवल न.पा.
सुनवल न.पा., नवलपरासी
तिलोत्तमा न.पा.
सिक्टन गा.वि.स.
Legend
Municipality Boundary
Landuse/Land Cover
Built-up Area
Cultivated Land
Forest
Open Forest
Sandy
Scrub
Settlement Area
Vacant Area
Waterbody
Highway
0 0.75 1.5 3 4.5 6 Km.
83°30'0"E
83°35'0"E
27°40'0"N
27°35'0"N
Daldale
Mudabas
Charange
Palpali Tole
Sharanbari
Keuli
Daunne
Bayer Danda
Bhalui
East-West Highway
Ghodaha
Udaya Nagar
Sitalnagar
Madan Gram
Sungaunda
Gothadi Marga
Bangala
Pipal Danda
Panbari
Khairani
Shantinagar Chowk
Kanyamai
Bangali
Pakadi
Piparaiya
Sispur
Devidamar
Singaha
Kerbani
Bhawanipur
Bijayapur
Tatera
Basantapur
Devisthan
Hattidanda
Suryepura
6 No. Tole
Dhekawar
Siktan Tola
Petbaniya
Rajabari
Bhawarbari
Birta


(नक्शा ३)

## २.३ सामाजिक अवस्था

नेपाल विभिन्न जात जाति, जनजातिहरूको सम्मिश्रण स्थल हो । तसर्थ यहाँ बसोबास गर्ने जाति, जनजातीहरुका विभिन्न भाषा, भेषभूषा, रहन सहन, चाडपर्व रहेका छन् । आफ्नै किसिमका संस्कृति छन् । तसर्थ देवदह नगरपालिकाको सामाजिक अवस्थालाई निम्नानुसार व्याख्या गरिएको छ :

### २.३.१ जनसाङ्ख्यिक स्थिति

देवदह नगरपालिका रूपन्देही जिल्लाको एक महत्त्वपूर्ण र ऐतिहासिक नगरपालिका हो । साविकका केरवानी गा.वि.स. र देवदह गा.वि.स. मिसिएर २०७१ बैशाख २५ मा घोषणा भै २०७१ जेठ ५ मा स्थापना भएको यस नगरपालिकको जनसङ्ख्या २०६८ सालको जनगणना अनुसार ४२९५३ रहेको छ । जसमध्ये महिला २३२७० र पुरुष १९६८३ रहेका छन् । जम्मा घरधुरी ९५६७ रहेको यस नगरपालिकामा प्रति परिवार ४.४९ जना रहेको छ । महिला ५४.१८ प्रतिशत छन् भने पुरुष ४५.८२ प्रतिशत छन् । लिङ्ग अनुपात ८४.५९ छ । जनसांख्यिक स्थितिलाई तालिका २.३ मा देखाइएको छ ।

**तालिका २.३: देवदह नगरपालिकाको जनसाङ्ख्यिक स्थिति**

| | |
|---|---|
| जम्मा घर सङ्ख्या | ९५६७ |
| जम्मा जनसङ्ख्या | ४२९५३ |
| महिला | २३२७० (५४.१८%) |
| पुरुष | १९६८३ (४५.८२%) |
| लिङ्ग अनुपात | ८४.५९ |
| औसत परिवार सङ्ख्या | ४.४९ |

स्रोतः राष्ट्रिय जनगणना, २०६८ ।

यस नगरपालिकामा अधिकांश मिश्रित जाति, जनजातिहरूको बसोबास रहेको छ । तराई क्षेत्र भएको कारण विभिन्न क्षेत्रहरुबाट यहाँ बसाइ सराइ गरी बसोबास गर्न आएको तथ्याङ्क पाइन्छ । यहाँको जातिगत बसोबासको स्थिति हेर्दा सबभन्दा बढी ११४२१ मगरको जनसङ्ख्या जसमध्ये महिला ६२६९ र पुरुष ५१५२ छन् । त्यसैगरी पहाडी ब्राह्मण ११२१६, क्षेत्री ४०३०, थारु ३२५६, कामी २९९०, गुरुङ २४३३, दमै/ढोली ११४२ रहेका छन् । अन्य जातिहरू यो भन्दा कम संख्यामा रहेका छन् । तालिका २.४ मा यस नगरपालिकामा बसोबास गर्ने जात जातिहरूको जनसङ्ख्या देखाइएको छ ।

**तालिका २.४: जाति अनुसार जनसङ्ख्या**

| क्र.सं. | जाति | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | मगर | ५१५२ | ६२६९ | ११४२१ |
| २. | ब्राह्मण (पहाडी) | ५०७९ | ६१३७ | ११२१६ |
| ३. | क्षेत्री | १८४६ | २१८४ | ४०३० |
| ४. | थारु | १५३८ | १७१८ | ३२५६ |
| ५. | कामी | १३३४ | १६५६ | २९९० |
| ६. | गुरुङ | १०९४ | १३३९ | २४३३ |
| ७. | दमै/ढोली | ५१९ | ६२३ | ११४२ |
| ८. | नेवार | ४३५ | ४६५ | ९०० |
| ९. | राई | ३०० | ३७० | ६७० |
| १०. | सार्की | २९२ | ३२८ | ६२० |
| ११. | कुमाल | २८७ | ३१९ | ६०६ |
| १२. | मुसलमान | २६५ | २६१ | ५२६ |
| १३. | सन्यासी | १७८ | २३७ | ४१५ |
| १४. | ठकुरी | १८३ | २०८ | ३९१ |
| १५. | केबाट | १९१ | १८२ | ३७३ |
| १६. | मुसहर | १८७ | १६९ | ३५६ |
| १७. | तामाङ | १५५ | १६७ | ३२२ |
| १८. | धोवी | १३३ | १५२ | २८५ |
| १९. | यादव | ११४ | १०५ | २१९ |
| २०. | कटवानिया | ९० | ७७ | १६७ |
| २१. | अन्य | ३११ | ३०४ | ६१५ |
| जम्मा | | १९६८३ | २३२७० | ४२९५३ |

स्रोतः राष्ट्रिय जनगणना, २०६८ ।

मातृभाषा अनुसारको स्थितिलाई हेर्दा यस नगरपालिकामा विविधता पाइन्छ । विशेष गरी नेपाली नै यहाँका मानिसले बढी बोल्ने गर्दछन् । अन्य भाषाहरूमा मगर (१३.३१%), भोजपुरी (६.१६%), थारु (५.२७%), गुरुङ (३.९२%), मैथीली (१.६४%), नेवार (०.९४%), तामाङ (०.४१%), उर्दु (०.१६%), भुजेल (०.१०%), हिन्दी (०.०५%) र अन्य रहेका छन् । मातृभाषा अनुसारको जनसङ्ख्या तालिका २.५ मा देखाइएको छ ।

**तालिका २.५: देवदह नगरपालिकामा बोलिने मातृभाषा**

| क्र.सं. | भाषा | प्रतिशत | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|---|
| १. | नेपाली | ६७.७५ | २९१०० | १३१८८ | १५९१२ |
| २. | मगर | १३.३१ | ५७१७ | २५९२ | ३१२५ |
| ३. | भोजपुरी | ६.१६ | २६४५ | १३०२ | १३४३ |
| ४. | थारु | ५.२७ | २२६५ | १०६८ | ११९७ |
| ५. | गुरुङ | ३.९२ | १६८६ | ७६२ | ९२४ |
| ६. | मैथिली | १.६४ | ७०४ | ३४४ | ३६० |
| ७. | नेवारी | ०.९४ | ४०२ | २०२ | २०० |
| ८. | तामाङ | ०.४१ | १७६ | ९२ | ८४ |
| ९. | उर्दु | ०.१६ | ६९ | ३५ | ३४ |
| १०. | अन्य | ०.३ | १३० | ७० | ६० |
| ११ | नबताएका | ०.१४ | ५९ | २८ | ३१ |
| | जम्मा | १०० | ४२९५३ | १९६८३ | २३२७० |

स्रोतः राष्ट्रिय जनगणना, २०६८ ।

### २.३.२ शैक्षिक स्थिति

देवदह नगरपालिका शैक्षिक दृष्टिले अगाडि नै छ । विभिन्न क्षेत्रहरूमा प्राथमिक, माध्यमिक, उच्च माध्यमिक, क्याम्पस तहका शैक्षिक संस्थाहरू रहेका छन् । यी शैक्षिक संस्था सरकारी तथा निजी किसिमका रहेका छन् । त्यसै गरी कतिपय संस्कृत विद्या अध्ययन गर्न सकिने विद्यालय पनि रहेका छन् । यस नगरपालिकामा अवस्थित शैक्षिक संस्थाहरुलाई तालिका २.६ मा देखाइएको छ ।

तालिका २.६ : शैक्षिक संस्थाको विवरण, २०७२

| क्र.स. | शिक्षण संस्थाको नाम | त्ह | ठेगाना वडा | कैफियत |
|---|---|---|---|---|
| १ | केरवानी उमावि | उमावि | देवदह-६, खैरेनी | |
| २ | ग्रीन प्लान्ट वोर्डिङ | उमावि | देवदह ८, खैरेनी | |
| ३ | यूगज्योति मावि | मवि | देवदह ६, खैरेनी | |
| ४ | देवदह उमावि | उमावि | देवदह-८, | |
| ५ | जनप्रीय मावि | उमावि | देवदह-१०, भलुही | |
| ६ | देवदह मेडकिल कलेज | स्नातक | देवदह-१०, भलुही | |
| ७ | न्यू नमूना वोर्डिङ | मवि | देवदह-१० | |
| ८ | सन्दीप प्रावि | प्रावि | देवदह-६, घोडाहा | |
| ९ | महामाया भवानी उमावि | उमावि | देवदह-४, भवानीपुर | |
| १० | कोलीय राज्य वोर्डिङ स्कुल | प्रावि | देवदह-४, भवानीपुर | |
| ११ | सेभेनस्टोर वो. स्कुल | निमावि | देवदह-२, ढेकावर | |

| | | | | |
|---|---|---|---|---|
| १२ | नमूना वो. स्कुल | प्रावि | देवदह-२, ढेकावर | |
| १३ | एसियन लाइट वो. स्कुल | मवि | देवदह-१, ६ नं. चोक | |
| १४ | भविष्यनिर्माण उमावि | उमावि | देवदह-२, ....... | |
| १५ | सरस्वती मावि | मवि | देवदह- १., राजावारी | |
| १६ | आदर्श बहुमुखी क्याम्पस | स्नातक | देवदह-८, | |
| १७ | सगरमाथा उमावि | उमावि | देवदह-८, | |
| १८ | सगरमाथा क्याम्पस | स्नातक | देवदह-८, | |
| १९ | प्रगती प्रावि | प्रावि | देवदह | |
| २० | कालिका प्रावि | प्रावि | देवदह७, सरहनवारी | |
| २१ | नारायणी पब्लिक स्कूल | मवि | देवदह-१, विर्ता | |
| २२ | सूर्योदय प्रावि | प्रावि | देवदह-२, देवीस्थान | |
| २३ | देवदह वो. | मवि | देवदह-८ | |
| २४ | ब्यास प्रावि | प्रावि | देवदह-८, सुनकौडा | |
| २५ | देवदह बुद्ध पब्लीक, | मवि | देवदह ६, ...... | |
| २६ | प्रजापती गौतमी प्रावि | प्रावि | देवदह ६, ...... | |
| २७ | सत्यसाई विद्यापिठ | .... | देवदह ७, शिवालय | |
| २८ | सरस्वती विद्यालय | निमावि | देवदह ७, केउली | |
| २९ | पेटवनिया सामुदायीक | प्रावि | देवदह २, पेटवनिया | |
| ३० | खड्ग मावि | मवि | देवदह १, बिर्ता | |
| ३१ | लक्ष्मी प्रावि. | प्रावि | देवदह १, लक्ष्मीटोल | |
| ३२ | कोटही निमावि | निमावि | देवदह ३, शिसपुर | |
| ३३ | मायादेवी प्रावि | प्रावि | देवदह ३ , टटेरा | |
| ३४ | मदरल्याण्ड.वोर्डिङ | प्रावि | देवदह ३ , टटेरा | |
| ३५ | फूलवारी प्रावि | प्रावि | देवदह ३ | |
| ३६ | उदय प्रावि | प्रावि | देवदह ८ | |
| २७ | जनता मावि | मा वि | देवदह ९ | |
| ३८ | जनकल्याण प्रावि | प्रावि | देवदह ११ | |
| ३९ | सीता मा वि | मा वि | देवदह ११, चरङ्गे | |
| ४० | ज्ञानज्योोती निमापि | निमावि | देवदह ८ | |
| ४१ | कालिकाप्रावि, | प्रावि | देवदह ,७, | |
| ४२ | देवदह इ वोर्डिङ | मवि | देवदह ७ | |
| ४३ | कोलीय वोर्डिङ स्कुल | प्रावि | देवदह ११, | |
| ४४ | न्यु लम्बिनी वोर्डिङ | निमावि | देवदह , ६ | |
| ४५ | देवहमदर टङ्स एकेडेमी | मवि | देवदह, ६, | |
| ४६ | सरस्वती वोर्डिङ | मवि | देवदह, ८ | |
| ४७ | मदरसा | प्रावि | देवदह १ | |
| ४८ | शान्ति प्रिय | प्रावि | देवदह ,४ | |

स्रोतः देवदह नगरपालिकाको अभिलेख, २०७१

यसै गरी यस नगरपालिकामा पाँच वर्षभन्दा माथिको विभिन्न तहमा अध्ययन गर्ने र तह पास गरेका विद्यार्थीहरूका ववरणलाई तालिका २.७ मा देखाइएको छ ।

**तालिका २.७: ५ वर्ष र सोभन्दा माथिको उमेरका विद्यार्थीको शैक्षिक विवरण**

| क्र.सं. | तह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १. | पूर्व प्रा.वि. | १५५९ | ८१६ | ७४३ |
| २. | प्राथमिक | ११२९५ | ५८५३ | ५४४२ |
| ३. | नि.मा.वि. | ७४९० | ३५३५ | ३९५५ |
| ४. | मा.वि. | ४२०४ | १९६५ | २२३९ |
| ५. | एस.एल.सी. | २९८२ | १५०२ | १४८० |
| ६. | प्रमाणपत्र | १६४९ | ८३३ | ८१६ |
| ७. | स्नातक | ४८५ | ३११ | १७४ |
| ८. | स्नातकोत्तर | १५५ | १३३ | २२ |
| ९. | अन्य | १३ | ७ | ६ |
| १०. | अनौपचारिक | ६२९ | २५५ | ३७४ |
| ११. | तह नबताइएको | २६५ | १५५ | ११० |
| १२. | जम्मा | ३०७२० | १५३६४ | १५३५६ |

स्रोतः राष्ट्रिय जनगणना, २०६८ ।

### २.३.३ बस्ती

देवदह नगरपालिकामा ग्रामिण तथा शहरी वस्तीहरू रहेका छन् । यी वस्तीहरू राजमार्ग र कतिपय सडकहरूको ठाउँमा रेखाकार रूपमा रहेका छन् भने कतिपय शहरी भाग र ग्रामीण क्षेत्रमा पनि एकत्रित बस्तीको रूपमा रहेको पाइन्छ । विशेष गरी शहरी क्षेत्र खैरेनी बजारमा गुचुमुच्च रूपमा बस्ती बसेको छ भने कतिपय ग्रामीण बस्ती विशेष गरी थारु समुदायमा बस्ती एकत्रित गुचुमुच्च छन् । जसमध्ये शिसपुर, बसन्तपुर आदि पर्दछन् । अन्य क्षेत्रमा छरिएको रूपमा बस्ती रहेको छ । शहरी क्षेत्रमा RCC ढलान गरिएका घरहरुको वहुलता भएका वस्तीहरू छन् भने ग्रामीण क्षेत्रमा बढी मात्रामा सिमेन्टको प्रयोग गरिएका घरहरू छन्, कतिपय क्षेत्रमा माटो, इटा, ढुङ्गाको प्रयोग गरी घर बनाइएका छन् । छानाको रूपमा धेरै जसो टीनको प्रयोग गरिएको छ भने फुसको, टायलको पनि प्रयोग गरिएको छ ।

### २.३.४ बसाइ सराई

देवदह नगरपालिकामा तराई मूल र पहाडी मूल दुवैका विविध प्रकारका बासिन्दाहरुको बसोबास रहेको छ। कतिपय तराई मुलका बासिन्दाहरू यहाँका पहिले देखिका बासिन्दाहरू हुन् भने अन्य वासिन्दा मूलतः पहाडी मूलका वसाँइ सराईबाट आई बसोबास गरेका हुन्। यिनीहरु तराईको क्षेत्रमा जङ्गल फाँडी तराईको उब्जाउ भूमि कृषिको रूपमा प्रयोग गरी कृषि व्यवसाय गर्नका लागि पहाडी भाग र विभिन्न अन्य क्षेत्रबाट बसाइसरी आएको पाइन्छ। विशेष गरी गुल्मी, पाल्पा, स्याङजा, पर्वत, जस्ता पहाडी जिल्लाबाट बसाइ सरी आउनेको सङ्ख्या धेरै छ भने देशका विभन्नि अन्य क्षेत्रबाट समेत बसाइ सरी आएको देखिन्छ।

## २.४ सांस्कृतिक स्थिति

देवदह नगरपालिकामा विभिन्न जातजातिका मानिसहरूको मिश्रित बसोबास रहेको  छ। तसर्थ उनिहरुको आ-आफ्नै प्रकारका सांस्कृतिक पहिचान रहेका छन्। यहाँ विभिन्न भाषा बोल्ने मानिसहरू रहेका छन्। सबैभन्दा बढी नेपाली भाषा नै बोलिन्छ भने अन्य भाषाहरूमा मगर, भोजपुरी, थारु, गुरुङ, मैथिली, नेवारी, आदि रहेका छन्। आजभोलि यी मातृभाषा कमै मात्रामा बोलिन्छन् यद्यपि ति भाषाको जगेर्ना गर्नु र स्थानीय संस्कृतिको भण्डार भर्नु आवश्यक देखिएको छ। प्रायः साना केटाकेटीहरू नेपाली भाषा नै प्रयोग गर्न थालेको पाइन्छ। भेषभूषामा रूपमा थारु, मगर, लगायतका जनजातिहरू आफ्नो जात अनुसारको पोशाक लगाउँछन् भने ब्राह्मण क्षेत्री लगायत प्रायः जातिहरू सर्ट, पेन्ट, कोट, सारी, चोलो, ब्लाउज, कुर्ता, सलवार आदि नै लगाउँछन्। चाडपर्वको रूपमा आ-आफ्ना मौलिक चाड पर्वको साथै दशै, तिहार, बुद्ध पूर्णिमा, फागु पूर्णिमा, चैते दशै, हरिबोधनी एकादशी, पुस पन्ध्र, नयाँ वर्ष आदि मनाउँदछन्।

## २.५ आर्थिक स्थिति

देवदह भर्खरै मात्र नगरपालिका घोषित भएको हो। यहाँको मुख्य पेशा कृषि नै हो। तराई क्षेत्र भएको हुनाले अधिकांश मानिसहरू परम्परागत रूपमा नै कृषि गरेको पाइन्छ। कृषि जीवन निर्वाह किसिमको छ। उत्पादन भने राम्रो नै छ। विशेष गरी धान, गहुँ, मकै, तोरी, उखु, आलु, आदि बालीहरू लगाइन्छन् भने तरकारी खेती समेत गरिन्छ। विशेष गरी सहरी क्षेत्रमा व्यापारलाई प्रमुख व्यवसाय छ भने घरेलु उद्योगको रूपमा डेरी उद्योग, ....... आदि रहेका छन्। वैदेशिक रोजगारको रूपमा पनि भारत लगायत अरवियन देशहरू, मलेसिया जाने सङ्ख्या पनि अत्याधिक रहेको छ। यसै गरी सरकारी र प्राइभेट नोकरीका साथै ज्याला मजदुरी गर्ने यहाँको पेसा हो।

## २.६ पूर्वाधारहरूको स्थिति

देवदह नगरपालिकामा विभिन्न किसिमका पूर्वाधारहरू छन् तर पनि पूर्वाधारका दृष्टिमा यो नगरपालिका अझ पछाडि नै छ। सडकको सञ्जाल भने राम्रो भइसकेको छ। पूर्व पश्चिम राजमार्गसँग

नगरपालिकाका विभिन्न क्षेत्र जोड्ने शहरी तथा ग्रामीण कच्ची सडकहरू छन् । नगरपालिकाको क्षेत्र भरी विद्युतीकरण गरिएको छ । करिब ९२.७ प्रतिशत घरहरू विद्युतीकरण गरिएको छ । यसै गरी खानेपानीको रूपमा ट्युववेल ५८.३७ प्रतिशत, धारा, पाइपबाट ३९.४८ प्रतिशत छ । इन्धनको रूपमा सबभन्दा बढी काठ, दाउरा, ६६.५२ प्रतिशत, एल.पी. ग्याँस २४.३४ प्रतिशत, वायो ग्याँस ५.५८ प्रतिशत र अन्यमा मट्टितेल, गुइँठा आदिको प्रयोग गरिएको छ । शौचालयको रूपमा अझसम्म पनि २३.३९ प्रतिशत घरहरूमा चर्पी छैन भने बाँकी घरहरूमा चर्पी छ जसमा फ्लसयुक्त शौचालय ३६.९० प्रतिशत मात्र छन् (राष्ट्रिय जनगणना २०६८) ।

यसै गरी सञ्चारका साधनको रूपमा रेडियो, टि.भी., केवुल, इन्टरनेट, टेलिफोन, फ्याक्स आदि रहेको छन् भने ग्रामीण क्षेत्रमा हुलाक सेवा पनि छ । शैक्षिक संस्थाको रूपमा विभिन्न स्तरका नीजि तथा सरकारी क्याम्पसहरू समेत रहेका छन् भने देवदह मेडिकल कलेजको पनि स्थापना भइसकेको छ । यहाँ विभिन्न स्वास्थ्य चौकी लगायत अस्पताल समेत रहेको छ ।

# परिच्छेद - तीन
# पर्यटनको वर्तमान अवस्था

## ३.१ ऐतिहासिक पृष्ठभूमि

नेपालको प्रसिद्ध ऐतिहासिक तथा धार्मिक स्थल लुम्बिनीदेखि करिब ५५ कि.मी. उत्तर पूर्वमा अवस्थित देवदह नगरपालिका एक महत्त्वपूर्ण नगरपालिकाको रूपमा पहिचान बनाउँदै छ । बनारसका राजा राम र कपिलवस्तुको रानी प्रियाबाट कोलिय वंश सुरु भएकोले यस राज्यलाई कोलिय नगर भनिएको भन्ने इतिहास पाइन्छ । प्राचीन कोलिय गणराज्यको राजधानी देवदह हाल रूपन्देही जिल्लाको देवदह नगरपालिका नै हो । देवदह भन्नाले 'देव' वा देवताहरूले नुहाउने 'दह' वा पोखरीको यो स्थलको नामबाट चिनिन्छ । जहाँ एक तलाउ प्राचीन कालमा थियो र हाल पनि रहेको छ । प्राचीन कालमा देवताहरूले नुहाउने र बुद्धको समयमा बुद्धले पनि मावली/ससुराली आउँदा नुहाउने गरेको मानिन्छ । गौतम बुद्धको जन्म स्थल लुम्बिनी र उनको मावली स्थलको रूपमा देवदहलाई चिनिन्छ । उनकी आमा मायादेवी तथा सानी आमा प्रजापति गौतमीको जन्मस्थल साथै गौतम बुद्धकी पत्नी यशोधराको पनि जन्मस्थल देवदह भएको हुनाले यस क्षेत्रको ऐतिहासिक महत्त्व अत्याधिक रहेको छ । बुद्ध आफ्नो वाल्यकालकाको समय देवदहमा विताएका र देवदहमा रहँदा, बस्दा उनले धेरै ठुला साहसिक कार्य देखाएको हुनाले उनका मामा सुप्रावुद्धले आफ्नी छोरी यशोधरालाई गौतम

बुद्धसँग विवाह गराइ दिएको भनाइ पाइन्छ । देवदह क्षेत्र वरपर विभिन्न किसिमका ऐतिहासिक तथा पूरातात्त्विक वस्तुहरू भेटिएका छन् । बुद्धको मावली घरको प्रमाणित गर्न Oct-Dec 2011 मा लुम्बिनी विकास कोष (Lumbini Develpment Trust) र पुरातत्व विभाग (Department of Archaeology) ले केही कार्य गरेको पाइन्छ । कन्यामाई, वैरीमाइ, भवानीपुर, खयरडाँडा आदि सम्भावित क्षेत्र हुन सक्ने भनी पुरातत्वविद्ले भनेका जहाँ दरबार लगायत विभिन्न किसिमका अवशेषहरू, पुराना इटा, पर्खाल, भाडा कुँडाका टुक्राहरु, पानीको कुवा आदि भेटिएका छन् । Department of Aachaeology का Chief National Archives प्रकाश दर्नालका अनुसार पाँचौं शताब्दीमा Fasyan र सातौं शताब्दीको Whensang जस्ता यात्रीले लेखेको यात्रा वृत्तान्तमा त्यति बेला Cross-Cousin Marriage त्यति बेला प्रचलनमा थियो तसर्थ बुद्धको आमा मायादेवी र पत्नी यशोधरा एउटै कोलीय परिवारका थिए । यो कोलिय राज्य कपिलवस्तुको छिमेकी राज्य हो जुन लुम्बिनीको रोहीणी नदीको पूर्व र नारायणी नदीको पश्चिममा देवदहमा पर्छ (Himalayan Daily, Posted 2012-2-12) यसै गरी देवदह नगरपालिकाको उत्तरमा रहेको चुरे पर्वतको डाँडामा रहेको माथागढी पनि मध्ययूगिन किल्लाको रूपमा रहेको इतिहास छ । शक्ति पिठ मानिने यो क्षेत्र दृश्यावलोकनको लागि समेत महत्त्वपूर्ण छ । त्यसै गरि देवदह, पाकरी वृक्ष रोहीणी नदी लगायतका ऐतिहासिक तथा महत्त्वपूर्ण स्थलहरू समेत पर्यटकीय स्थलका रूपमा महत्त्वपूर्ण रहेका छन् । यहाँका थारु जातिको सघन बसोबास क्षेत्र पनि पर्यटन प्रबद्धनको निमित्त महत्त्वपूर्ण गन्तव्य हुन सक्तछ । पूर्व पश्चिम राजमार्गमा निर्माण पश्चात् सघन रूपमा बस्तीको विकास हुँदै जाँदा यहाँका विभन्नि ऐतिहासिक, पूरातात्त्विक तथा दर्शनीय र मनोरञ्जन तथा दृश्यावलोकनका लागि समेत विभिन्न स्थलहरूको निर्माण संरक्षण तथा सम्बर्द्धनको प्रयास हुन थालेको छ । साथै पुराना महत्त्वका क्षेत्र तथा वस्तुहरूको खोजी तथा अध्ययन अनुसन्धानका कार्यहरू हुँदै आइरहेका छन् ।

देवदह नगरपालिका ऐतिहासिक कालदेखिनै चर्चामा रहेको क्षेत्र हो। विभिन्न स्थानहरूमा भग्नावशेषका रूपमा रहेका र पुरिएका पूरातात्त्विक रूपले महत्त्वपूर्ण दरबारहरू, विभिन्न धार्मिक मठ मन्दिरहरू, सामाजिक तथा सांस्कृतिक धरोहरहरू साथसाथै हाल आएर दृश्यावलोकनका साथै मनोरञ्जन गर्न सकिने विभिन्न स्थलहरू समेत रहेको हुनाले पर्यटन विकासका लागि यो अत्यन्तै ठूलो सम्भावना वोकेको नगरपालिका हो ।

## ३.२ देवदहमा पर्यटक आगमन प्रवृत्ति

देवदह नगरपालिकामा ऐतिहासिक पूरातात्त्विक महत्त्वका थुप्रै क्षेत्रहरू रहेका छन् । प्राचीन समयमा पनि विभिन्न विदेशी यात्रीहरूले आफ्ना पुस्तकमा यसको चर्चा गरेको हुनाले पर्यटकहरूको आगमन प्राचीन समयदेखि नै भएको थियो भनी मान्न सकिन्छ । हाल लुम्बिनी आउने बौद्ध धर्मावलम्बीहरू देवदहको

भवानीपुरका साथै वैरीमाई, कन्यामाई लगायतका क्षेत्रमा आइरहन्छन् । यसको साथै थुप्रै विदेशी र स्वदेशी अध्ययन अनुसन्धान कर्ताहरू यस क्षेत्रमा वर्षेनी आइरहेका छन् । विशेष गरी आन्तरिक पर्यटकको रूपमा नेपालका थुप्रै क्षेत्रहरूबाट विद्यार्थीहरू लगायत अन्य मानिसहरू यस क्षेत्रमा आइ घुम्ने गरेका छन् । पुरातत्त्व विभाग तथा लुम्बिनी विकास कोषबाट पनि उत्खननका कार्यहरू हुँदै आइरहेको पाइन्छ । व्यवस्थित रूपमा पर्यटक आगमनको रेकर्ड नराखिएको कारणले गर्दा यसको तथ्याङ्क अभाव देखिन्छ । पूर्व पश्चिम राजमार्गको क्षेत्रमा परेको हुनाले पनि यातायातको सुगमता हुनाले आन्तरिक पर्यटक बढ्दै गएको पाइन्छ । यसको साथै बुटवल, भैरहवा जस्ता शहरहरू यसको नजिक परेको हुनाले पनि यो क्षेत्र ऐतिहासिक, पूरातात्त्विक क्षेत्रको भ्रमणका साथै मनोरञ्जनका लागि समेत आउने गरेको पाइन्छ ।

## ३.३ पर्यटन विकासका पूर्वाधारहरू

कुनै पनि पर्यटकीय गन्तव्यलाई विकास गर्न मुख्यतः आकर्षक आवास, आगमन सुलभता, आरामदायी सेवा सुविधा र अतिरिक्त क्रियाकलापको अवस्था र सम्भावनाका विश्लेषण गर्नुपर्दछ । यी सबै स्थितिको सम्मिश्रण राम्रो अवस्थामा भएमा मात्र उक्त गन्तव्य राम्रो मानिन्छ । दिगो पर्यटनका लागि यी तत्त्वहरूको प्रभावकारी र जिम्मेवारी पूर्ण तरिकाबाट आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणमा सकारात्मक प्रभाव रहने गरी व्यवस्थापन गरिएको हुनुपर्दछ ।

### ३.३.१ आकर्षण

देवदह नगरपालिका बौद्ध तथा हिन्दू धर्मावलम्बीहरूका लागि अति पवित्र स्थल हो । यहाँ विभिन्न किसिमका सम्पदाहरू रहेका छन् । ऐतिहासिक तथा धार्मिक आकर्षणका रूपमा भवानीपुर, वैरीमाई, कन्यामाई, देवदह, खयरडाँडा, माथागढी बंगला, बंगाली पाकरी वृक्ष, लोकेश्वर मन्दिर, रोहीणी नदी, दुर्गा पाञ्चायन मन्दिर मस्जिदहरू लगायत विभिन्न विहारहरू समेत रहेका छन् । मनोरञ्जनका रूपमा मायादेवी पार्क, देवदह पार्क, मदन आश्रित पार्क, देवदह, केउली पिकनीक स्थल, दाउन्ने पिकनिक स्थल आदि रहेका छन् । प्राकृतिक सौन्दर्य तथा जैविक विविधता अवलोकनका लागि माथागढी, देवदह, चुरे श्रेणी, लगायत विभिन्न वनजङ्गलहरू रहेका छन् । सांस्कृतिक आकर्षणका रूपमा थारु, मगर, नेवार, ब्राह्मण, क्षेत्रीका वस्तीहरू छन् । पदयात्राको रूपमा बुद्ध सर्किटमा लुम्बिनी, भवानीपुर, रामग्राम, पण्डितपुर, जोड्न सकिन्छ । त्यसै गरी खैरेनी, सरहनवारी-माथागढी, रोहीणी खोला-मुडावास-चरङ्गे-दलदले गाउँ रहेका छन् । होम स्टेको रूपमा भर्खरै सुरुवातमा रहेको सरहनवारी आर्कषणको केन्द्र बन्दै गएको छ । प्राङ्गारिक खेतीले पनि यसलाई आकर्षक वनाउदैं गएको छ । ताल तलैया र सीमसारको रूपमा देवदह, सातपत्रे क्षेत्र रहेको छ । यी पर्यटकीय स्रोतहरूको व्यवस्थित रूपमा स्याहार, सम्भार, संरक्षण र विकास गर्न नितान्त जरुरी रहेको छ ।

### ३.३.२ आगमन सुलभता

देवदह नगरपालिका यातायातको दृष्टिमा ज्यादै सुगम मानिन्छ । पूर्व पश्चिम राजमार्ग यो नगरपालिका हुँदै गएको छ जसको लम्बाई १२ कि.मी. छ । हवाई यातायात पनि यहाँदेखि करिव ३९ कि.मी. मा रहेको लुम्बिनी अन्तर्राष्ट्रिय विमान स्थल निर्माणाधिन छ । यो क्षेत्र तराई अन्तर्गत पर्ने हुनाले धेरै पक्की तथा कच्ची सडकहरूको सञ्जालले यो नगरपालिकामा छन् । यहाँबाट पूर्व राजधानी, पोखरा लगायत पश्चिमी नेपालतर्फ जाने बस तथा अन्य सेवा प्रदायक सडक यातायातका साधनहरूको सुलभता रहेको छ । विभिन्न दिवा तथा रात्री बसहरूको सुविधा उपलब्ध छ । पूर्व पश्चिम राजमार्गदेखि उत्तरतर्फ चुरे पर्वत रहेको हुनाले सो भाग हुँदै पाल्पा जिल्लाका विभिन्न गाउँमा जानको लागि कच्ची मोटरबाटो बनाइएका छन् । हालै मात्र देवदह नगरपालिका भित्रका पर्यटकीय सम्पदाको अवलोकनका लागि विद्युतीय इन्धनबाट चल्ने रिक्साको समेत व्यवस्था गरिएको छ ।

### ३.३.३ आवास

पर्यटन विकासको पूर्वाधारको रूपमा आवासको सबैभन्दा महत्त्वपूर्ण स्थान हुन्छ । पर्यटकका लागि बसोबास गर्ने सुविधा सम्पन्न होटल तथा लज, रेष्टुरेन्टका साथै धर्मशाला हुनु जरुरी हुन्छ । यस अनुसार नै देवदह नगरपालिकामा पनि विस्तारै सुविधा युक्त होटल तथा लज, रेष्टुरेन्टहरूको विस्तार हुँदै गइरहेको छ । यसका साथै विभिन्न ग्रामीण क्षेत्रमा पनि होम स्टे पनि हुनुपर्दछ । यहाँको सरहनवारीमा होम स्टेको रूपमा थोरै घरहरू तयार रहेका छन् । देवदह नगरपालिकामा रहेका सेवा सुविधा प्रदायकहरूको अवस्थालाई तालिका ३.१ मा देखाइएको छ ।

तालिका ३.१ : होटल तथा रेष्टुरेन्ट सम्वन्धी विवरण

| नम | ठेगाना | सुविधा | वास क्षमता | कैफियत |
|---|---|---|---|---|
| देवदह गेष्टहाउस | देवदह- ८, खैरेनी | खान, वस्न | १५ जना | |
| मधुवन गेष्टहाउस | देवदह- ८, खैरेनी | खान, वस्न | १५ जना | |

स्रोतः देवदह नगरपालिकाको अभिलेख तथा स्थलगत सर्वेक्षण, २०७१ ।

### ३.३.४ आरामदायी सेवा सुविधा

पर्यटकहरूका लागि विभिन्न किसिमका आरामदायी सेवा सुविधाको आवश्यकता पर्दछ । देवदह नगरपालिकाको विशेष गरी राजमार्ग क्षेत्र वरपर आरामदायी सेवा सुविधाहरू उपलब्ध छन् भने ग्रामीण क्षेत्रतर्फ यसको कमी रहेको छ । खैरेनी, शीतल नगर, भलुही बजार बढी सुगम भएकोले सञ्चार प्रविधि होटल

रेष्टुरेन्ट, साइबर क्याफे, फोन, प्रशोधित पानी, वित्तीय व्यवस्था, विजुली, स्वास्थ्य सुविधा, प्रहरी चौकी आदिको सुविधा रहेको छ भने अन्य ग्रामीण क्षेत्रमा आधारभूत सेवा सुविधा मात्र रहेको छ ।

### ३.३.५ अतिरिक्त क्रियाकलाप, मेलापर्व, मनोरञ्जन गतिविधि

पर्यटकको गतिविधिलाई बढाउनका लागि अतिरिक्त क्रियाकलाप, मेलापर्व तथा मनोरञ्जनका गतिविधिहरू पनि महत्त्वपूर्ण भूमिका हुन्छ । हरेक गतिविधि तथा क्रियाकलापको आफ्नै खालको महत्त्व रहेको हुन्छ । विभिन्न जातजातिका आफ्नै पर्व मेलाहरू हुन्छन् । विभिन्न मठ मन्दिरहरूमा समय समयमा मेलाहरू लाग्ने गर्दछन् । देवदह महोत्सव (औद्योगिक व्यापार मेला) कृषि, पर्यटन, उद्योगको विकासका लागि आयोजना गरिँदै आएको छ। यस क्षेत्रमा हुने विभिन्न अतिरिक्त क्रियाकलाप, मेला पर्व, मनोरञ्जन गतिविधिहरू तालिका ३.२ मा रहेका छन् ।

तालिका ३.२ :देवदह नगरपालिकामा प्रमुख जात्रा, मेला, महोत्सवहरू

| नाम | सञ्चालन स्थान | समय | उद्देश्य/विशेषता | कैफियत |
|---|---|---|---|---|
| देवदह महोत्सव | देवदह- ६, खैरेनी | फाल्गुण | औद्योगिक ब्यापार | १० दिन सञ्चालन |
| चैते दशैं महोत्सव | देवदह, ५ | चैत्र | परापुर्वकालबाट चलेको | एकदिन |

स्रोतः देवदह नगरपालिकाको अभिलेख तथा स्थलगत सर्वेक्षण, २०७१ ।

## ३.४ पर्यटन विकाससाग सम्बन्धित सङ्घ संस्थाहरू

देवदह नगरपालिकामा पर्यटन विकास तथा प्रबर्द्धन गर्नका लागि धेरै पहिले देखिनै विभिन्न सङ्घ संस्थाहरू अस्तित्वमा रहेको पाइन्छ । कतिपय सङ्घ संस्थाहरू खुलेर पनि विलाई सकेका छन् । हाल आएर नगरपालिकाको स्थापना पश्चात् नगरपालिका स्तरीय देवदह पर्यटन प्रबर्द्धन समिति रहेको छ भने विभिन्न क्षेत्र तथा स्थानहरूमा स्थानीय स्तरका समितिहरू रहेका छन् । पर्यटनसँग सम्बन्धित यी सबै संस्थाहरू बिच समन्वय र सहकार्य हुनु जरुरी हुन्छ । तब मात्र पर्यटनको विकासमा सहयोग पुग्न सक्दछ । नगरपालिका भित्र रहेका पर्यटनसँग सम्बन्धित सङ्घ संस्थाहरूलाई तालिका ३.३ मा रहेका छन् ।

तालिका ३.३: देवदह नगरपालिकामा पर्यटनसँग सम्वन्धित संघ संस्थाको विवरण, २०७२

| संस्थाको नाम | दता नं./ वर्ष | ठेगाना | अध्यक्षको नाम | फोन नं. |
|---|---|---|---|---|
| देवदह पर्यटन प्रर्बद्धन तथा विकास समिति | | देवदह न.पा. | नगरपालिकाका कार्यकारी अधिकृत | |
| कोलीय राज्य बुद्ध मावली | | देवदह ४, | चन्द्र बहादुर राना | ९७४६०३०४८८ |

| | | | | |
|---|---|---|---|---|
| क्षेत्र विकास समिति | | भवानीपुर | | |
| बुद्ध मावली संरक्षण केन्द्र | | देवदह १०, | | |
| देवदह क्षेत्र तथा पर्यटन विकास समिति | | | निलकण्ड पौडेल | |
| देवदह विकास केन्द्र देवदह प्रष्ठिान | | | रामचन्द्र पाण्डे | |
| देवदह डेभलपमेन्ट सोसाइटी | | | | |
| पाकरी संरक्षण समिति | | | | |
| बैरीमाई क्षेत्र विकास समिति | | | | |
| देवदह क्षेत्र विकास केन्द्र | | देवदह ८ | | |
| देवदह क्षेत्र तथा पश्चिम विकास समिति | | देवदह ६ | | |

स्रोतः देवदह नगरपालिकाको अभिलेख तथा स्थलगत सर्वेक्षण, २०७१ ।

## ३.५ पहिचान भएका प्रमुख पर्यटकीय सम्भावनाका क्षेत्रहरू

ग्रामीण पर्यटन नै नेपालको पर्यटनको मूल आधार हो । धार्मिक पर्यटन तथा पद यात्रा हाम्रो देशको परम्पारागत पर्यटन हो जसलाई पर्यटन नभनेर तिर्थयात्रा भनिन्छ । भने हाल आएर पर्वतारोहण पर्यटन, साहसिक पर्यटन, मनोरञ्जन पर्यटन, कृषि पर्यटन आदि जस्ता पर्यटनको समेत विकास भएको छ । देवदह र यसको वरपर ऐतिहासिक तथा पूरातात्त्विक, धार्मिक, पर्यटनको विकास प्राचीन समयदेखि नै हुँदै आइरहेको पाइन्छ भने हाल आएर विभिन्न नयाँ पर्यटनको समेत विकास भएको छ । यसरी अध्ययन गर्दा देवदह नगरपालिकामा निम्नानुसारको सम्भावित पर्यटनका क्षेत्रहरू रहेका छन् :

### ३.५.१ ऐतिहासिक तथा पूरातात्त्विक महत्वको पर्यटन

देवदह नगरपालिका ऐतिहासिक तथा पूरातात्त्विक सम्पदाहरू रहेको क्षेत्रको रूपमा चिनिएको छ । कोलिय राज्यको राजधानीको रूपमा रहेको यस क्षेत्रमा थुप्रै ऐतिहासिक दरबार, मठ मन्दिर, किल्ला लगायत धेरै ग्रामीण वस्तीहरू पूरातात्त्विक दृष्टिकोणले महत्त्वपूर्ण रहेका छन् । कतिपय क्षेत्रहरूमा नेपाल सरकारको पुरातत्त्व विभाग र लुम्बिनी विकास कोषले उत्खनन कार्य सञ्चालन गर्दै आएको छ भने कतिपय क्षेत्रलाई उत्खननका लागि संरक्षित क्षेत्रको रूपमा राखेको छ । कतिपय पुराना ऐतिहासिक तथा पूरातात्त्विक महत्त्वका क्षेत्रहरू पुरिएका छन् । पुरिएका त्यस्ता क्षेत्रहरुको अवस्था अथाह रुपमा मानिएको छ । ती सवै पूरातात्त्विक महत्त्वका क्षेत्रहरुको अविलम्ब आवश्यक छ । उत्खननको यो कार्य लम्बिदा संरक्षण तथा विकासको यथोचित उपाय नअपनाउदा बढी महत्त्वका वस्तुहरु हराउने, टुटफूट हुने संभावना बढी रहेको छ । पहिचान, उत्खनन्,

संरक्षण र विकास गर्नु नितान्त आवश्यक ती स्थलहरूको पहिचान, उत्खनन् संरक्षण र संबर्द्धन समयमै हुन सकेमा यहाँको पर्यटन विकास र विस्तार हुन सक्ने देखिन्छ । यहाँको पूरातात्त्विक र ऐतिहासिक सम्पदालाई तालिका ३.४ मा देखाइएको छ ।

तालिका ३.४: देवदह नगरपालिकाका ऐतिहासिक, पूरातात्त्विक सम्पदा

| नाम | ठेगाना | विशेषता | कैफियत |
|---|---|---|---|
| देवदह | देवदह-१०, देवदह | स्नान, पिकनिक स्थल, दृश्यावलोकन | |
| भवानीपुर | देवदह-४, भवानीपुर | पूरातात्त्विक, मायादेवी,मन्दिर, कुवा, कोलीय राज्यको महत्त्वपूर्ण स्थल | |
| खयरडाँडा | देवदह- १०, खयरडाँडा | भग्नावशेष -प्रचूरमात्रामा) | |
| माथागढी | देवदह-७ माथागडी | पुरानो किल्ला, भ्यूपोइन्ट | |
| कन्यामाई | देवदह-१० | पूरातात्त्विक क्षेत्र, मायादेवी मन्दिर | |
| बैरीमाई | देवदह-८ | पूरातात्त्विक क्षेत्र, प्रजापतीको मन्दिर | |
| पाकरीवृक्ष | देवदह-९, पाकरी गाउँ | विशाल बृक्ष -धार्मिक आस्था समेतको) | |
| बंगाली | देवदह-९, वंगाली गाउँ | | |
| बंगाला | देवदह-९, बंगाला गाउँ | पुरानो मन्दिर | |
| रोहिणी नदी | | ऐतिहासिक महत्त्वको नदी स्नानघाट | |
| शिसपुर | देवदह-४ | कठरीया थारु वस्ती | |

स्रोत: देवदह नगरपालिकाको अभिलेख तथा स्थलगत सर्वेक्षण, २०७१ ।




(नक्शा

४)

### ३.५.२ धार्मिक पर्यटन

देवदह नगरपालिकाले धार्मिक पर्यटनको दृष्टिले ज्यादै महत्त्वपूर्ण स्थान ओगट्दछ । पर्यटन क्षेत्रलाई सघाउने, सांस्कृतिक विशिष्टता तथा धार्मिक परम्पारहरूको संरक्षण एवम् प्रबर्द्धन गर्नु नितान्त आवश्यक छ ।

विश्वका बौद्धमार्गीहरूको लागि यो एक उत्कृष्ट पवित्र स्थल हो, जहाँ स्वदेशी र विदेशी मानिसहरू आउने गर्दछन् । यसका साथै हिन्दू धर्म मान्ने व्यक्तिहरूका लागि पनि विभिन्न पवित्र स्थलहरू रहेको कारण धार्मिक पर्यटनको विकासको सम्भावना रहेको छ । तसर्थ, यी धार्मिक सम्पदाहरूको व्यापक प्रचार प्रसार गर्न सके यस क्षेत्रको आर्थिक एवम् सामाजिक विकासले कोल्टे फेर्न सक्ने पर्याप्त सम्भावना रहेको छ । तालिका ३.५ मा देवदह नगरपालिकाका प्रमुख धार्मिक स्थलहरू देखाइएको छ ।

तालिका ३.५: देवदह नगरपालिकाका प्रमुख धार्मिक स्थलहरू

| मन्दिरको नाम | ठेगाना | विशेषता | कैफियत |
|---|---|---|---|
| मायादेवी | देवदह-४, भवानीपुर | पूरातात्त्विक, मायादेवी,मन्दिर, कुवा, कोलीय राज्यको महत्त्वपूर्ण स्थल | |
| माथामाई | देवदह-७ माथागढी | पुरानो किल्ला, भ्यूपोइन्ट | |
| कन्यामाई | देवदह-१० | पूरातात्त्विक क्षेत्र, मायादेवी मन्दिर | |
| बैरीमाई | देवदह-१० | पूरातात्त्विक क्षेत्र, प्रजापतीको मन्दिर | |
| लोकेश्वर | देवदह-६ | विवाह, ब्रतबन्ध लगाएतका कर्मकाण्ड | |
| दुर्गा पाञ्चायन | देवदह-८, शितलनगर | शक्ति पिठ | |
| श्री महाकाली शक्तिपीठ | देवदह-८, शितलनगर | .. | |
| मस्जिद | देवदह -१, विर्ता | इस्लाम धर्मावलम्वीहरुको आस्थाको केन्द्र | |
| बुद्ध गुम्वा | देवदह -९, बंगाली | | |
| शिव मन्दिर | देवदह -३, टटेरा | | |
| दुर्गा मन्दिर | देवदह -३, टटेरा | | |
| बुद्धज्योति ज्ञान विहार | देवदह -३, टटेरा | | |
| धर्मोदय विहार | देवदह ८, शितलनगर | | |
| कालिका मन्दिर | देवदह ८, सगरमाथा चोक | | |
| कालिका मन्दिर | देवदह ८, शितलनगर | | |
| केटीया देवी मन्दिर | देवदह- ८, घोडाहा | | |
| चर्च | देवदह- ८, मदनग्राम | | |
| छोर्तेन (तामाङ) | देवदह, ९ | | |
| थारु ड्यूहार | देवदह, ३ शिसपुर | | |
| थारु दिवार | देवदह, ९, वंगाला/ पाकडी | | |
| | | | |

स्रोतः देवदह नगरपालिकाको अभिलेख तथा स्थलगत सर्वेक्षण, २०७१ ।




(नक्शा ५)

### ३.५.३ सांस्कृतिक पर्यटन

नेपाल एक बहुधार्मिक, बहु सांस्कृतिक, बहुजातीय देश हो । देवदह नगरपालिकामा पनि विभिन्न धर्म, संस्कृति र जात जातीका मानिसहरूको सम्मिश्रण स्थल हो, जहाँ सहिष्णुताका साथ मानिसहरु मिलेर सद्भाव

पूर्ण रुपमा बसोबास गरेको पाइन्छ । यहाँका विभिन्न जातहरुमा थारु, मगर, नेवार, ब्राह्मण, क्षेत्री आदिका आफ्नै तरिकाका लवाइ खवाइ, रहन सहन, चाडपर्व, पूजा आजा, भाषा, धर्महरू रहेका छन् । ती पर्यटनका दृष्टिले सम्पदाहरू हुन, तिनीहरुको संरक्षण, संवर्द्धन र प्रचार प्रसार गर्न सकेमा सांस्कृतिक पर्यटनको विकास हुन सक्ने यथेष्ठ सम्भावना रहेको छ । तालिका ३.६ मा यस क्षेत्रमा रहेको सांस्कृतिक पर्यटन सम्बन्धी विवरण रहेको छ ।

तालिका ३.६: सांस्कृतिक पर्यटन (विभिन्न जात जातीका पूजा आजा चाडपर्व) विवरण

| जातीको नाम | पूजाआजा | उद्देश्य | स्थलको नाम | कैफियत |
|---|---|---|---|---|
| मगर | दर्शै, तिहार, तिज | | | |
| थारु | माघी, आत्तवारी दशैं | | | |
| ब्राम्ह्ण /क्षेत्री | दर्शै, तिहार, तिज | | | |
| नेवार | दर्शै, तिहार, तिज | | | |
| मुसलवान | महरम, इद, बकरइद | | | |
| हिन्दू मधेशी | गुडिया, कृष्णष्टमी, खिचडी | | | |

स्रोतः देवदह नगरपालिकाको अभिलेख तथा स्थलगत सर्वेक्षण, २०७१ ।

### ३.५.४ ग्रामीण पर्यटन

नेपालमा पर्यटनको क्षेत्रमा भर्खरै विकास भएको पर्यटनको रूपमा ग्रामीण पर्यटनलाई मान्न सकिन्छ । नेपालमा धेरै ग्रामीण वस्तीहरू छन् । ती ग्रामीण वस्तीहरूमा स्वदेशी तथा विदेशीहरूले अध्ययन, अवलोकन तथा मनोरञ्जनका लागि ग्रामीण क्षेत्रमा गएर अनुभव लिने गरेको पाइन्छ । देवदह नगरपालिकामा पनि विभिन्न जातीय समुदाय रहेका छन् । विशेष गरी मगर र थारु समुदायको वस्तीमा होम स्टेको रूपमा विकास गर्न सके स्थानीय समुदायको आय आर्जनका साथै आउने पाहुनाहरूको निमित्त पनि अध्ययन अवलोकनका साथै मनोरञ्जन समेत हुने कारणले गर्दा यसको विकास गर्न सकिने सम्भावना रहेको पाइन्छ । यस क्षेत्रमा ग्रामीण पर्यटनको रूपमा होम स्टे सञ्चालन भइरहेका र हुन सक्ने सम्भावना रहेका गाउँहरूलाई तालिका ३.७ मा देखाइएको छ ।

तालिका ३.७: प्रमुख संचालित र सम्भावना रहेका होम स्टे गाउँहरू

| स्थान | ठेगाना | सञ्चालित कार्य | कैफियत |
|---|---|---|---|
| सरहनवारी | देवदह ७, | होम स्टे, कृषि पर्यटन | सम्भावना |
| शिसपुर | देवदह, ३ | होम स्टे, कृषि पर्यटन | सम्भावना |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

### ३.५.५ पदयात्रा पर्यटन

नेपालमा हालसम्म पदयात्रा पर्यटनको रूपमा मुलतः हिमाली क्षेत्र मात्र संलग्न रहेको पाइन्छ । पदयात्रा पर्यटन व्यवस्थित रूपमा पहाडी र तराइ क्षेत्रहरूमा सञ्चालन हुन सकेको छैन । हिमाली क्षेत्रमा अत्यधिक चापको कारणले गर्दा वातावरणीय सन्तुलनमा समेत असर पर्न थालिसकेको छ । यसरी पहाडी तथा तराइमा पदयात्रा पर्यटनको विकास गर्न सके आय आर्जन र रोजगारीका अवसर सिर्जना हुन सक्दछ । देवदह नगरपालिकामा पनि धार्मिक पद यात्रा तथा मनोरञ्जनका लागि हाइकिङ र पदयात्रा गर्ने सम्भावनाका क्षेत्रहरू रहेका छन् । धार्मिक पदयात्राको लागि बुद्ध जन्मस्थल लुम्बिनीसँग जोडी बुद्धकालिन आवत जावतका शैलिमा पदयात्रा मार्ग सञ्चालन गर्न सकिने अचुक सम्भावना छ । साथै यो अत्यन्त आकर्षक र व्यापक सहभागीतामा प्रबर्द्धन हुन सक्ने पनि छ । यसको लागि धार्मिक पर्वको सन्दर्भ, मौसम र दिनानुदिनको सहज समय सारिणी सहितको प्याकेज गराउदाँ विश्वकै उत्कृष्ट मध्यकै धार्मिक पदयात्रा गन्तव्य वन्न सक्ने छ ।




समथर तराईबाट उत्तरतर्फ रहेको चुरे पहाडमा पुगी तराई, पहाड र हिमालका मनोरम दृश्य हेर्न सकिनुका साथै सूर्योदय र सूर्यास्तका दृश्यहरू देख्न सकिने हुँदा पदयात्रा पर्यटनलाई विकास गर्नु जरुरी देखिन्छ । यो पदयात्रा पर्यटनले तराईको व्यापक क्षेत्र लगाएत उत्तरी भारतका बस्तीहरुका मानिसहरु विच रहेको एकाङ्की पन तोड्न महत्त्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ । तसर्थ यो गन्तव्य धार्मिक, पुरातात्त्विक, सांस्कृतिकका साथै प्राकृतिक दृश्यावलोकनका निमित्त समेत महत्त्वपूर्ण रहन सक्तछ । नगरपालिकामा पहिचान गरिएका प्रमुख पदमार्गहरू तालिका ३.८ मा देखाइएको छ ।

तालिका ३.८: देवदह नगरपालिकाका प्रमुख पदमार्गहरू

| पदमार्गको नाम | ठेगाना | हालको स्थिति | कैफियत |
|---|---|---|---|
| खैरेनी-माथागढी | खैरेनी-सरहनवारी-माथागढी-दाउन्ने -खैरेनी | | |
| रोहीणी - दलदले | रोहीणी खोला -चरङ्गे -मुढाबास- दलदले गाउँ | | |

| | | | |
|---|---|---|---|
| पर्यटकीय ११ स्थल | देवदह नगरपालिका भित्र | | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१।




(नक्सा

६)

### ३.५.६ साहसिक पर्यटन

पर्यटन विकासको महत्त्वपूर्ण पक्ष मध्ये साहसिक पर्यटन पनि महत्त्वपूर्ण मानिन्छ । नेपालमा पर्यटन विकासको सुरुआत पनि साहसिक पर्यटन (पर्वतारोहणबाट सुरु भएको हो । साहसिक पर्यटनको रूपमा हाल आएर नदीहरूमा गरिने र्‍याफ्टिङ, अग्लो भागबाट उड्ने प्याराग्लाइडिङ, नदीका कहाली लाग्दा खोँचहरूमा गरिने बन्जी जम्प, पहाडी भागमा गरिने माउन्टेन बाइकिङ, झरनाहरूमा गरिने क्यानोइङ, पहराहरूमा गरिने रक क्लाइम्बिङ, आदि रहेका छन् । देवदह नगरपालिकामा पनि विशेष गरी चुरे श्रृङ्खलामा माउन्टेन बाइकिङ, जङ्गल सफारी, रक क्लाइम्बिङ, प्याराग्लाइडिङ जस्ता साहसिक पर्यटनको सम्भावना रहेको छ । यसको विस्तृत अध्ययन गर्न जरुरी छ । नगरपालिकामा रहेका साहसिक पर्यटनका क्षेत्रहरूलाई तालिका ३.९ मा देखाइएको छ ।

**तालिका ३.९: साहसिक पर्यटन**

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१ ।

### ३.५.७ मनोरञ्जन पर्यटन

पर्यटकहरू मनोरञ्जनका लागि नै एक ठाउँबाट अर्को ठाउँमा आउने गर्दछन् । तसर्थ, पर्यटकहरूलाई मनोरञ्जनको रूपमा विभिन्न किसिमका पर्यटकीय स्रोतको विकास गर्न जरुरी हुन्छ । देवदह नगरपालिकामा पनि मनोरञ्जन पर्यटन विकास गर्नका लागि धेरै स्थलहरू संचालन र सम्भावनामा रहेका छन् । मनोरञ्जन पर्यटन विकासका लागि विभिन्न स्थानहरूमा पार्कहरूको व्यवस्था र तिनीहरूको संरक्षण संबर्द्धन गर्न जरुरी हुन्छ । त्यसै गरी विभिन्न स्थानहरूमा क्याम्प साइटको पनि व्यवस्था गर्नु पर्छ । यो क्षेत्र राजमार्ग तथा सडक यातायातको दृष्टिले सुगम भएकोले विभिन्न क्षेत्रबाट वनभोज खानका लागि मानिसहरू आउने गरेका छन् । तसर्थ त्यस किसिमका वनभोज स्थलमा आवश्यक सेवा सुविधाको विकास गर्नु जरुरी हुन्छ । खेलकुदका लागि पनि विभिन्न क्षेत्रमा खेल मैदानहरू रहेका छन् भने, त्यस्ता खेलकुद मैदानमा सञ्चालन गरिने विभिन्न गतिविधिहरूले पनि पर्यटन क्षेत्रको विकास गर्दछन् तालिका ३.१० मा देवदह नगरपालिकामा रहेका मनोरञ्जन पर्यटनका स्थलहरू देखाइएको छ ।

तालिका ३.१०: देवदह नगरपालिकामा रहेका मनोरञ्जन पर्यटन स्थल

| नाम | ठेगाना | हालको स्थिति | कैफियत |
|---|---|---|---|
| मायादेवी पार्क | देवदह- ९, | | |
| देवदह पार्क | देवदह -८, खैरेनी | व्यवस्थित | |

| | | | |
|---|---|---|---|
| केउली पिकनिक स्थल | देवदह-७,केउली | | |
| वोटानिकल गार्डेन | | | |
| चिसापानी पिकनिक स्थल | देवदह -८ , चिसापानी | | |
| दाउन्ने पिकनिक स्थल | देवदह -७ , दाउन्ने | | |
| मदन आश्रित पार्क | देवदह -८ , शितलनगर | | |
| सृष्टि वस पार्क | देवदह ४ भवानीपुर | | |
| सृष्टि सा.व. पिकनिक स्थल | देवदह ४ भवानीपुर | | |
| सृष्टि सा.व. खेलकुद मैदान | देवदह ४ भवानीपुर | | |
| खेल मैदान | देवदह ७, शिवालय टोल | | |
| शिवालय वाटिका | देवदह ७, शिवालय टोल | | |
| खेलमैदान | देवदह ६, पानवारी | | |
| क्रिकेट मैदान | देवदह ८ | | |
| सातपत्रे सीमसमर | देवदह १०, बुद्धनगर | | |

स्रोतः देवदह नगरपालिकाको अभिलेख तथा स्थलगत सर्वेक्षण, २०७१ ।




(नक्शा ७)

### ३.५.८ कृषि पर्यटन

पर्यटनका विविधीकरण मध्ये कृषि पर्यटन हालै नयाँ पर्यटकीय गतिविधि हो । देवदह नगरपालिकामा जैविक कृषि प्रणालीमा आधारित कृषि पर्यटनको विकास गर्न सके राम्रो सम्भावनाको रूपमा पर्यटनको विकास

हुनसक्छ । हाल आएर रोपाई महोत्सवको व्यापक प्रचार प्रसार र पर्यटकीय गतिविधिको रूपमा सञ्चालन हुँदै आएको छ । स्थानीय परम्परागत तरिकाको खेतीवाली लगाउने, थन्क्याउने समयमा पर्यटकहरूलाई संलग्न गराउन सके उनीहरूलाई अध्ययन अवलोकनका साथै मनोरञ्जन समेत दिन सकिन्छ । विशेष गरी हाल आएर १ गाऊँ १ उत्पादन कार्यक्रमले व्यापकता लिँदै आएको छ । यस अनुसार यस क्षेत्रका ग्रामीण वस्तीहरूमा प्रभावकारि रुपमा के उत्पादन गर्न सकिन्छ ? सो को अध्ययन हुनु जरुरी छ । हाल सरहनबारीमा जैविक खेतीको रूपमा गरिएको सिमी खेतीको प्रचार भइरहेको छ साथै यसलाई अझ व्यापकता दिन जरुरी छ । त्यस्तै गरी ………….क्षेत्रमा दुग्ध व्यवसायलाई पनि पर्यटनको रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ । विशेष गरी देवदह नगरपालिकाका ……. जस्ता क्षेत्रमा गाइ पाल्ने क्रियाकलाप भइरहेको छ । यसबाट उत्पादन भएको दुधबाट विभिन्न किसिमका दुग्धजन्य वस्तु प्रशोधन तथा तयारी उत्पादन गरी राजमार्गसँगै दुग्धजन्य वस्तुको कोसेली घरमा राखी विक्री वितरण गर्नु नितान्त जरुरी छ । हाल भइरेहेको प्रयत्न सह्रानिय छ । यसको निरन्तरता र व्यापकतातर्फ गम्भिर ढङ्गले लाग्नु अपरिहार्य छ । यसले गर्दा यो क्षेत्रको चिनारीका साथै आय आर्जनमा समेत टेवा पुग्न सक्दछ ।

### ३.५.९ वन तथा पर्यापर्यटन

दिगो पर्यटन विकासको प्रमुख आधार वातावरण मैत्री अर्थात् पर्यापर्यटन हो । प्रकृति र संस्कृतिको संरक्षण र सम्बर्द्धन विना राष्ट्रले पर्यटनलाई दिगो रूप दिन सक्दैन । तसर्थ देशका हरेक पर्यटकीय स्थल तथा सम्भावना स्थलहरूमा प्रकृत्ति र संस्कृतिको संरक्षण गर्दै पर्यटन विकास गर्नु पर्दछ। देवदह नगरपालिकामा पनि राजमार्गदेखि उत्तरतर्फ घना जङ्गल रहेको छ । ती वनमा रहेका विभिन्न किसिमका वनस्पतिहरूको अध्ययन, अनुसन्धान हुन जरुरी छ । विभिन्न किसिमका सुनगाभाहरूको पहिचान। संरक्षण र विकास हुन सके पर्यटनको विकासमा थप टेवा पुग्न सक्ने देखिन्छ । यसैगरी वन क्षेत्रभित्र रहने किराफट्याङ्ग्रा, घस्रने जीवजन्तु, विभिन्न पुतलीहरू साथै ठुला जनावरहरूको पनि अध्ययन अनुसन्धान भई प्रचार प्रसार गर्न सके पर्यटन प्रबर्द्धनका लागि अरू ठूलो सहयोग पुग्न सक्छ ।

### ३.५.१० जात्रा, मेला तथा महोत्सव

विभिन्न अवसरमा लगाइने/मनाइने जात्रा, मेला तथा महोत्सवले पनि पर्यटनको विकासमा अग्रणी भूमिका खेल्छ । स्थानीय कला, संस्कृति, खानाका परिकारका साथै सम्पदा र स्थान परिचालनको लागि समेत मेला महोत्सवको भूमिका महत्त्वपूर्ण हुन्छ। देवदह नगरपालिकामा मनाइने प्रमुख जात्रा, मेला तथा महोत्सवलाई तालिका ३.११ मा देखाइएको छ ।

तालिका ३.११: देवदह नगरपालिकाका प्रमुख जात्रा, मेला तथा महोत्सव

| नम | सञ्चालन स्थान | समय | उद्देश्य/विशेषता | कैफियत |
|---|---|---|---|---|
| देवदह तेस्रो महोत्सव | देवदह- ६, खैरेनी | फाल्गुण, २०७१ | औद्योगिक ब्यापार | १० दिन सञ्चालन |
| देवदह दोस्रो महोत्सव | देवदह- ६, खैरेनी | | बुद्ध मावलीको प्रचार प्रसार | |
| देवदह महोत्सव | देवदह- ६, खैरेनी | | | |
| | | | | |

स्रोतः देवदह नगरपालिकाको अभिलेख तथा स्थलगत सर्वेक्षण, २०७१ ।

## ३.६ पर्यटन प्रशिक्षित जनशक्ति

पर्यटनको विकासका लागि यससँग सम्बन्धित दक्ष जनशक्तिको आवश्यकता पर्दछ । विशेष गरी विभिन्न पर्यटकीय स्थलहरूको बारेमा राम्रो जानकारी भएका पथ प्रदर्शकहरूको व्यवस्था हुनुपर्छ, जसले यहाँको पूरातात्त्विक तथा ऐतिहासिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक स्थितिको बारेमा यर्थाथ वर्णन गर्न सकुन् । यसै गरी भाषाको पनि जानकारी भएका, होटल, रेष्टुरेन्ट, होम स्टे, ट्रेकिङ, ट्राभल एजेन्सीमा सम्बन्धित सेवाको तालिम प्राप्त जनशक्ति हुनु अनिवार्य हुन्छ ।

## ३.७ पर्यटन विकासका सबल र कमजोर पक्ष

देवदह नगरपालिका ऐतिहासिक तथा पूरातात्त्विक दृष्टिले सम्पन्न नगरपालिका हो । यसका साथै सामाजिक, सांस्कृतिक र प्राकृतिक दृष्टिले पनि यो नगरपालिका सम्पन्न छ । पर्यटन विकासका लागि पनि धेरै पहिलेदेखि प्रयासहरू हुँदा हुँदै पनि यसले द्रुततर गति लिन सकिराखेको छैन । हाल आएर केरवानी र देवदह गा.वि.स. हरूलाई समेटी देवदह नगरपालिकाको घोषणा पश्चात् र समग्र देशले नै पर्यटनलाई विकास र विस्तार गरी आय आर्जनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने सम्भावना देखेर नै विभिन्न नीति तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको अवस्थामा यस नगरपालिकाले पनि पर्यटन विकासका लागि पूर्वाधार निर्माण, विभिन्न तालिम गोष्ठी, गुरुयोजना निर्माण जस्ता कार्य गरी अगाडि बढ्ने जमर्को गरिरहेको छ। तसर्थ पर्यटन विकासको क्रममा वामे सर्दै गरेको यस नगरपालिकाका सबल पक्ष र कमजोर पक्ष यस प्रकार देख्न सकिन्छ :

**सबल पक्षहरू**

- ऐतिहासिक तथा पूरातात्त्विक स्थलहरू जस्तै भवानीपुर, देवदह, कन्यामाई, वैरीमाई, खयरडाँडा, माथागढी, पाकरी आदि यसै नगरपालिका भित्र रहनु ।
- यातायातको दृष्टिले पूर्व पश्चिम राजमार्ग यही नगरपालिका हुँदै जानु साथै विभिन्न पक्की तथा कच्ची सडकसञ्जालले पर्यटकीय स्थलहरुलाई जोड्नु । अन्तर्राष्ट्रिय विमान स्थल पनि नजिकै निर्माणधिन हुनु ।

- बुद्ध जन्मस्थल लुम्बिनीको नजिक मात्र हैन कुटुम्ब स्तरको सम्बन्ध कायम हुनु ।
- चारकोशे झाडी लगायत चुरे पर्वतको जङ्गल सहितको श्रेणीबाट दृश्यावलोकन गर्न सकिने साथै वन्यजन्तु र वनस्पतिको अध्ययन अनुसन्धान गर्न सकिनु ।
- बेला बेलामा विभिन्न किसिमका मेला, जात्रा, महोत्सवको सञ्चालन गरिनु ।
- देवदह, सातपत्रे जस्ता जलायस तथा सिमसार क्षेत्र लगायत अन्य जङगल क्षेत्रहरुमा जैविक विविधता पाइनु ।
- विभिन्न किसिमका पर्यटकका लागि आवश्यक सेवा सुविधाको क्रमशः विकास हुँदै जानु ।
- ग्रामीण पर्यटनको रूपमा होम स्टे कार्यक्रमको सञ्चालनतर्फ अग्रसर हुनु ।
- विभिन्न धार्मिक, मठ, मन्दिर, मस्जिद, चर्च लगायत पार्क, पिकनिक स्थलहरूको व्यवस्था हुनु ।
- यहाँको पर्यटन विकासका लागि नगरपालिका, स्थानीय सङ्घ संस्था, राजनैतिक दलको आपसी समन्वय राम्रो हुनु ।
- पुरातत्व विभाग र लुम्बिनी विकास कोषले यस क्षेत्रलाई आफ्नो सेवा क्षेत्र भित्र पार्नु ।

**कमजोर पक्षहरू**

- पर्यटन, वातावरण र सरसफाई सम्बन्धी जनचेतनाको कमि ।
- कतिपय ऐतिहासिक, पूरातात्त्विक महत्त्वका क्षेत्र तथा विषयहरू पुरिँदै, पुर्दै वा लोप हुँदै जानु वा संरक्षण नगरिनु वा अत्यन्त ढिलापन रहनु ।
- उत्खनन गरेर भेट्टिएका वस्तुहरूलाई संरक्षण गरी सङ्ग्रहालय बनाएर यही क्षेत्रमा राख्न नसक्नु ।
- पर्यटन सूचना केन्द्र, होम स्टे तालिम, पर्यटक गाइड तालिम आदि जस्ता विषयमा तालिम जानकारी नदीइनु ।
- पर्यटकीय गन्तव्यका स्थानहरूमा व्यवस्थित आवास, खाना तथा अन्य सेवा सुविधाको अभाव ।
- नगरपालिकामा दिगो पर्यटन विकासका लागि सम्पूर्ण पर्यटनसँग सरोकार राख्ने सङ्घ संस्था र आम जनसमुदायको विचमा समन्वय र सहकार्यको कमि ।
- पर्यटन व्यवसायहिरूमा आवश्यक पेशागत सिप तथा दक्षताको कमी ।
- उपलब्ध पर्यटकीय सम्पदाको व्यवस्थापन र बजारीकरणमा कमी ।

- महत्त्वपूर्ण पर्यटकीय सम्पदाको खोज पहिचान र विकास तथा पदमार्गमा बाटो, दुरी, स्थान आदि सूचना संकेतको अभाव ।
- स्थानीय विशेषतानुसार एक गाउँ एक उत्पादनको अवधारणालाई अपनाउँदै कृषि पर्यटनमा जोड दिन नसक्नु ।
- कतिपय स्थानहरूमा पर्यटन विकासका लागि आवश्यक पानी, विद्युत र उपभोग्य वस्तु समेतको नियमित आपूर्ति व्यवस्थाको अभाव ।

## ३.८ पर्यटन विकासका अवसर तथा चुनौतीहरू

देवदह नगरपालिका प्राचीन कालदेखि नै एउटा महत्त्वपूर्ण क्षेत्र थियो । कोलिय राज्यको राजधानी मानिने देवदहमा बुद्धकालिन समय र सो भन्दा अगाडि देखिका पूरातात्त्विक र ऐतिहासिक संरचनाहरू पुरिएर रहेका छन्, जसको उत्खनन कार्य सञ्चालन गर्नसके यो क्षेत्र पर्यटनका लागि महत्त्वपूर्ण गन्तव्य बन्न सक्ने अपूर्व अवसर छ । पूर्व पश्चिम राजमार्ग र यससँग जोडिएका नगरभित्रका सडक सञ्जालले पनि यसमा सहयोग पुऱ्याएको छ । तराइ क्षेत्र, नजिकै बढी जनसङ्ख्या रहेका शहरहरू भएको कारण पर्यटकीय सम्पदाहरूको उचित स्याहार संहार साथै सेवा सुविधा दिन सकेमा पर्यटकको आगमन निश्चित छ साथै पर्यटन व्यवसायले जनताको जीवनस्तरमा समेत टेवा पुग्न सक्ने देखिएको छ । यहाँको राजनीतिक दल साथै नगरपालिका भित्रका सरकारी र अन्य सङ्घ संस्था, स्थानीय जनसमुदायको पर्यटन गतिविधिसँग जोडिएको चासोले गर्दा पनि पर्यटनको विकास गर्न सकिने देखिन्छ । पर्यटकका लागि सेवा दिने खालका होटल, रेष्टुरेन्ट, ऊर्जा, सञ्चार, इन्टरनेट सहितका सूचना प्रविधिहरूको उपलब्धता बढ्दै गएको हुनाले पर्यटन विकासको अवसर रहेको छ ।

यी अवसरहरू हुँदा हुँदै पनि हाल युवाहरू विदेश पलायन हुन थालेको यो समयमा स्थानीय उद्यमी व्यवसायीहरूको अभाव हुन सक्ने, पर्यटनबाट प्राप्त लाभलाई समुदायका सबै वर्गमा न्यायोचित वितरण हुन नसक्नु, स्थानीय कतिपय पर्यटकीय गन्तव्यका क्षेत्रमा पूर्वाधारहरूको व्यवस्थित विकास गर्नु पर्ने, ऐतिहासिक, पूरातात्त्विक वस्तुहरुको चोरी, तस्करी वृद्धि हुँदै जानु, स्थानीय मौलिक संस्कृति, परम्परा, चाडपर्वहरूको संरक्षण हुन नसक्नु, पूरातात्त्विक महत्वका क्षेत्रहरूको उत्खननमा पुरातत्व विभाग र लुम्बिनी विकास कोषबाट ढिलासुस्ती गरिनु, देवदह क्षेत्रको पर्यटन विकासमा राज्य र यसका सम्बन्धित निकायहरूको न्यून पहलकदमी रहनु जस्ता चुनौतीहरू रहेका छन् ।

# परिच्छेद-चार
# प्रस्तावित पर्यटन योजना तर्जुमा

## ४.१ पृष्ठभूमि

मानव कल्याणको हितमा समर्पित विशिष्ट स्तरको ज्ञान दिने व्यक्ति तयार पार्न तथा उत्कृष्ट संरक्षण दिन सक्षम बुद्धको मावली घर मानिएको भवानीपुर र त्यसका आसपासका प्राकृतिक सांस्कृतिक स्थलहरु बुद्धका वाल्यकालका अश्रय स्थल र बर्तमानका पवित्र भू-भागहरु हुन् । बुद्ध जन्मेको, बुद्धत्व प्राप्त गरेका स्थान जस्तै उनि हुर्के बढेको स्थल पनि पवित्र स्थलको रुपमा मानिएको छ । बुद्ध जस्तो महान सपुत जन्मदिने आमा मायादेवी र उनलाई मातृ वात्सल्य दिई हुर्काउने प्रजापति (सानीआमा) को सम्मान गर्दै निर्माण गरिएका कन्यामाई, बैरीमाई मन्दिरहरु, बुद्धले वाल्यकालमा स्नान गरेका पवित्र रोहिणी नदी, पौडी खेल्ने देवदह आदि स्थानहरु बुद्धमार्गी तथा हिन्दु दुवै थरिका नीम्ति महत्त्वपूर्ण तिर्थस्थलहरु हुन् । विगत २५०० वर्ष पूर्वबाट अनुशरण गर्दै आइएको बुद्ध धर्ममा लुम्बिनीलाई मात्र महत्त्व दिनुले र बुद्धसँग जोडिएका देवदह नगरपालिका अन्तर्गत पर्ने स्थानहरुलाई कम वास्ता गर्दा न्याय गरेको ठहरिदैंन । सिद्धार्थको वाल्यकालसँग सम्वन्धित मात्र नभएर उनकी जन्मदिने आमा मायादेवी, पालनकर्ता सानीआमा प्रजापति गौतमी र पत्नी यशोधरा समेतको वाल्यकाल लगायत शुभविवाह पूर्वको जीवन व्यतित भएको ठाँउ देवदह कसरि कम महत्त्वको हुन सक्छ ? यी स्थलहरुको पवित्रताको महत्त्व प्रथमतः लुम्विनी विकास क्षेत्रसँग सँगसँगै लैजानु अनिवार्य र अपरिहार्य छ । देवदहमा रहेका यी स्थलहरुको पूरातात्त्विक उत्खननन, योजनाबद्ध विकास र ब्यापक प्रचार प्रसार गरी यस्ता स्थलहरुको ऐतिहासिक र धार्मिक महत्त्व उजागर गर्नु अनिवार्य छ । यहाँको पूरातात्त्विक र ऐतिहासिक पक्षलाई आत्मसाथ गर्दै भौतिक विकासको लागि सर्वप्रथम योजनाबद्ध खाका निर्माण गर्दा यहाँको दिगो विकास गर्न सजिलो हुने र धार्मिक तथा पर्यटकीय विकास गर्न संभव पनि देखिन्छ । देवदह नगरपालिका क्षेत्रभित्र प्राकृतिक सुन्दरता, ऐतिहासिक तथा धार्मिक रुपमा पवित्र स्थलका रुपमा रहेका थुप्रै स्थानहरु छन् । यहाँ विद्यमान पर्यटकीय दृष्टिले महत्त्वपूर्ण ठानिएका स्थानहरु मध्ये विभिन्न छलफल गोष्ठीहरुबाट निर्धारण तथा छनौट भएका स्थानहरुको पर्यटकीय योजनाको विस्तृत खाका र योजना कार्यान्वयनको आधारहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छः

### ४.२ भवानीपुर

#### ४.२.१ ऐतिहासिक पृष्ठभूमि तथा पूरातात्त्विक महत्त्व

तत्कालिन समयमा कोलीय राज्य अर्न्तगत पर्ने भवानीपुर हाल देवदह नगरपालिका वडा नं. ४ मा पर्दछ । पुरानो इनार, रहस्यमय पत्थर रहेको यस स्थलमा मायादेवीको मन्दिर, शिव मन्दिर निर्माण गरिएको छ । पूरातात्त्विक विभागले मायादेवी मन्दिर नजिक उत्खनन गर्दा प्राप्त भएका मूर्तिका विभिन्न आकृतिहरु मन्दिर अगाडि राखिको छ । १०८ बटा पिपलका बृक्षहरु -बोधी बृक्ष) लहराई रहेको यो स्थान धार्मिक, प्राकृतिक र सांस्कृतिक रुपमा अतिनै महत्त्वपूर्ण मानिन्छ । बुद्ध धर्मावलम्बीहरुले मठमा पुजा गर्ने भए पनि बुद्धकी आमाको सम्झनामा निर्माण गरिएको मायादेवी मन्दिरले यहाँको धार्मिक पबित्रताको अनुपम उदाहरण प्रदान गरेको छ ।

#### ४.२.२ वर्तमान अवस्था

चुरे श्रेणीको दक्षिण समतल मैदान अन्तर्गत रहेको भवानीपुर, देवदह नगरपालिका वडा नं. ४ मा पर्दछ । यो स्थानलाई पुरानो वस्तीको रुपमा पनि चिनिन्छ । यसको भौगोलिक अवस्थिति २७° ३७’ २४” उत्तरी अक्षांश र ८३° ३३’ ५८” पूर्वी देशान्तरमा अवस्थित छ ।  यो भूभाग समुद्र सतहबाट करिव १२६ मिटर उचाईमा रहेको छ । पूर्व पश्चिम राजमार्गबाट ३.७४ कि. मि. दक्षिणमा रहेको भवानीपुर पक्कि सडकको सञ्जालले पनि जोडिएको छ ।

कोलीय राज्य बुद्ध मावली क्षेत्र विकास समितिको कार्यालय समेत रहेको भवानीपुर परिसर ... वर्ग मि. क्षेत्रफलमा फैलिएको छ । जहाँ बुद्धकी आमा मायादेवी माईती मन्दिर, पुरानो इनार, इनारको पूर्वतर्फ होचो रुपमा प्राचिन पत्थर, पानीको तलाउ, शिव मिन्दर, पाटी, चौतारी रहेको छ । पुराना तथा वृक्षारोपण गरि यहाँ १०८ बटा पिपलका बृक्षहरु लहराई रहेका छन् । यसको उत्तरतर्फ महामाया भवानी उच्चमाद्यामिक विद्यालय यहाँको शैक्षिक केन्द्रको रुपमा रहेको छ । भवानीपुर मन्दिर परिसरको पश्चिममा सडकको दुवै किनारमा रहेका वस्ती यहाँको व्यापारिक केन्द्र पनि हो । योजनाबद्ध विकासको अभाव तथा नयाँ संरचना निर्माणमा आइपरेका ब्यवधानको कारण भवानीपुर विकास हुन सकिरहेको छैन ।

भवानीपुर क्षेत्रलाई पूरातात्त्विक र ऐतिहासिक तथा धार्मिक गन्तब्य क्षेत्र बनाउनका लागि विभिन्न ब्यबधानहरु रहेका छन् । लुम्बिनी विकास कोषले यस क्षेत्रलाई आफ्नो क्षेत्रभित्र पारेको कारण यो परिसर भित्र कुनै पनि संरचना निर्माण गर्न कठिनाई छ । यस क्षेत्रमा गरिएको छलफलबाट प्राप्त सुझावहरुमा संरचनाहरुको ब्यवस्थापन गर्न नसकिएको, लुम्बिनी विकास कोषले आफ्नो गुरुयोजनामा भवानीपुरलाई महत्त्व नदीएको, भवानीपुरको ऐतिहासिक र धार्मिक महत्त्वलाई ससक्त रुपमा बुझाउन सक्ने गाइड तयार पार्न नसकिएको, यहाँ उत्खनन गर्दा प्राप्त सामग्री यहि स्थानमा नराखी अन्यत्रै लगिएको, सुरक्षा चौकिको ब्यवस्था

नभएको, स्वास्थ्य केन्द्र तथा सूचना केन्द्रको अभाव, मन्दिर परिसरको भूमिको संरक्षण गर्न नसकिएको, तटबन्ध, कम्पाउण्ड लगाउन नसकिएको, भिक्षु भिक्षुणीका नीम्ति आवास नभएको, पार्किङको अव्यवस्था, मायादेवी सङ्ग्राहलय वनाउन नसकिएको, बौद्धधर्म सम्बन्धि पुस्तकालय वनाउन नसकिएको आदि थिए भने यी पक्षहरुलाई गुरुयोजनामा समाबेश गर्नुपर्ने स्पष्ट र जोडदार सुझाव प्रस्तुत भएको थियो ।

### ४.२.३ प्रस्तावित योजना

भवानीपुर क्षेत्रलाई पूरातात्त्विक, ऐतिहासिक तथा धार्मिक पर्यटकीय गन्तव्य स्थल बनाउनका लागि निम्नलिखित योजनाहरु प्रस्तावित गरिएका छन् :

१. भवानीपुर पूरातात्त्विक क्षेत्र परिसरको दक्षिणमा रहेको सडकबाट दक्षिणतर्फ रहेको १२०×१४० मि. क्षेत्रफलको खालि जग्गामा विहार सहित Loving Buddha Statue निर्माण गर्ने । यसको पूर्व र दक्षिणतर्फ रहेको घोललाई तटबन्ध गर्ने । विहारदेखि दक्षिण पश्चिमतर्फ यस पुरातात्विक क्षेत्रको फोहोर व्यवस्थापनको लागि फोहोर संकलनस्थल निर्माण गरी अन्यत्र विसर्जन गर्ने व्यवस्था मिलाउने । ।

२. भवानीपुर पूरातात्त्विक क्षेत्र परिसरदेखि उत्तरतर्फ रहेको जमिन तथा विद्यालयको कम्पाउण्ड देखी दक्षिण तर्फ भवनलाई जिर्णोद्धार गरि त्यहाँ भएका कोठामा सङ्ग्राहलय, सूचनाकेन्द्र र स्वास्थ्य केन्द्र सञ्चालन गर्ने (भवानीपुर परिसरमा उत्खननबाट प्राप्त बस्तुहरु सङ्ग्राहलयमा राख्ने, सो कार्यको लागि महामाया उच्च मा. वि. सँग र स्थानीय पर्यटन समितिसंग समन्वय गर्ने ) ।

३. मायादेवको मन्दिरदेखि दक्षिणतर्फ रहेको खोलालाई सोझ्याई उभ्रिने जमिनमा नया भवन निर्माण गरी बुद्धमार्गी शैलीको अतिथि गृह बनाउने ।

४. भवानीपुर पूरातात्त्विक क्षेत्र परिसरलाई कम्पाउण्ड लगाई त्यस भित्र मौसमी फूलहरु लगाउने र फ्लोर पार्कको रुपमा विकसित गर्ने ।

५. यहाँ रहेका १०८ पिपलका रुखहरमा पूजा तथा ध्यान गर्न मिल्ने गरी ढुङ्गा वा इँटा छापेर सानो फुटपाथ तयार गर्ने ।

६. भवानीपुर पूरातात्त्विक क्षेत्र परिसरको पश्चिम श्रृष्टि सामूदायिक वन क्षेत्रको खुला स्थललाई सवारी साधन पार्किङ क्षेत्र बनाई व्यवस्थित गर्ने ।

७. पश्चिमी प्रबेशद्धारसँग जोडेर प्रतिक्षालय निर्माण गर्ने ।

८. भवानीपुर पूरातात्त्विक क्षेत्र परिसरबाट करिव ८५० मिटर पश्चिमतर्फ भैरहवा जाने पिचबाटोको उत्तरतर्फ रहेको मायादेवी पार्कलाई आर्कषक तथा व्यवस्थित पार्कको रुपमा विकास गर्ने ।

९. भवानीपुरमा सुरक्षा चौकिको व्यवस्थापन गर्ने ।

१०. मायादेवी पार्कसँगै उत्तर रहेको खेल मैदानको दक्षिणी श्रृष्टि सामूदायिक वन खुला क्षेत्रमा सवारी साधनको पार्किङ, सार्वजनिक शौचालय निर्माण गर्ने । साथै खेल मैदानको उत्तर पश्चिमतर्फ पिकनिक स्थलको लागि क्षेत्र निर्धारण गरि दुईवटा सेडका साथै सार्वजनिक शौचालय निर्माण गर्ने ।




(नक्शा ८)

### ४.२.४ मुख्य क्रियाकलाप र योजना कार्यान्वयन ब्यवस्थापन

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| १ | Loving Buddha Temple निर्माण | ३ वर्ष | नगरपालिका, को.रा.बु मा. क्षे. वि. समिति | लुम्बिनी विकास कोष, नेपाल पर्यटन वोर्ड, न.पा. | ५ करोड | न.पा., जि.वि.स., लु.वि.कोष, पुरातत्व.विभाग, |
| २ | विहार निर्माण | ३ वर्ष | न.पा., को.रा.बु.मा.क्षे. वि. समिति | लुम्बिनी विकास कोष, नेपाल पर्यटन वोर्ड, न.पा. | | न.पा., जि.वि.स.,संघ संस्था, पर्यटन मन्त्रालय । |
| ३ | पार्किङ स्थल ब्यवस्थापन | २ वर्ष | को.रा.बु मा. क्षे. वि. समिति | न.पा., जिल्ला ट्राफिक कार्यालय | ५०००००। | न.पा. |
| ४ | प्रतिक्षालय निर्माण | २ वर्ष | को.रा.बु मा. क्षे. वि. समिति | न. पा. जि.वि.स., | ५०००००। | न.पा., चन्दा दाता ब्यक्ति |
| ६ | सूचनाकेन्द्र स्थापना | २ वर्ष | कोलीय राज्य बुद्ध मावली क्षे.वि.स. | जि.वि.स., उ.वा.स., | ५०००००।- | न.पा., नेपाल पर्यटन बोर्ड, जि.वि.स. |
| ७ | स्वास्थ्य केन्द्रको स्थापना | २ वर्ष | जन स्वास्थ्य कार्यालय | न. पा. जि.वि.स., | ७०००००।- | न.पा., जि.वि.स.स्वास्थ्य मन्त्रालय । |
| ८ | सङ्ग्राहलयको निर्माण | ३ वर्ष | न.पा. लु.वि.कोष, पु.त.वि. | जि.वि.स., लु.वि.कोष, पु.त.वि. | ५०००००।- | जि.वि.स., लु.वि.कोष, पु.त.वि., ने. प. वो. |
| ९ | अतिथि गृह निर्माण | ५ वर्ष | न.पा. | स्थानीय समिति | ३५०००० | न.पा.,जि.वि.स., स्था. वि.म.। |
| १० | फोहोर विर्सजन स्थल ब्यवस्थापन | २ वर्ष | न.पा. | जि.वि.स.,न.पा., उ.वा.स. | ५०००० | न.पा. जि.वि.स. |
| ११ | योग, ध्यान स्थल ब्यवस्थापन | २ वर्ष | को.रा.बु मा. क्षे. वि. समिति | नगरपालिका | ५०००००। | नगरपालिका |
| १२ | पुष्प बाटीका तयार पार्ने | २ वर्ष | को.रा.बु मा. क्षे. वि. समिति | स्थानिय संघ संस्था | ५०००००।- | नगरपालिका |
| १३ | घोलमा तटबन्ध | ३ वर्ष | न.पा., को.रा.बु मा. क्षे. वि. | जिल्ला भू संरक्षण | ५०००००।- | जिल्ला भुसंरक्षण कार्यालय |

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| | | | समिति | कार्यालय | | |
| १४ | मायादेवी पार्क ब्यवस्थापन | २ वर्ष | को.रा.बु.मा.क्षे. वि. स., न. पा. | जि.वि.स., सृष्टि सा.वन | ५०००००।- | जि.वि.स., संघ संस्था । |
| १५ | बसपार्क निर्माण | ५ वर्ष | न. पा. | न. पा. | ५००००००।- | जि.वि.स.,यातायात मन्त्रालय, |
| १६ | पिकनिक स्थलको ब्यबस्थापन (सेड र शौचालय सहित) | ३ वर्ष | सृष्टि सा. व. स., आमा समुह | को.रा.बु मा. क्षे. वि. स. न. पा. | ५०००००।- | को.रा.बु मा. क्षे. वि. समिति |

### ४.२.५ आशातित उपलब्धि

भवानीपुर आसपासको योजना तयार पश्चात एक वर्ष, तीन वर्ष र ५ वर्षको समयाबधि भित्र योजनाको आधार लिएर संरचनाहरु निर्माण गरिएमा यसको सुन्दरता र धार्मिक लोकप्रियता बड्ने देखिन्छ । यो स्थल बुद्धमार्गी लगायत सवै प्रकारका पर्यटकका लागि पनि आस्थाको केन्द्र मानिएकोले यहाँ प्रशस्त पर्यटकहरुको आगमन हुनेछ । देवदह नगरपालिकाका अरु पर्यटकीय क्षेत्र र लुम्विनी र बुद्धको अस्तु धातु रहेको रामग्रामसँग समेत यसको सामिप्यता बढाउन सकिने हुँदा यसको लोकप्रियता बढ्ने अपेक्षा गरिएको छ । जसले गर्दा यहाँ आउने पर्यटकको कारण रोजगारिमा बृद्धी हुने, भवानीपुर बजार विस्तार हुने, बुद्धसँग पूर्णरुपमा जोडिने हुँदा यस क्षेत्रको अन्तराष्ट्रियस्तरमा निकटता बढ्ने निकटता बढ्ने अपेक्षा गरिएको छ ।

## ४.३ देवदह/ वोटानिकल गार्डेन / खयरडांडा

### ४.३.१ ऐतिहासिक पृष्ठभूमि

देवदह नगरपालिकाको वडा नं. १० मा अवस्थित देवदह वैदिक कालमा ऋषि तपस्वीहरुले स्नान गर्ने पवित्र दह मानिएको र २६३९ वर्ष पूर्व यस क्षेत्रमा जन्मेका सिद्धार्थ गौतम तथा भगवान बुद्धले पनि स्नान गर्ने, पौडी खेल्ने गरेकाले यस दहलाई इश्वरको स्नान गर्ने गरेको दह तथा देवदह भनिएको पाइन्छ । सेतो, रातो र गुलावी फुलहरु फूल्ने भएकोले देवदहलाई बौद्ध धर्ममा मंगल पुष्करिणी दहको रुपमा लिइन्छ । बराह पुराणको शालिग्राम क्षेत्र महात्म्यः मा देवदहको धार्मिक महत्व दर्शाउँदै विष्णुको अवतार (वरहा) ले सविता ( पृथ्वी) लाई भनेका थिए कि देवदहमा जसले स्नान गर्दछ त्यसको पाप नाश हुन्छ र उसको विष्णुलोकमा वासहुने कुरा उल्लेख गरेको पाईन्छ ।

विगतमा खयरडाँडामा रहेको दरवारमा पानीको आपूर्ति यहि दहबाट भएको पनि भनिन्छ । प्रगति सामुदायिक वनक्षेत्र भित्र नितान्त प्राकृतिक परिवेशमा रहेको यो दह कोलीय राज्यको पवित्र स्थलको रुपमा पनि मानिन्छ । यस दहको उत्तर पूर्वतर्फ ठूलो पानीको मुल रहेको छ । सिद्धार्थ गौतमले खयरडाँडाको दरवारमा आउदा देवदहमा पौडी खेल्न जाँदा घोडाहामा घोडालाई बाँधी जाने गरेकोले घोडा राख्ने गर्दा त्यसको नाम घोडाहा भनिएको पनि मानिन्छ । यसको आसपासमा सीमसार क्षेत्र रहेको छ । पूर्व पश्चिम राजमार्गमा अवस्थित घोडाहा देखि ६०० मिटर उत्तर पश्चिममा अवस्थित यस दहको लोकप्रियता र पवित्रताको कारण यस नगरपालिकाको नामाकारण यसै दहको नामबाट गरिनुले पनि यसको लोकप्रियता उच्च भएको पाइन्छ ।

### ४.३.२ वर्तमान अवस्था

प्रगति सामुदायिक वन अन्तर्गत पर्ने देवदहको भौगोलिक अवस्थिति २७$^{\circ}$ ३९' ४९" उत्तरी अक्षांश र ८३$^{\circ}$ ३३' ५६" पूर्वी देशान्तरमा छ । समुद्र सतहबाट १४५ मिटर उचाईमा रहेको यो स्थान पूर्ण रुपमा समतल भूभागमा पर्दछ । अर्धोष्ण हावापानीमा पर्ने यो स्थानमा पाँगोमाटो पाइन्छ । देवदह नगरपालिका वडा नं. १० मा पर्ने यो स्थान पुरानो पानीको स्रोतको रुपमा चिन्निछ । यहाँबाट करिव ३०० मिटर दक्षिणमा पूर्व पश्चिम राजमार्ग रहेको छ  साथै कच्ची बाटोले पनि जोडिएको छ । जङ्गलको विचमा रहेकोले यहाँको वातारण शान्त र सुन्दर पनि छ । सालका रुखहरुको प्रचुर बहुलता भएको यस जगंलमा कोलीया (जामुनको रुख यसक्षेत्रलाई विगतमा कोलियराज्य भनिन्थ्यो) बृक्षको फेदमा रहेको देवदह उत्तरतर्फ साँगुरिएको (३० मिटर), विचमा केही फुकेको (४५ मिटर चौडा) र दक्षिणतर्फ पनि साँगुरिएको (२७ मिटर) तथा उत्तर दक्षिण ९० मिटरको लम्वाईमा रहेको छ । बेलुन आकार जस्तो दह रहेको यसको उत्तरमा जामुनको रुखको फेदवाट निस्केको मुलको पानी नै यस दहमा जम्मा भएको छ । यसको गहिराई करिव १.५ मिटर छ । यो गहिराई सबै स्थानमा समान भने छैन । यसको अवलोकन गर्न,  वनभोज प्रयोजनका निमित्त यसको उपयोग गरिएको छ । त्यस्तै पुरानो कोलीय राज्यको दरवारको अवषेश रहेको मानिएको खयरडाँडाबाट पनि यो दहमा जानसक्ने बाटो छ । यस दहको उत्तरतर्फ सानो जस्तापाताले बनाएको छहारी छ । यस दहको पूर्वि दिशामा पानीको अर्को मूल रहेको छ । सानो आकारमा रहेको यस दहलाई विस्तार गरी योजनाबद्ध रुपमा भौतिक संरचना निर्माण गर्नुका साथै दहको आकारमा पनि केही विस्तार गर्नु पर्ने देखिन्छ । पवित्र दहलाई धार्मिक तिर्थस्थल, जलक्रिडास्थल र यहाँको प्राकृतिक वातावरणको उपयोग गर्न यसको व्यवस्थापन उचित तवरले गर्नुका साथै यसको प्रचार प्रसार गरी लोकप्रियता बढाउन सकिन्छ । यसैगरि देवदह देखि करिव ५०० मीटर दक्षिणमा पूर्व पश्चिम राजमार्गसँगै रहेको बोटानिकल गार्डेन प्रस्तावित अवश्थामा तारवार गरि राखिएको छ । यो स्थान

यातायातको दृष्टिले सुगम भएको हुनाले पार्क र पौडी पोखरी, वनभोज स्थल बनाउनका लागि उपयुक्त छ। राजमार्गदेखि दक्षिणमा खयरडाँडा पूरातात्त्विक क्षेत्र रहेको छ।

**४.३.३ प्रस्तावित योजना**

अर्धोष्ण हावापानी पाइने स्थानमा पानीको कुण्ड हुनु आफैंमा अति लोकप्रिय हुने गर्दछ। यहाँ पूर्ण प्राकृतिक वाताबरण रहेकोले सो अवस्थालाई मध्यनजर राख्दै सरोकारवाला व्यक्तिहरुको छलफलबाट प्राप्त निष्कर्षका आधारमा निम्नानुसारका संरचना निर्माण गर्न प्रस्ताव गरिएको छ।

१. मौजुदा दहको आकारमा विस्तार गरि उत्तरतर्फ ८० मिटर चौडा पार्ने र दक्षिणतर्फ क्रमशः बढाउदैं १४५ मिटर लम्बाई तथा उत्तर दक्षिण ६० मिटर लम्वाई बनाउने र यसको गहिराई ३ मिटरसम्म वनाउने।

२. दहको दक्षिण तर्फ ४ मिटर सम्म जमिन मुनीदेखी पर्खाल लगाउने।

३. दहको उत्तरतर्फ करिव १५ मिटरको दुरीमा रहेको मुल भएको स्थानमा गोलाकार मुल कुण्ड (Mother Pond) निर्माण गर्ने।

४. दहमा पानीको मात्रा प्रयाप्त वनाउन यसको उत्तर पूर्वमा रहेको अर्को पानीको मूलबाट पानी ल्याई कुण्डमा मिसाउने।

५. हाल भइरहेको छाहारीलाई विस्तार गरी ठुलो आकारको वनाउने।

६. यहाँ आउने पर्यटकलाई खाजा खान सहजताका निम्ति कुण्डको दक्षिण राजमार्ग तर्फको भागमा पसल र चमेनागृहको व्यवस्था गर्ने साथै राजमार्ग पार्किङ्ग र शौचालय निर्माण गर्ने।

७. राजमार्ग देखी सिधा कुण्डसम्म २० फुटे पैदल सडक निर्माण गर्ने।

८. पश्चिमतर्फ कुण्डको नजिकै ध्यानस्थल व्यवस्थापन गर्ने।

९. कुण्डको दक्षिण पश्चिम क्षेत्रमा स्नान गर्न महिला पुरुषको लागि अलग अलग धाराको व्यवस्था गर्ने र सो को पुर्वतिर चेन्जिङ कोठा वनाउने।

१०. प्राकृतिक वातावरण पाइने यस स्थानमा दहको पूर्व दक्षिण क्षेत्रमा पार्किङ स्थल र सार्वजनिक शौचालयको निर्माण गर्ने।

११. दहको चारैतर्फ ३० फिटको फराकिलो फुटपाथसँगै दायाँ वायाँ फूलको ३ फिट चौडा पेटी वनाई मौसम अनसुार फूल्ने फूल लगाई दहको सुन्दरता बढाउने।

१२. दहको पूर्व र पश्चिमतर्फ बस्नका लागि फलामका बेञ्चहरु निर्माण गर्ने।

१३. दहको पानी निकासहुने राजमार्गको उत्तरमा प्रस्तावित बोटानिकल गार्डेन रहेको स्थानको पश्चिमी भागमा बोटानिकल गार्डेन निर्माण गर्ने साथै यसको पूर्वमा पौडी पोखरी निर्माण गर्ने।

१४. पौडी पोखरीको उत्तरतर्फ वनभोज स्थल निर्माण गर्ने।

१५. राजमार्ग देखि दक्षिण (खयरडाँडाको उत्तरी भाग) राजमार्ग १२५०० वर्ग मिटर (५०×२५०) मिटर क्षेत्रफमा वसपार्क निर्माण गर्ने ।

१६. देवदह क्षेत्रलाई बाउण्डरी गरी सुरक्षित बनाउने ।

१७. योजना प्रस्तावित क्षेत्रमा गरिने सवै योजनाहरु वातावरण मैत्री गराउने ।



देवदह नगरपालिका
देवदह क्षेत्रको भूउपयोग योजना
मुल कुण्ड
देवदह क्षेत्र
कार्यालय तथा
चमेना गृह
पार्किङ क्षेत्र
स्नान स्थल
चेन्जिङ रुम
सेड
शौचालय
पिकनिक स्थल
सेड
घोडाहा जाने बाटो
राजमार्ग जाने बाटो
30 15 0 30 60 Meters
83°33'55"E
83°34'0"E
27°39'55"N
27°39'50"N
27°39'45"N


(नक्शा ९)




४

(नक्सा १०)

### ३.४ मुख्य क्रियाकलाप र योजना कार्यान्वयन ब्यवस्थापन

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| १ | मुल कुण्ड सहित दहको विस्तार गर्ने | २ वर्ष | न.पा., स्थानीय दह ब्यवस्थापन समिति | न.पा., | १०००००।- ।- | न.पा., जि.वि.स., उद्योग वाणिज्य संघ पर्यटन मन्त्रालय । |
| ३ | दहको चारैतिर फुटपाथ निर्माण गर्ने | १ वर्ष | | स्थानीय संघ सस्था, आमा समुह | | न.पा., जि.वि.स.,संघ संस्था |

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| ४ | पार्किङ स्थलको निर्माण | ३ वर्ष | न.पा., स्थानीय दह ब्य. समिति | न.पा. | ५००००० ।- | न.पा., जि.वि.स. |
| ५ | प्रतिक्षालयको विस्तार | ३ वर्ष | न.पा., स्थनीय दह ब्य. समिति | न.पा. | ५००००० ।- | न.पा., जि.वि.स. |
| ६ | योग स्थल ब्यवस्थापन | २ वर्ष | स्थानीय दह ब्यवस्थापन समिति | , प्रगति सामुदायीक वन, | ५०००००।- | स्थानीय संघ सस्था, आमा समुह |
| ७ | वनभोज स्थलको ब्यवस्थापन ( देवदह र वोटानिकल गार्डेनमा) | २ वर्ष | दह ब्य. समिति, स्थानीय समितिहरु | दह ब्यवस्थापन समिति | ५०००००।- | न. पा. |
| ७ | बेञ्चको निर्माण | १ वर्ष | प्रगति सा. वन, दह ब्यवस्थापन समिति | न.पा., प्रगति सामुदायीक वन, उ.वा. संघ | ५०००००।- | न.पा., प्रगति सामुदायीक वन, उ. वा. संघ |
| ८ | पुष्पबाटिका निर्माण | १ वर्ष | न.पा.,दह ब्यवस्थापन समिति | स्थानीय नर्सरी | ५००००० ।- | प्रगति सामुदायीक वन |
| ९ | शौचालय | २ वर्ष | न.पा., दह ब्य. समिति | जि.वि.स. | ५००००० ।- | न.पा., उ.वा.संघ, जि.वि.स. |
| १० | प्रस्तावित बोटानिकल गार्डेनको पूर्वि भागमा पौडी पोखरीको निर्माण | ५ वर्ष | न.पा., दह ब्यवस्थापन समिति | न.पा., दह ब्यवस्थापन समिति | १५०००००। | न.पा., दह ब्यवस्थापन समिति, जि.वि.स. । |
| ११ | बोटानिकल गार्डेनको ब्यवस्थापन | ५ वर्ष | न.पा., प्र. सा. वन, | न.पा., प्र. सा. वन, भू संरक्षण विभाग | ६०००००।- | न.पा., प्र. सा. वन, भू संरक्षण विभाग |
| १२ | वसपार्कको निर्माण | ३ वर्ष | न.पा. | न.पा., उ.वा.संघ, जि.वि.स. | ५०००००। | न.पा., उ.वा.संघ, जि.वि.स,.यातायात विभाग । |
| १३ | पुरातात्विक उत्खनन | | | | २५ लाख | पुरातात्विक विभाग लम्विनी विकास कोष |

### ४.३.५ आशातित उपलब्धि

देवदहको योजना तयार पश्चात् तीन वर्ष र ५ वर्षको समयाबधि भित्र योजनाको आधार लिएर संरचनाहरु निर्माण गरिएमा यसको सुन्दरता र धार्मिक लोकप्रियता बड्ने देखिन्छ। यो स्थल बुद्धमार्गीको साथै हिन्दु धर्मावलम्वीहरुको पनि आस्थाको केन्द्र मानिएकोले यहाँ प्रशस्त पर्यटकहरुको आगमन हुने र देवदह नगरपालिकाका अरु पर्यटकीय क्षेत्र र लुम्विनी तथा रामग्रामसँग यसको सामिप्यता बढाउन सकिने हुँदा यो क्षेत्र यत्रतत्र सर्वत्र लोकप्रियता बढ्ने अपेक्षा गरिएको छ। जसले गर्दा यहाँ आउने पर्यटकको कारण रोजगारीमा बृद्धि हुनुको साथै प्रगति सामुदायिक वन तथा समग्र घोडाहा क्षेत्र र खयरडाँडा क्षेत्रको विकासमा टेवा पुग्ने छ।

### ४.४ कन्यामाई / बैरीमाई

### ४.४.१ ऐतिहासिक पृष्ठभूमि तथा पूरातात्त्विक महत्त्व

मायादेवीको स्मरण स्थल बैरीमाई र प्रजापतिको स्मरण स्थल कन्यामाई देवदहका पवित्र धार्मिक स्थलहरु हुन्। मायादेवी अर्थात बैरीमाई विगतमा थारु भाषाबाट बढीमाईको अपभ्रंश भएर बैरीमाई भएको भनाई पाइन्छ। प्रजापती लाई कन्यामाईको रुपमा पूजा गरिन्छ। यी मन्दिरहरुलाई पश्चिममा भारतको काश्मिरदेखि पूर्वमा गण्डकीसम्म पूजिने गरेको पाइन्छ। भगवान गौतम बुद्धकी जन्मदातृ मायादेवी र पालनकर्ता प्रजापति गौतमीको झझल्को दिने गरि तत्कालिन समयमा निर्माण गरिएका संरचनाहरु हाल लुम्विनी विकास कोष र पूरातात्त्विक विभागले संयुक्त रुपमा उत्खनन गर्दा प्राप्त भएका प्रमाणको आधारमा यी स्थानहरु ऐतिहासिक र धार्मिक स्थलहरुको रुपमा लिइएको छ। उत्खननको क्रममा बुद्धकालिन महत्त्व दर्शाउने वस्तुहरु प्राप्त भएका जसमा प्राचिन दरवार, इनार, भाँडाकुँडाका अवशेषहरु आदि हुन्। यो उत्खनन कार्य कन्यामाईमा सन् २०११ मा गरिएको थियो।

### ४.४.२ वर्तमान अवस्था

देवदह नगरपालिकाको शितलनगरबाट दक्षिणमा रहेको शान्ती नगर चोकबाट पूर्वतर्फ करिव २०० मिटरको दुरीमा यी स्थलहरु रहेका छन्। भौगोलिक रुपमा कन्यामाई २७° ३८’ २६” उत्तरी अक्षांश र ८३° ३४’ ३६” पूर्वी देशान्तरमा अवस्थित र बैरीमाई २७° ३८’ २५” उत्तरी अक्षांश र ८३° ३४’ ३४” पूर्वी देशान्तरमा रहेका छन्। समुद्र सतहबाट १३३ मिटर उचाइमा यी दुवै स्थान रहेका यी स्थान पूर्ण रुपमा समतल भूभागमा पर्दछन्। यी दुई स्थानलाई साँगुरो आवादी भूमिले छुट्टाइएको छ। कन्यामाईको क्षेत्रफल ...... वर्ग मिटर छ भने बैरीमाईको ..... वर्गमिटर रहेको छ। केही सालका बृक्षहरु लगायत अन्य वनस्पति भएको यी स्थान मध्ये कन्यामाईको सन् २०११ मा केही भाग उत्खनन गरिएको थियो। यहाँका अवशेषहरु

अझै उत्खनन गर्न जरुरी देखिन्छ । कन्यामाईमा पाइएका पुराना इँटाका भग्नाबशेष, त्यहाँ पुरिएको दह ( स्थानीय मानिसको भनाइ अनुसार) ऐतिहासिक रहस्यको सूचक वनेका छन् । कन्यामाईको दक्षिणतर्फ र शान्ती चोकबाट पूर्वतर्फ निर्माण गरिएको पिचबाटोको उत्तरी किनारमा जोडिएर बैरीमाई मन्दिर रहेको छ । यो स्थान सडकबाट केही उचाईमा रहेको छ । यहाँ मन्दिरहरु, प्रशस्त स साना रुखहरु, बस्नका लागि केही बेन्चहरु निर्माण गरिएका छन् । धार्मिक तथा ऐतिहासिक केन्द्रको रुपमा रहेका यी स्थानहरुको विकास र विस्तार तथा संरक्षण गर्ने कार्य योजनाबद्ध रुपमा गरिएमा समग्र देवदहको पर्यटन विकासमा टेवा पुग्ने देखिन्छ । तसर्थ यी स्थानहरुको योजनाबद्ध विकास गर्न निम्न प्रस्तावहरु प्रस्तुत गरिएको छ :

**४.४.३ प्रस्तावित योजना**

**क) कन्यामाई**

१. यसको वरिपरि कम्पाउण्ड गर्ने ।

२. प्रवेशद्धारको निर्माण गर्ने ।

३. यसको प्रवेशद्धारसँगै उत्तरतर्फ रहेको व्यत्तिगत जग्गा लिएर एउटा बहुउद्देश्यीय भवन वनाउने जसमा सूचना केन्द्र, प्रतिक्षालय, पूजा सामग्रीको पसल र शौचालय वनाउने ।

४. उत्खननबाट प्राप्त बस्तुको एक सङ्ग्राहलय स्थापना गर्ने ।

५. मन्दिर हाता नजिक पश्चिमतर्फ योगस्थल र गेटको बाहिर जग्गा ब्यवस्थापन गरी पार्किङ क्षेत्रको ब्यवस्थापन गर्ने ।

६. मूल सडकबाट कन्यामाई परिसरसम्म आउने सडक पक्कि बनाउने ।

**४.४.५ मुख्य क्रियाकलाप र योजना कार्यान्वयन ब्यवस्थापन**

| क.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| १ | कम्पाउण्ड लगाउने | ५ वर्ष | स्थानिय समिति, | न.पा., | ५०००००।- | न.पा., जि.वि.स. |
| २ | सङ्ग्राहलयको स्थापना | ५ वर्ष | स्थानिय समिति, लु.वि.कोष | लुम्विनी विकास कोष, नेपाल प. वोर्ड, न.पा. | ५०००००।- | न.पा., पुरातत्व विभाग । |
| ३ | बहुउद्देश्यिय भवन निर्माण ( पूजा सामग्री | १ वर्ष | जि.वि.स., नगरपालिका | न.पा. स्थानिय समिति, | ५००००००। | जि.वि.स., नगरपालिका |

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| | पसल, सूचना केन्द्र, प्रतिक्षालय) । | | स्थानिय समिति | उ.वा.सघं, | | उ.वा.सघं, |
| ४ | योग स्थल | १ वर्ष | स्थानीय संघ संस्था, ब्यक्तिहरु | जि.वि.स., उ.वा.स., | ५०००००।- | ब्यक्तिगत सहयोग |
| ५ | किनारी पुष्प बाटीका | १ वर्ष | स्थानीय समिति | स्थानीय संघ संस्था, ब्यक्ति | ५०००००।- | न.पा. |
| ६ | गेट र सूचना बोर्ड | १ वर्ष | न.पा., थानीय समिति | न.पा., | ५०००००।- | नगरपालिका |
| ७ | पुरातात्विक उत्खनन | | | | २५ लाख | पुरातात्विक विभाग, लुम्विनी विकास कोष |
| ८ | पार्किङ स्थलको निर्माण | २ वर्ष | न.पा. | न. पा. | ५०००००।- | न.पा., जि.वि.स. |
| ९ | ढुंगे पक्कि सडकको निर्माण | ५ वर्ष | न.पा., थानीय समिति | न.पा. | १००००००।- | न.पा., जि.वि.स. |
| १० | जग्गा खरिद | | | | २ करोड | |




**ख) बैरीमाई**

१. वरिपरि कम्पाउण्ड गर्ने

२. आसपासमा मौसमी फूलहरु रोप्ने र बेञ्च बनाउने ।

३. प्रवेशद्धारको निर्माण गर्ने ।

४. गेटदेखि दक्षिणतर्फ प्रतिक्षालय, शौचालयको निर्माण गर्ने ।

५. मन्दिरको पूर्वतर्फ योगस्थल बनाउने र गेटको बाहिर जग्गा व्यवस्थापन गरी प्रतिक्षालय, पार्किङ क्षेत्रको व्यवस्थापन गर्ने ।

६. बैरीमाई परिसरको दक्षिणतर्फ पार्किङ्ग स्थलको निर्माण गर्ने ।

### ४.४.४ मुख्य क्रियाकलाप र योजना कार्यान्वयन व्यवस्थापन

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| १ | कम्पाउण्ड र गेट निर्माण | २ वर्ष | न. पा. , लु. वि. कोष। | नगरपालिका | २० लाख | न.पा.,लु.वि. कोष। |
| ३ | पार्किङ स्थलको व्यवस्थापन | ३ वर्ष | स्थानीय समिति | नगरपालिका | ५०००००।- | न.पा. |
| ४ | प्रतिक्षालय वनाउने | २ वर्ष | नगरपालिका, स्थानिय संघ संस्था | नगरपालिका | ५०००००।- | न.पा. |
| ५ | किनारी पुष्प बाटीका, बेञ्च तयार गर्ने | २ वर्ष | स्थानीय संघ संस्थाहरु | स्थानीय संघ संस्थाहरु | ५०००००।- | न.पा. |
| ६ | शौचालय वनाउने | २ वर्ष | न.पा. | न.पा. | ५०००००।- | न.पा. |

### ४.४.५ आशातित उपलब्धि

कन्यामाई र बैरीमाई परिसरको प्रस्तावित योजना कार्यान्वयन पश्चात देवदह, बौद्धमार्गी तथा समग्र पर्यटककालागि थप धार्मिक तथा दृश्यावलोकन स्थल हुनेछ । यसले एकातर्फ समग्र देवदहको लोकप्रियता बढ्नुका साथै बुद्ध धर्मावलम्बीहरुका लागि तिर्थस्थल नै थपिने छ । यसले स्थानीय क्षेत्रमा रोजगारिको अवसर सिर्जना हुनुको साथै आय आर्जन हुने पुराना वस्तुहरुको संरक्षण, भूमिको समुचित उपयोग हुने अपेक्षा गरिन्छ ।

## ४.५. रोहिणी नदी स्नानघाट

### ४.५.१ ऐतिहासिक पृष्ठभूमि तथा पूरातात्त्विक महत्त्व

बैदिक कालदेखि नै पवित्र तिर्थस्थल मानिएको रोहिणी नदी देवदहको एक महत्त्वपूर्ण तिर्थस्थल हो । यस नदीलाई पौराणिक कालमा दक्षप्रजापतिकी काइली छोरी रोहिणीलाई चन्द्रमाले विवाह गर्न भगाएर लैंजादा दक्षप्रजापतिले रोहीणी र चन्द्रमालाई लखेट्दा चन्द्रमा महादेव शिवसँग शरण माग्दा शिवले टाउकोमा शरण दिएका र रोहीणी भग्दै गएर पाल्पाको सत्यवती तालमा नजिक लुकेकी र पछि तलको दक्षिणी स्थानबाट उत्पत्ती भै बगेको नदी नै रोहिणी भएकोले यसको ठूलो धार्मिक महत्त्व उल्लेख भएको पाइन्छ । त्यसै कोटाउकोमा  मा चुरे श्रेणीको उत्तरी भागबाट उत्पति भै प्रवाहित यस नदीमा वर्षा याममा प्रशस्त पानी

बहन्छ भने हिँउदमा पानीको मात्रा न्यून हुन्छ । हिन्दुसंस्कार अनुसार नदीको सवै किनार तथा स्थान उत्तिकै पवित्र हुँदा हुँदै पनि यातायातको सुगमता तथा किनारको फराकिलो क्षेत्रमा मानिसले बढी उपयोग गर्दा ती स्थान तिर्थस्थलको रुपमा लोकप्रिय बन्दछन् । मानिसको मृत्यु पश्चात दाहसंस्कार गर्ने स्थान पनि नदी किनार भएको र रोहिणी नदी पवित्र तिर्थस्थल मानिएकोले यसको धार्मिक आस्था उच्च छ । त्यस्तै प्रशस्त कृषि भूमिको विचबाट बहने भएकोले सिंचाइ गर्नमा पनि यसको पानी उपयोग गरिदैं आइएको छ ।

### ४.५.२ वर्तमान अवस्था

रोहिणी नदी देवदह नगरपालिकाको एक मत्वपूर्ण नदी मानिन्छ । यसले नगरपालिका भित्र १८.६३. कि.मि. लम्वाईमा वहेको छ । नदीको पबित्रताको वौद्धदर्शनमा समेत उल्लेख भएको हुँदा यसको पवित्रताको आस्थाले यहाँ स्वदेशी र विदेशी मानिसहरुले स्नान गर्न आउने गर्दछन् । यस नदीका विभिन्न घाटहरु मध्ये देवदह नगरपालिकाको वडा नं. ११ भलुही मा स्नानघाट रहेको छ । पूर्व पश्चिम राजमार्गमा पर्ने रोहिणी नदीको पूलदेखि उत्तर र दक्षिणको क्षेत्र यातायातको सुगमता, फराकिलो भएकोले यो स्नान घाट अति नै लोकप्रिय छ । यस घाटको पश्चिमतर्फ शिव मन्दिरको निर्माण गरिएको कारणले पनि यहाँ प्रशस्त तिर्थालुहरु आउने गर्दछन् । यो स्थान २७$^{\circ}$ ३९’ २४” उत्तरी अक्षांश र ८३$^{\circ}$ ३१’ ४६” पूर्वी देशान्तरमा अवस्थित छ । समुद्र सतहबाट १२८ मिटर उचाईमा रहेको छ । पूर्व पश्चिम राजमार्गको उत्तरमा रहेको शिव मन्दिरको परिसरमा शिवको मन्दिर, सेड, चौतारीहरु, पानी टंकी, धारा शौचालयको साथै पूजारी आवास रहेको छ । यसको पूर्वतर्फ नदीको दुवै किनारमा रोहिणी स्नान घाटको ब्यवस्थापन गर्न आवश्यक ठानी यसको योजना तयार पारिएको छ । पूर्व पश्चिम राजमार्गको किनारमा रोहिणी नदीघाट पवित्र तिर्थस्थल मानिदैं आएकोले यसको समुचित ब्यवस्थापन गर्नु अपरिहार्य देखिन्छ । पवित्र स्थानलाई सुन्दर वनाउन योजनाबद्ध रुपमा ब्यवस्थापन गर्न सके यस नदीको साथै यस क्षेत्रको लोकप्रियता बढ्ने निश्चित छ ।

### ४.५.३ प्रस्तावित योजना

१. रोहिणी स्नान घाट क्षेत्रको समग्र विकास गर्न सर्वप्रथम भलुही वजारको पश्चिमतर्फ नदी तटको २५० मिटर उत्तर र १०० मिटर दक्षिणसम्म दुवै किनारमा नै तटबन्ध गर्ने,
२. राजमार्गसँगै सडक पलको उत्तर पश्चिमतर्फ एक विशाल वाल बुद्धको प्रतिमा स्थापना गर्ने,
३. नदीको पानी केही माथिबाट पाइपद्धारा ल्याई पश्चिमी किनारमा (पूल बाट ३० मिटर उत्तर) ९ धारा स्नान गर्न मिल्ने गरि संरचना निर्माण गर्ने,

४. ९ धाराको दक्षिणतर्फ चेन्जिङ रुम (कपडा फेर्ने कोठा), सार्वजनिक शौचालय र पश्चिमतर्फ सेडको निर्माण गर्ने,

५. पूलभन्दा दक्षिणमा शवदहन स्थल निर्माण गर्ने र त्यसको नजिकै सेड (प्रतिक्षालय) को निर्माण गर्ने (यो स्थल देवदह नगरपालिका भित्र नपर्ने हुँदा सम्वन्धित न.पा. सँग समन्वय गर्ने,

६. शिव मन्दिरको पश्चिमतर्फ पार्किङ, सार्वजनिक शौचालय र पसल निर्माण गर्ने

७. शिव मन्दिर परिसरको उत्तरी क्षेत्रलाई पार्कको रुपमा विकास गर्ने,

८. शिवालय परिसरको बाहिरि भाग चारैतर्फ बगैंचा बनाउने ।




(नक्शा ११)

### ४.५.४ मुख्य क्रियाकलाप र योजना कार्यान्वयन ब्यवस्थापन

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| १ | नदीमा पार्क सहित दुवैतर्फ तटबन्ध गर्ने | ५ वर्ष | न.पा., ब.भू.सं.म., जि. सिं | न.पा.,जि.वि.स., जि.भू.सं का.। | ९०००००।- | न.पा.,जि.वि.स., ब.भू.सं.म., जि. सिं |
| २ | ९ धारा (स्नान घाट) निर्माण | ३ वर्ष | न. पा. | न. पा. | ३५ लाख | जि.वि.स.,संघ संस्था, संस्कृति मन्त्रालय |
| ३ | बालबुद्ध प्रतिमा स्थापना गर्ने । | ३ वर्ष | न.पा., लु.वि.कोष, पु.त.वि. | न. पा., जि.वि.स. | १० लाख | न.पा., , पु.त.वि. |
| ४ | पार्किङ , पसल र शौचालयको निर्माण | ३ वर्ष | न.पा. | न.पा. जिल्ला ट्राफिक कार्यालय | १० लाख | न.पा. |
| ५ | प्रतिक्षालय, ड्रेस चेन्जिङ कोठा, शौचालयको निर्माण गर्ने | ३ वर्ष | न.पा. | जि.वि.स. | ९००००० ।- | न.पा., जि.वि.स. चन्दा दाता ब्यक्ति |
| ६ | शवदहन स्थल र सेडको निर्माण | | | | ५लाख | |
| ७ | पार्कको ब्यवस्थापन | ३ वर्ष | | जि.वि.स. | ५लाख | |
| ८ | बगैंचाको निर्माण | २ वर्ष | स्थानीय समिति | जि.वि.स. | ५ लाख | न.पा., जि.वि.स. चन्दा दाता ब्यक्ति |

### ४.५.५ आशातित उपलब्धि

विभिन्न धर्मावलम्वीहरुको पवित्र तिर्थस्थल वनेको रोहिणी नदी क्षेत्रको योजनाबद्ध विकास पश्चात यहाँको धार्मिक पर्यटन सवल वन्नेछ । सर्वप्रथम यसले राजमार्गमा यात्रा गर्ने मानिसहरुलाई आकर्षित गर्नेछ । पश्चिमतर्फ शिव मन्दिरमा पूजा अर्चना गर्न आउने भक्तजनहरुले १०८ धारामा स्नान गरी मानसिक शान्ती प्राप्त गर्ने छन् । त्यस्तै मन्दिरको उत्तरतर्फ ब्यवस्था गरिने पार्कले थप आकर्षण गर्ने छ । राजमार्गको नजिकै यस प्रकारको सौन्दर्यपूर्ण तिर्थस्थल निर्माण गर्दा देश विदेशमा यसको लोकप्रियताको प्रचार प्रसार हुने अपेक्षा

लिइएको छ । यी सवै पक्षको व्यवस्थापन गर्न जनशक्तिको आवश्यकता पर्ने भएकोले रोजगारीको अवसर बृद्धि हुनेछ । मन्दिरको नजिकै राखिने पसलले पूजा सामग्री तथा यहाँका स्थानीय उत्पादनको विक्री हुने छ । फलतः आय आर्जनमा बृद्धि हुनेछ १०८ धारामा स्नान गर्न शःसुल्कको व्यवस्था गर्दा दिगो आय भई समग्र क्षेत्रको संरक्षण, विकास तथा व्यवस्थापनमा सहयोग हुने अपेक्षा राखिएको छ ।

## ४.६ पाकरी बृक्ष

### ४.६.१ ऐतिहासिक पृष्ठभूमि

देवदह नगरपालिकाको वडा नं. ९ मा पर्ने पाकरी बृक्ष बुद्धकालिन बृक्षको रुपमा चिनिन्छ । चराहरुले गुँड नलगाउने, गिद्ध रुखमा नबस्ने, रुखको वरिपरि हात्ती नआउने जस्ता विशेषता भएको यो रुख संभवतः नेपालकै पुरानो, ठूलो तथा सात तले रुख हो, जुन सदाबहार रहन्छ । यस रुखलाई नेपालीमा कोटियामाई भनिन्छ भने अन्य नामहरुमा पाकड, फलकाशा, देवदह वनयान, पाकरी रुख भनिन्छ । यसको वैज्ञानिक नाम *Ficus benjamina* जसलाई Weeping fig (Peepal) हो । यस रुखको परिधि करिव ३० मिटर छ भने झण्डै ३० मिटर अग्लो छ । यसको मुख्य हाँगो र सहायक हाँगाहरु जमिनको नजिकै चारैतर्फ फैलिएका छन् । अलौकिक रुपमा मानिएको यस बृक्ष फिल्म सुटिङ तथा यसको दृश्यलाई आफ्नो क्यामरामा कैद गर्ने गर्दछन् । युवा जोडा जोडी यस रुखमा दुवैको नाम लेखेमा प्रेम अमर हुन्छ भन्ने विश्वास छ त्यसैले यस रुखमा नाम खोपिएको देखिन्छ । यसको हाँगा काट्न तथा भाँच्न नहुने विश्वास छ । यसको नामबाट नै यसको आसपासको वस्तीलाई पाकरी बस्ती भनिन्छ ।

### ४.६.२ बर्तमान अवस्था

देवदह नगरपालिकाको पर्यटकीय स्थलहरु मध्ये वडा नं. ९ मा अवस्थित पाकरी बृक्ष पनि एक महत्त्वपूर्ण मानिन्छ। पुरानो बृक्ष फल नलाग्ने तर स-साना फुल फूल्ने यो बृक्ष सदा हरियाली र अजङ्गको छ । खैरेनी वजारबाट करिव १.७४ कि.मि.दक्षिणतर्फ रहेको यो बृक्षको भौगोलिक अवस्थिति २७° ३८’ ०९” उत्तरी अक्षांश र ८३° ३४’ ५१” पूर्वमा साथै समुद्र सतहबाट १३५ मिटर उचाईमा रहेको छ। विशाल फेद र ठूला ठूला हाँगा चारैतर्फ फैलिएर रहेकोले रुखको आकार डोम जस्तै देखिन्छ। यस रुखको वरिपरि गोलाकार रुपमा कम्पाउण्ड लगाई रुखभित्र जान एउटा मार्ग वा प्रवेशद्धार निर्माण गरिएको छ । रुखको फेदमा उत्तरतर्फ नजिकै शिवलिङ्ग स्थापना गरिएको छ । रुखका हाँगाबाट पलाएका जराहरुले पनि यसमा थप सुन्दर आकृति निर्माण गरेको छ । यसको रेखदेखका लागि नगरपालिकाले एक जना कर्मचारीको व्यवस्था गरेको छ । देख्दा अद्धीतीय र वरपरको वोटबृक्ष हेर्दा नौलो लाग्ने यो पाकरी बृक्ष सबैको आकर्षणको केन्द्र बनेको छ ।

### ४.६.३ प्रस्तावित योजना

बुद्धको मावलीघरको आंगनमा रहेको पाकरी बृक्षले पनि अति नै लोकप्रियता पाएको छ । यस बृक्षले अटलता, सुन्दरता तथा प्राकृतिक सान बोकेको छ । यसको अवलोकन गर्न आउने दर्शकलाई ध्यानमा राखी यहाँको भूमिको दिगो रुपमा उपयोग हुने गरि योजनाबद्ध रुपमा भू-उपयोग गर्ने प्रस्ताव गरिएको छ ।

१. पाकरी रुखको फेद वरिपरि मल जल गर्ने र वाहिरतर्फ बेञ्चहरुको निर्माण गर्ने,

२. हाल निर्माण गरिएको कम्पाउण्ड वालको वरिपरि वाहिरतर्फ तीन मिटर चौडा फूटपाथको निर्माण गर्ने र चार स्थानबाट भित्र आउन जान मिल्ने स्थान राख्ने ,

३. बृक्षले ढाकेको सार्वजनिक जमिनले नपुगेमा वरपरको आवश्यक जमिन खरिद गरि व्यवस्थापन गर्ने ।

४. प्रबेशद्धारमा कलात्मक द्धार निर्माण गर्ने ।

५. मूलद्धार बाहिर उत्तरतर्फ अवलोकन गर्न आउने पर्यटकका सवारी साधन पार्किङ गर्ने स्थान र प्रतिक्षालय वनाउने ।

६. मुलद्धारको दक्षिणतर्फ एक बहुउद्देश्यीय भवन निर्माण गर्ने जसमा सूचना केन्द्र, चौकीदार कक्ष र सार्वजनिक शौचालयको ब्यवस्था गर्ने ।

७. ब्यक्तिगत जमिनलाई भाडामा लिएर भए पनि रुखको दक्षिणतर्फ वनभोज स्थल वनाउने ।

८. वर्तमान कम्पाउण्ड भित्र दुवो रोपी ध्यान गर्न अनूकुल अवस्था वनाउने ।

९. राजमार्ग देखि नै यसको जानकारीका लागि सूचना बोर्डहरु राख्ने ।




(नक्शा १२)

### ४.६.४ मुख्य क्रियाकलाप र योजना कार्यान्वयन ब्यवस्थापन

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| १ | रुखको संरक्षण तथा यसलाई मलजल गर्ने | १ वर्ष | न.पा., स्थानीय समिति | न.पा., जिल्ला वन कार्यालय । | ५ लाख | न.पा., जि.वि.स., जिल्ला वन कार्यालय । |
| २ | कम्पाउण्ड र फुटपाथ बनाउने | २ वर्ष | न.पा., | नेपाल पर्यटन वोर्ड | ५०००००।- | न.पा., जि.वि.स., । |
| ३ | प्रबेशद्धार, प्रतिक्षालय र पार्किङ स्थल निर्माण गर्ने | १ वर्ष | न.पा., जि.वि.स. | न.पा. जिल्ला ट्राफिक कार्यालय | ५०००००। | न.पा. |
| ४ | बहुउद्देश्यीय भवन निर्माण | २ वर्ष | न.पा., जि.वि.स. | जि.वि.स. | १५००००० ।- | न.पा., जि.वि.स. |

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| | गर्ने | | | | | चन्दा दाता व्यक्ति |
| ५ | सूचना बोर्डहरु राख्ने | ६ महिना | स्थानीय समिति | जि.वि.स., उ.वा.स., | २०००००।- | न.पा. नेपाल पर्यटन बोर्ड, जि.वि.स. |
| ६ | बेञ्च र दुवो लगाउने | ६ महिना | स्थानीय समिति | न. पा. | ५०००००।- | स्थानीय समिति |
| ७ | वनभोज स्थलको व्यवस्थापन गर्ने | १ वर्ष | न.पा., जि.वि.स. | न.पा., | १५०००००।- | न.पा. |
| ८ | जग्गा खरिद | २ वर्ष | | | २करोड | |

### ४.६.५ आशातित उपलब्धी

वरिपरि कृषि भूमि र पातलो बस्ती विच रहेको प्राकृतिक रुपमा विरलै पाइने पाकरी बृक्षले यस स्थानको सुन्दरता तथा आकर्षण प्रदान गरेकोले एउटा आकर्षक पर्यटकीय स्थलको रुपमा रहेको छ। यसको आसपासमा गरिने योजनाबद्ध विकासले समग्र पाकरी वस्तीलाई र देवदहको पर्यटन विकासमा थप टेवा दिन सक्षम हुने अपेक्षा राखिएको छ । यसै स्थानमा थप चहलपहल बृद्धि हुँदा एकातर्फ स्थानीय वासिन्दाहरु लाभान्वित हुने देखिन्छ भने अर्कातर्फ देवदह नगरपालिकाको पर्यटन उत्पादनमा एक अद्धितीय आर्कषण संलग्न हुनेछ ।

### ४.७ सरहनवारी /शिसपुर होम स्टे

### ४.७.१ होम स्टे तथा ग्रामीण पर्यटकीय अवधारणा

सामान्यतया कुनै व्यक्ति आफ्नो बासस्थान छोडी केही उद्देश्य पूर्तिको लागि अर्को ठाउँमा भ्रमण गरी निश्चित अवधिको लागि आफ्ना क्रियाकलापहरु सञ्चालन गरी उद्देश्य पूरा गर्दछ भने त्यस्तो व्यक्तिलाई पर्यटक (Tourist) भनिन्छ । आफ्नो स्थायी बासस्थान छोडी कम्तीमा पनि २४ घण्टा बाहिरी क्षेत्रमा गएर विभिन्न उद्देश्य लिएर यात्रा गर्ने तर स्थायी बसोबास नगर्ने यात्रीलाई पर्यटक (Tourist) भनिन्छ (पौडेल, २०६०) । यिनीहरु जलयात्रा, पदयात्रा, पर्वतीय पर्यटन, प्राकृतिक सौन्दर्य, वातावरणीय पर्यटन, स्वास्थ्य उपचार, व्यापार र व्यावसायिकता, वन्यजन्तु अवलोकन, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा क्षेत्रको भ्रमण, अन्य विशेष खालका इच्छानुसार क्रियाकलापहरुको लागि भ्रमण गर्छन् । पर्यटकलाई २ भागमा बाड्न सकिन्छ । आन्तरिक पर्यटक र वाह्य पर्यटक । कुनै व्यक्ति आफ्नो मुलुकभित्र एक ठाउँबाट अर्को ठाउँमा भ्रमण गरी आफ्नो उद्देश्य पूरा गर्दछ भने त्यसलाई आन्तरिक पर्यटक (Internal or Domestic Tourist) भनिन्छ । त्यसैगरी कुनै व्यक्ति आफ्नो मुलुक छाडी खास उद्देश्य पूर्तिका लागि अर्को मुलुकको भ्रमण गर्दछ भने त्यसलाई बाह्य पर्यटक (External or International Tourist) भनिन्छ । यस प्रकारको आन्तरिक र बाह्य पर्यटकहरु आफ्नो देशको भौतिक संवृद्धिले सृजना गरेको कोलाहलपूर्ण सांस्कृतिक वातावरणबाट टाढा रही केही समय भए पनि ग्रामिण क्षेत्रको सुन्दर प्राकृतिक तथा सांस्कृतिक वातावरणमा रमाउन चाहन्छन् । ग्रामीण इलाकामा पर्यटकका निम्ति गरिने आवास, खाना, मनोरञ्जन साथै अन्य सेवा प्रदान गर्ने उद्देश्यले आफ्नो घर वा समुदायमा नीजि सामुहिक रुपमा सञ्चालन गरिएको सेवा नै घरबास (Home stay) हो । नेपालमा ग्रामीण वस्तीको बहुलता भएको र अधिकांश बस्तीहरु पहाड, हिमाल र तराईका भू-भागमा सुन्दर र स्वच्छ रुपमा रहेकोले पर्यटकका लागि आकर्षणका केन्द्र बनेका छन् ।

नेपालको ग्रामीण क्षेत्रको जीवन स्तर सुधार गर्न बैकल्पिक रोजगारी सृजना गर्दै स्थानीय प्राकृतिक साधन तथा सांस्कृतिक धरोहरहरुको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यका साथ साथै गाँउको प्राकृतिक शान्त वातावरणलाई समूचित रुपमा उपयोग गर्ने लक्ष्यका साथ घरबास पर्यटन (Home Stay) तथा ग्रामीण पर्यटनको अवधारणा विकास भएको हो । ग्रामीण क्षेत्रका स्थानीय जनतामा स्वरोजगारका अवसर सृजना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जीवन स्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामीण पर्यटन पूर्वाधारको दिगो विकासको माध्यमबाट सबै खाले समुदायको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँच भित्र ल्याउने संरचनाको निर्माण र विकास गर्ने पर्यटन नीति २०६५ अनुसार नेपालका ग्रामीण भेगमा तथा शहरी भेगमा समेत घरबास कार्यक्रम संचालन गरी रोजगारका अवसरहरु सृजना गरी गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने अपेक्षा राखी यो कार्यक्रम संचालन हुन थालेको हो । यो कार्यक्रमले अतिथिसँग आत्मीयतापूर्ण सत्कारको आदानप्रदान गर्ने संस्कारको विकास, शान्त वातावरण जस्ता

विशिष्ट पहिचान दिनमा यो अभियान अति नै समय सापेक्ष र गाउँको हितमा रहेको मानिन्छ । तसर्थ, नेपाल जस्तो ग्रामीण बहुलता भएको देशको निम्ति यो अपरिहार्य अवधारणा हो ।

गाउँ नै गाउँले भरिएको नेपाल ग्रामीण पर्यटनका लागि एक महत्त्वपूर्ण गन्तव्य बन्दै आएको छ। विशेष गरी, सिरुवारी (स्याङ्जा), घलेगाउँ (लम्जुङ), बन्दिपुर (तनहूँ), कपन (काठमाण्डौं), ल्वाङ (कास्की) आदि होम स्टेले नेपालमा महत्त्वपूर्ण गन्तव्य बनाउँदै आएका छन् । नेपालका धेरै गाउँहरुमा होम स्टेका सम्भावना रहेका छन् । सरहनवारी पहिलेदेखि नै परम्परागत रुपमा अतिथिहरुलाई सत्कार गर्दै आएको यो गाउँमा घरबास सञ्चालन गर्नसके ग्रामिण क्षेत्रका बासिन्दाको आय आर्जनमा वृद्धिका साथै पर्यटकीय रुपमा पनि यो ठाउँको महत्त्व बढ्न सक्ने  देखिन्छ ।

**४.७.२ सरहनबारीको ऐतिहासिक पृष्ठभूमि**

देवदह नगरपालिकाको उत्तरतर्फ वडा नं. ७ मा अवस्थित सरहनबारी वरपर घना वन जङ्गलले घेरिएको चुरे फेदी समेतको भावर क्षेत्रमा अवस्थित गाउँ हो । प्रायः मगर जातिको बसोबास रहेको यो ठाउँका सबै मानिसहरू बोलिचालीमा मगर भाषाको नै प्रयोग गर्दछन् । यी मगर जातिका मानिसहरू वि.सं. २०२५ सालदेखि यस क्षेत्रमा आई बसोबास गरेको पाइन्छ । यो ठाउँमा उनीहरू पाल्पा जिल्लाका गोठादी, रहवास, फडेवास, कसेरी, कोलडाँडा आदि गाउँहरूबाट बसाइ सरी आएका छन् । यहाँका बासिन्दाको भनाइ अनुसार पहिले पाल्पा जिल्ला अन्तर्गत पर्ने यो क्षेत्र वि.सं. १९५३ मा पाल्पामा नै दर्ता भएको र १९७० मा इजहार जारी गरी यी मगरहरूलाई जङ्गल नै दिइएको थियो भने वि.सं. २०२४ सम्म यो जङ्गलकै रूपमा थियो । वि.सं. २०१८।२० सालमा यो जङ्गलको रूपमा रहेकोले लगत कट्टा गर्न खोज्दा पाल्पाका सरकारी मानिसले लगत कट्टा नगर बरु जङ्गल फाँडेर आवाद गरी खाउ भनेकोले वि.सं. २०२५ मा पाल्पाबाट बसाइ सरी यहाँ आइ बसोबास गरेको भन्ने स्थानीय वासिन्दाहरुको भनाइ छ । वि.सं. २०३४ सम्म तिरो तिर्दै आएका यहाँका व्यक्तिहरूको जग्गा नापी छुट हुन गयो र रूपन्देही जिल्ला अन्तर्गत यो क्षेत्र पर्न गयो । वि.सं. २०४५ मा मालपोत कार्यालय भैरहवामा भौचर भरेको भए तापनि हालसम्म जग्गा नापी हुन सकेको छैन । जग्गाको लालपूर्जा प्राप्त नभए तापनि यहाँका मानिसहरूले विगत वि.सं. २०२५ देखि वस्तीको विकास गर्दै गाउँमा विभिन्न सेवा सुविधाको सिर्जना गर्दै यस स्थितितर्फ आएको पाइन्छ । सरहनवारीको पुरानो नाम सरन टाँडी हो । यहाँ तल्लो टाँडी र उपल्लो टाँडी गरी २ गाउँहरू रहेका छन् र हाल आएर यसलाई सरहन बारी भन्ने गरिन्छ ।

**४.७.३ सरहनवारीको वर्तमान अवस्था**

सरहनवारी गाउँ देवदह नगरपालिकाको वडा नं. ७ अन्तर्गत चुरे फेदी समेतको भावर क्षेत्रमा अवस्थित गाउँ हो । यो जङ्गलको बिचमा केही भिरालो वस्तीको रूपमा ह्याक खोला र सरन खोला बिच

रहेको छ । यसको भौगोलिक अवस्थिति २७° ४०' ३४" उत्तरी अक्षांश र ८३° ३४' २६" पूर्वी देशान्तरमा रहेको छ । समुद्र सतहदेखि १६० मि. देखि ३०० मिटरसम्म अवस्थित यो भू-भागमा उष्ण मनसुनी किसिमको हावापानी पाइन्छ । यहाँको धरातल बालुवा, कंकड र ढुगाले बनेको छ । वरपर रहेका खोलाहरुले यो वस्तीलाई कटान गर्दै लगेको पाइन्छ । यहाँ चट्टान फोस्रिएर रहेको माटो, बालुवा मिसिएको साथै केही मात्रामा ह्यूमस मिसिएको हुनाले उर्वर छ । तसर्थ विभिन्न किसिमका तरकारी खेती राम्रोसँग फस्टाउन सकेको छ । यो गाउँ हुँदै उत्तरतर्फ माथागढी रहेको छ, जहाँ पैदल मार्ग यही बाटो हुँदै जानु पर्दछ । यहाँ वरपर विभिन्न किसिमका वनस्पति प्रजातिहरू रहेका जङ्गल, विभिन्न किसिमका सानादेखि ठूला वन्यजन्तुहरू, कीरा फट्याङ्ग्रा, पुतली तथा घस्रने जीवहरू पाइन्छन् ।

सरहनवारी गाउँको सामाजिक सांस्कृतिक स्थिति अन्तर्गत यहाँ जनजातिको बसोबास रहेको छ । विशेष गरी मगर जातिको बसोबास रहेको यो गाउँमा ८८ घरहरू रहेका छन् । यहाँका मानिसहरूको मातृभाषा मगर हो । प्रमुख रूपमा हिन्दू धर्म मान्ने मगरहरूका चाडपर्वहरूमा दशै, तिहार, पुस पन्ध्र, माघे सङ्क्रान्ति, चैते दशै आदि हुन् । यहाँका मानिसहरूको नाचगानमा सोरठी, झ्याउरे, आदि हुन् । कृषि परम्परागत खालको छ तर हाल आएर तरकारी खेती व्यावसायिक रूपमा गरिएको छ । विशेष गरी सिमी खेती यहाँको प्रसिद्ध तरकारी बाली हो । वर्षेनी करिब …….. बराबरको सिमी निर्यात गरिन्छ । यसै गरी तरुल पिंडालु पनि प्रशस्त हुन्छ ।

शैक्षिक दृष्टिले यहाँ एक प्राथमिक विद्यालय छ जहाँ कक्षा पाँचसम्मको अध्ययन गर्न सकिन्छ भने माध्यमिक शिक्षाका लागि खैरेनी बजारमा करिब २ घण्टा दुरी पैदल हिड्नु पर्छ । जनसाङ्ख्यिक दृष्टिमा यो गाउँमा तल्लो टाँडी र माथिल्लो टाँडी वस्तीहरू छन् । वस्तीको संरचना र घरको अवस्था हेर्दा यहाँको बस्ती बारिका कान्ला कान्लामा घरहरू बनाइएका छन् । प्राय टिनले छाइएका घरहरूमा माटो ढुङ्गा, ब्लकले बनाइएका छन् । तल्लो तला भान्साको रूपमा र माथिल्लो तला सुत्न र सामान राख्न प्रयोग गरिन्छ । पूर्वाधारको स्थिति हेर्दा राजमार्गदेखि कच्ची सडकले यो गाउँ जोडिएको भए तापनि वर्षादको बेलामा खोलाहरूमा पानीको मात्रा बढ्नाले यातायात सञ्चालन हुन सक्दैन । साना गोरेटो बाटोले गाउँहरू जोडिएका छन् । व्यापारको रूपमा गाउँमा नै सामान्य पसलहरू छन् जसबाट गाउँलेले आफ्ना सामान्य घरायसी सामान किन्छन् भने बजारको रूपमा खैरेनी नै हो । स्वास्थ्य चौकी पनि खैरेनीमा नै छ । खानेपानी नजिकै रहेको खोलाबाट ल्याइएको छ । सुरक्षाको दृष्टिमा प्रहरी चौकी खैरेनीमा रहेको छ । सञ्चारको रूपमा प्रायः घरमा मोबाइल फोन रहेको छ भने, फोहोर मैला व्यवस्थापन गर्ने प्रचलनमा डढाउने र गाड्ने गरिन्छ ।




(नक्सा १३)

## ४.७.४ सरहनबारीको पर्यटकीय स्थिति

सरहनबारी पर्यटकीय दृष्टिले प्रचुर सम्भावना बोकेको गाउँ हो । हालसम्म पूर्वाधारहरूको कमीको कारण व्यवस्थित रूपमा पर्यटनको विकास हुन सकेको छैन । होम स्टेको रूपमा यो गाउँलाई विकास गर्नका लागि नगरपालिकाको पहलमा विभिन्न तालिम दिने

काम भएको छ। होम स्टेलाई व्यवस्थित र दर्ता गरिएको छैन। यस गाउँमा एक पटकमा करिब ३०।३५ पाहुनालाई राख्न सक्ने सम्भावना छ। केही स्वदेशी पर्यटकहरू कहिलेकाँही होम स्टेमा बस्न आएका पनि छन्। यहाँका पर्यटकीय सम्पदाहरू निम्नानुसार रहेका छन्:

अर्गानिक खाना

मगर संस्कृति

माथागढी (दृष्यावलोकनको लागि जाने पैदल मार्गमा पर्ने)

चरा तथा वन्यजन्तु अवलोकन

पदमार्ग

जैविक विविधता

वनभोज स्थल, जलुके झरना तथा रह

## ४.७.५ सरहनबारीका समस्याहरू

सरहनबारी होम स्टेको रूपमा प्रचुर सम्भावना भए तापनि यहाँका केही समस्याहरू छन् ती समस्याहरू यस प्रकार छन् :

- कृषि मुख्य पेशा भए पनि आर्थिक अवस्था राम्रो हुन सकेको छैन।
- सडक कच्ची र वर्षादको समयमा यातायात सञ्चालन हुन नसक्नु।
- घर जग्गाको स्वामित्व अन्तर्गत लालपूर्जा अझसम्म नपाइनु।
- घर वरपर बङ्गुर, सुँगुरको व्यवस्थापन गर्न नसक्नु।
- होम स्टे सम्बन्धी तालिम, दर्ता आदि नहुनु।
- प्रचार प्रसारको कमी।

**४.७.६ शिसपुरको ऐतिहासिक अवस्था**
**४.७.७ शिसपुरको वर्तमान अवस्था**
**४.७.८ शिसपुरको पर्यटकीय स्थिति**
**४.७.९ शिसपुरका समस्याहरू**

**४.७.१० होम स्टे सञ्चालनका आधारभूत पक्षहरु**

**१.आधारभूत मापदण्डहरु**

सरहनवारी गाउँमा घरबास सञ्चालन गर्नका लागि निम्न किसिमका सञ्चालनका आधारभूत मापदण्डहरु राखिएका छन् :

**होम स्टेका लागि घर, कोठा र शैया**

- प्रत्येक सामुदायिक होम स्टेका लागि भिन्न स्वामित्व भएका कम्तिमा ५ घर भएको हुनुपर्ने । एक आपसमा सहज पहुँचका लागि बाटोको प्रवन्ध भएको, घरहरु मौलिक संकृति झल्कने र हावाहुरी, जंगली जनावर आदिबाट सुरक्षित हुनुपर्ने, हिलो तथा धुलो रहित र सफा सुग्घर हुनु पर्नेछ ।
- पाहुनाका लागि कम्तिमा १ अलग्गै कोठा र बढीमा ४ कोठा छुट्टयाउने ।
- एउटा कोठा बढीमा दुई ओटा ओछ्यान र ओछ्यान कम्तीमा ६.५ फिट लम्बाई र ३ फिट चौडाईको हुनु पर्ने ।
- भुँइमा कार्पेट/राडी/गुन्द्री ओछ्याइएको र ढोकामा खुट्टा पुछ्ने बोरा/डोरम्याट हुनुपर्ने ।
- नरम खालको सफा तन्ना भएको र सफा खोल भएको ओढ्ने व्यवस्था हुनुपर्ने ।
- भित्तामा लुगा झुण्ड्याउने व्यवस्था हुनुपर्ने ।
- सुत्ने कोठामा धुँवा आउन नहुने ।
- कोठमा विजुली बत्ती/लाल्टीन/मैन/टुकी बाल्ने व्यवस्था हुनुपर्ने ।
- फोहोर फाल्ने एउटा टोकरी/डस्टेवीनको व्यवस्था हुनुपर्ने ।
- प्रत्येक पाहुनाका लागि एक जोर चप्पल/स्लिपरको व्यवस्था हुनुपर्ने ।
- सम्भव भएसम्म कोठामा आधा शरिर देखिने ऐनाको व्यवस्था हुनुपर्ने ।
- सम्भव भएसम्म कोठमा टि-टेवल र दुई ओटा कुर्ची राख्नु पर्ने ।

**शौचालय र स्नानगार**

- सुविधायुक्त र सफा शौचालय हुनुपर्ने ।
- नुहाउने प्रबन्धका लागि छुट्टै बाथरुम वा छेकिएर नुहाउन सकिने सुविधायुक्त ठाउँ हुनुपर्ने ।

- स्नानगारमा पानीको बाल्टीन, मग, साबुन, रुमाल आदिको व्यवस्था हुनुपर्ने ।

**भान्छा र खाना खाने व्यवस्था**

- पाहुना राख्ने घर/कोठा नजिक गाई, भैंसी/भेडा-बाखा/सुंगुर/कुखुरा आदि बाँध्न/पाल्न नहुने ( सकेसम्म घरदेखि टाढा राख्ने) ।
- धेरै धुँवा नहुने भान्सा (उन्नत/सुधारिएको चुल्हो भएको) हुनुपर्ने ।
- पानीको सुविधा मिलाउनु पर्ने र खानेपानी फिल्टर/उमालेर मात्र दिनुपर्ने ।
- स्थानीय खानाको परिकारलाई स्वस्थकर ढङ्गले पकाउने र खुवाउने ।
- नेपालीलाई पलेटीकसी बसेर खान मिल्ने ठाउँ, विदेशीलाई सानो डाइनिङ टेबुलको प्रबन्ध भएको हुनुपर्ने ।

**स्वास्थ्य, सरसफाई तथा सुरक्षा**

- मुसा, लामखुट्टे, उडुस, उपिंया, आदिबाट सुरक्षित हुनुपर्ने, सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनुपर्ने, खुला नाली र ढल हुन नहुने, दुर्गन्ध नआउने हुनुपर्ने ।
- वातावरण मैत्री पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाको संरक्षण सार्वजनिक शौचालयको व्यवस्था, बृक्षारोपण हुनुपर्ने ।

यी बाहेक नेपाली कला संस्कृति झल्कने सजावट, लुगा धुने प्रबन्ध गर्नुपर्ने, बाथरुम, पङ्खा, हिटरको व्यवस्था प्राथमिक उपचारको व्यवस्था, संचारका लागि रेडियो/टि.भी. पनि हुनुपर्ने ।

**२. होम स्टेमा गर्नुपर्ने कार्यक्रमहरु**

- स्थानीय सांस्कृतिक नाचगान तथा फूलमालाका साथ पर्यटकीय स्वागत ।
- पर्यटकीय मौलिक संस्कृति वा परम्परामा आधारित सांस्कृतिक कार्यक्रम, मेला, जात्रा जस्ता गतिविधिहरु आयोजना गरी सहभागी गराउने ।
- सांस्कृतिक सम्पदा, सङ्ग्राहलय, घरेलु, तथा हस्तकला सामग्री उत्पादन केन्द्र स्थल, दृश्यावलोकन, जङ्गल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने ।
- स्थानीय कृषि घरेलु तथा हस्तकला, प्रविधिमा सहभागी गराई पर्यटक तथा स्थानीय जनता बीच जीवनशैली, कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने ।
- पर्यटकीय विदाई गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनो सहित फुलमाला पहिराउने ।

## ३. होम स्टे सञ्चालकमा आवश्यक गुण तथा निभाउनुपर्ने जिम्मेवारीहरु

होम स्टे सञ्चालन गर्न र पर्यटकहरुलाई यस अन्तरगतका विभिन्न सेवा सुविधाहरु उपलब्ध गराउन योग्य व्यक्तिको आवश्यकता पर्छ । होम स्टेमा काम गर्न कुनै पनि व्यक्तिमा निम्न गुण हुनु जरुरी छ : जस्तै

**PERSONALITY**

**P -** Pleasantness (सधैं हँसिलो अनुहार)

**E -** Eagerness (अरुलाई मद्दत गर्ने उत्सुकता भएको)

**R -** Respect (अरुप्रति आदरको भावना)

**S -** Sense of Responsibility (जिम्मेवारीको भावना)

**O -** Orderly Mind (नियमको ज्ञान भई सो अनुसार काम गर्ने)

**N -** Neatness (सरसफाई)

**A - Accuracy** -ठिक काम गर्ने)

**L -** Loyalty (वफादारिता)

**I -** Intelligence (मन मस्तिकको ज्ञान प्रयोग गरी काम गर्ने)

**T -** Tactfulness (समस्याको समाधानको खोजी गर्ने)

**Y -** Yearning (आफ्नो व्यवसाय प्रति माया र रुचि राखी काम गर्ने)

## ४. होम स्टे दर्ताको लागि गर्नुपर्ने कार्यहरु

- होम स्टे सञ्चालनका गर्न चाहनेले पर्यटन तथा नागरिक उड्यन मन्त्रालय घरबास सञ्चालन कार्यविधि २०६७ अनुसारको अनुसूचि-२ को ढाँचामा भएको निवेदन सम्बन्धित कार्यालयमा दिनुपर्ने छ ।
- सामुदायिक होम स्टेका लागि कम्तीमा ५ जना घरधनीले आ-आफ्नो घरमा सामुहिक रुपमा होम स्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता तथा निजीका लागि सम्बन्धित नगरपालिका/गाविसको सिफारिस
- जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी, नगरपालिका क्षेत्रको हकमा नक्सा पास भएको प्रमाण ।
- होम स्टे सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

यी बाहेक सामुदायिक होम स्टे सञ्चालन गर्न चाहने सञ्चालकको साधारण भेला गरी होम स्टे सञ्चालक तथा व्यवस्थापन समिति गठन गर्नुपर्ने, समितिका प्रत्येक घर साधारण सदस्य र सञ्चालन तथा व्यवस्थापन समितिमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य, सदस्य सचिव सहित कम्तीमा ५-११ जनासम्मको

समिति बनाउन सकिने छ । यो समावेशी किसिमको हुनुपर्नेछ । प्रत्येक ५ वर्षमा नवीकरण गर्नुपर्ने, जसमा विगत ५ वर्षको आय व्यय पर्यटकको लगत तथा विवरण, समितिको प्रतिवेदन समेत पेश गर्नुपर्ने छ । प्रचार प्रसार तथा बजारीकरणका लागि होडिङबोर्ड, साइनबोर्ड, पोष्टर, ब्रोसर, सिडी, आदि उत्पादन गर्ने, रेडियो, टेलिभिजन साग समन्वय गरी प्रचार प्रसार गर्ने, नेपाल पर्यटन बोर्ड तारा गाउँ विकास समिति, निजी ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग सहकार्य गरी प्रचार प्रसार तथा बजारीकरण गर्नुपर्ने ।

## ५. होम स्टे व्यवस्थापन, क्रियाकलाप, र कार्यक्रमहरु

सरहनवारी गाउँमा रहेको परम्परागत संस्कृति, जीवनशैली, धार्मिक, तथा संस्कृति सम्पदाको अवस्था, भौगोलिक, बनावट र प्राकृतिक वातावरणको मौजुदा अवस्थाको लेखाजोखा गर्दा त्यस स्थानले पर्यटन विकास र प्रवर्द्धनमा उच्च प्राथमिकता प्राप्त गर्नुपर्ने देखिन्छ । पर्यटन विकासका गतिविधी र कार्यक्रमलाई नगरपालिका, जिल्ला स्तरीय योजना मार्फत एकीकृत पर्यटन विकासका कार्यक्रमहरुसँग समन्वय कायम गर्दै प्रबर्द्धन गर्नु पर्ने देखिन्छ । यस योजनामा उल्लेख गरिएका उद्देश्य पूरा गर्न यिनैको सेरोफेरोमा रही क्रियाकलाप सञ्चालन गर्नुपर्छ र यस क्षेत्रमा रहेका ऐतिहासिक, भौतिक तथा प्राकृतिक स्थलहरुको संरक्षण, पर्यटकीय सम्पदाको खोजी, पर्यटन तथा वातावरण सचेतना, प्रचारप्रसार प्रवर्द्धन तथा बजारीकरण, पर्यटन स्वास्थ्य, सुरक्षा, सूचना तथा सञ्चार सुविधा, पूर्वाधार विकास, अध्ययन अनुसन्धान, पर्यटनमा आयमूलक तथा उद्यमशिलताको विकास गर्नका लागि मुख्य क्रियाकलाप र प्रस्तावित कार्यक्रमलाई समावेश गरिएको छ । यो योजना तर्जुमा गर्ने सन्दर्भमा सर्वप्रथम सूचनाका श्रोतहरु विभिन्न प्रकृयाद्वारा सङ्कलन गरी विद्यमान स्रोत साधनको प्राचुर्यताका आधारमा स्थानीय बुद्धिजीवी, समुदाय, स्थानीय निकायबाट प्राप्त जानकारी, सल्लाह, सुझाव तथा स्थलगत अध्ययनको क्रममा प्राप्त जानकारी, स्थानीय आवश्यकता, सम्भावना, समस्या एवं स्थानीय बासीको माग तथा प्राविधिक दृष्टिले सम्भावना देखिएको आधारमा प्राथमिकता क्रमानुसार आगामी दिनमा सञ्चालन गरिने योजना तथा कार्यक्रमलाई प्रस्ताव गरिएको छ ।

## ६. होम स्टे सञ्चालन तथा विकासका लागि कार्यान्वयन रणनीति तथा सुझाव

सरहनबारी गाउँमा होम स्टे सञ्चालनका लागि माथि उल्लिखित कार्यक्रमहरुको प्रस्तावना गरिएको छ । यो गुरुयोजना तर्जुमाको क्रममा छलफल, अन्तरक्रिया र सहभागीबाट उठाइएको अत्यावश्यक सवालहरुलाई ध्यानमा राखी योजना तर्जुमा टोलीबाट देहायका रणनीतिक उपायहरु तय गरिएको छ :

- ❖ होम स्टे सञ्चालनका लागि सम्पूर्ण सरहनबारी बासीलाई सचेत गराउँदै दर्ताको लागि पहल गर्नुका साथै प्रस्तावित १० घरहरुमा यथाशिघ्र भौतिक संरचनाको व्यवस्थापन गर्ने ।

- ❖ नगरपालिका, जिविस जस्ता सरकारी तथा गैरसरकारी निकायहरुको संलग्नतामा समन्वयात्मक ढङ्गबाट पर्यटन पूर्वाधारको विकास गर्ने ।
- ❖ पर्यटनमा संलग्न हुने जनशक्ति विकासका लागि सरोकारवाला निकायसाग समन्वय गरी तालिमको व्यवस्था गर्ने ।
- ❖ प्राकृतिक र सांस्कृतिक वातावरण बीच सुमधुर सन्तुलन कायम राखी पर्यटकीय सम्पदाको खोजी, संरक्षण तथा सम्वर्द्धन गर्ने ।
- ❖ स्थानीय उद्यमशिलता र कृषि विकासमा, युवा, महिला र विपन्न वर्गलाई समेत संलग्न गराउने ।
- ❖ स्थानीय, जिल्ला र केन्द्रिय स्तरका पर्यटन साग सम्वद्ध संस्थाहरु बीच समन्वय गर्ने ।
- ❖ स्थानीय स्रोत सामाग्रीको उपयोग गरी आर्थिक उपलब्धीतर्फ अग्रसर हुने ।
- ❖ होम स्टे विकास र व्यवस्थापन सन्दर्भमा यथार्थ विवरण दिने पुस्तिका प्रकासन गरी व्यवसायी पर्यटक गाइडलाई जानकारी गराउने ।
- ❖ प्रचारप्रसार प्रवर्द्धन र बजारीकरणका लागि नेपाल पर्यटन बोर्ड, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय लगायत अन्य सम्बन्धित निकायहरुसाग समन्वय गर्ने ।
- ❖ कार्यक्रमको सञ्चालन पश्चात स्थानीय, नगरपालिका, जिविस, जिल्ला पर्यटन विकास एंव प्रबर्द्धन समिति , नेपाल पर्यटन, बोर्ड, लगायत सम्बन्धित संस्थाबाट कार्यान्वयन र अनुगमन गर्ने ।

### ४.७.११ मुख्य क्रियाकलाप र योजना कार्यान्वयन व्यवस्थापन

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| १. | होम स्टे सञ्चालन तथा व्यवस्थापन समिति गठन र दर्ता | १ महिना | सरहनबारी र शिसपुर गाउँ बासी | जि.प्रशासन का., न.पा. | १०००००।- | न.पा., गाउँले |
| २. | अभिमुखीकरण कार्यक्रम ( सरहनबारी र शिसपुर गाउँ बासीलाई) | १ दिन | होम स्टे सञ्चालन तथा व्यवस्थापन समिति | नेपाल पर्यटन बोर्ड, जियोनेट पोखरा | १००००० ।- | नेपाल पर्यटन बोर्ड, जि.वि.स. |
| ३. | होम स्टे घर | ६ | सम्बन्धित घर | न.पा. नेपाल | ।- | न.पा., |

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वियन गर्ने जिम्मेवार निकाय | कार्यान्वियन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| | तयारी | महिना | धनी | पर्यटन बोर्ड | | नेपाल पर्यटन बोर्ड, जि.वि.स. |
| ४. | बेसिक तालिम Basic Training on House Keeping Gromming, Cooking, Hygiene, Baking, Hospitality | ६ महिना | न.पा., जि.वि.स., पर्यटन प्रबर्द्धन समिति | नेपाल पर्यटन बोर्ड, तारगाउँ विकास समिति CTEVT | ४००००० ।- | न.पा. नेपाल पर्यटन बोर्ड, जि.वि.स. |
| ५. | परम्परागत हस्तकला सम्बन्धी तालिम (५ दिने) | १ वर्ष | उद्योग वाणिज्य सङ्घ | जि.वि.स., उ.वा.स., घरेलु तथा साना उद्योग कार्यात्य | २०००००।- | न.पा. नेपाल पर्यटन बोर्ड, जि.वि.स. |
| ६. | भाषा तालिम ( आधारभूत अङ्ग्रेजी भाषा) ५ दिने) | १ वर्ष | होम स्टे सञ्चालन तथा व्यवस्थापन समिति | CTEVT, Hotel Management College | २०००००।- | न.पा. नेपाल पर्यटन बोर्ड, जि.वि.स. |
| ७. | पदमार्ग सर्वेक्षण र नक्साङ्कन ( खैरेनी-सरहनबारी-माथागढी) | २ वर्ष | नेपाल पर्यटन बोर्ड, जि.वि.स., न.पा. | Geo Net, Pokhara | ५००००० ।- | न.पा. नेपाल पर्यटन बोर्ड, जि.वि.स. |
| ८. | सार्वजनिक शौचालय निर्माण (सरहनबारी र शिसपुर) | २ वर्ष | न.पा. | स्थानीय समिति | १०००००० ।- | न.पा. नेपाल पर्यटन बोर्ड, जि.वि.स. |
| ९. | सांस्कृतिक | २ वर्ष | होम स्टे | जि.वि.स., | ५०००००० | न.पा. |

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| | सङ्ग्रहालय ( सरहनबारी र शिसपुर) | | सञ्चालन तथा व्यवस्थापन समिति, न.पा. | न.पा., उ.वा.स. | ।- | नेपाल पर्यटन बोर्ड, जि.वि.स. |
| १०. | जङ्गल ट्रेकका लागि बाटो निर्माण (सरहनबारी र शिसपुर) | ३ वर्ष | न. पा. | पर्यटन तथा नागरिक ड्डयन मन्त्रालय, जि.भुसंरक्षण का. | ५०००००।- | नेपाल पर्यटन बोर्ड |
| ११. | माथागढी जाने सिढी बाटो निर्माण | ३ वर्ष | न. पा. | जि. वि.स. | ४०००००।- | न.पा. नेपाल पर्यटन बोर्ड, जि.वि.स. |
| १२. | मोटरबाटो ग्राभेलिङ (सरहनबारी र शिसपुर) | ३ वर्ष | जि.वि.स. | न.पा. | २५०००००।- | न.पा., जि.वि.स. |
| १३. | सांस्कृतिक पर्व तथा गतिविधिको वार्षिक क्यालेन्डर | १ वर्ष | होम स्टे सञ्चालन तथा व्यवस्थापन समिति | नेपाल पर्यटन बोर्ड | ४०००० ।- | नेपाल पर्यटन बोर्ड |
| १४. | सामाजिक सञ्जाल डकुमेन्ट्री, सिडी, डीभीडी, टेलिभिजन कार्यक्रम | २ वर्ष | होम स्टे सञ्चालन तथा व्यवस्थापन समिति | नेपाल पर्यटन बोर्ड, नेपाल टिभी, जि.वि.स., न.पा. | १०००००।- | नेपाल पर्यटन बोर्ड, जि.वि.स. |
| १५ | पर्यटन सूचना केन्द्र स्थापना ( पर्यटन सङ्केत तथा सूचना बोर्ड | २ वर्ष | होम स्टे सञ्चालन तथा व्यवस्थापन समिति | जि.वि.स., न.पा., नेपाल पर्यटन बोर्ड | १०००००।- | नेपाल पर्यटन बोर्ड, जि.वि.स. |

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| | र पर्यटन आकर्षण नक्सा) | | | | | |
| १६ | महोत्सव (२ वर्षमा १ पटक) | | होम स्टे सञ्चालन तथा व्यवस्थापन समिति, युवा क्लब, आमा समूह | न.पा., जि.वि.स. | १,५०,००० ।- | नेपाल पर्यटन बोर्ड, जि.वि.स. |
| १७ | शिसपुरमा ढलको व्यवस्थापन | १ वर्ष | न. पा., स्थानीय समिति | न.पा., जि.वि.स. | १००००००।- | न.पा., जि.वि.स. |
| १८ | शिसपुरमा सभाहलको निर्माण | ३ वर्ष | न. पा., स्थानीय समिति | न.पा., जि.वि.स. | १००००००। | न.पा., जि.वि.स., ने. प. वोर्ड |
| १९ | थारु ड्यूहारको संरक्षण | १ वर्ष | स्थानीय समिति | | ५००००। | स्थानीय समुदाय |
| २० | हरियाली पार्क व्यवस्थापन | २ वर्ष | न.पा.,उ.वा. संघ, वन कार्यालय | न.पा.,उ.वा. संघ, वन कार्यालय | | न.पा.,उ.वा. संघ, पर्यटन मन्त्रालय |
| २१ | बहुउद्धेश्यिय भवन, शितलनगर | ३ वर्ष | | | ३ करोड | |
| २२ | गुम्बा (वडा नं१०, शितलनगर) | | | | २ करोड | |
| २३ | गुम्बा ( वडा नं देविस्थान) | | | | २ करोड | |

## ४.८ देवदह नगरपालिकाका अन्य पर्यटकीय स्थलहरु

### क) माथागाढी

देवदह नगरपलिकाको उत्तरमा रहेको चुरे श्रेणीको सवभन्दा अग्लो स्थानमा रहेको माथागढी समुद्र सतहदेखि करीब ११६२ मी.को उचाइमा अवस्थित छ । यो एक शक्ति पिठ हो जसको नामाकरण नै माथा अर्थात माता (देवी) बाट भएको छ । यसको भौगोलिक अवस्थिति २७° ४२' ५०" उत्तरी अक्षांश र ८३° ३३' ३४" पूर्वि देशान्तरमा रहेको छ । यो देवदहको एक महत्त्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सकिने

स्थान हो, जहाँ शितल हावा, दृश्यावलोकन, मीठो पानी पाइनु, दृश्यावलोकनका लागि पासिद्ध रहेको यो स्थानबाट अन्नपूर्ण, धौलागिरी हिमश्रृखलाका विभिन्न हिमशिखरदेखि महाभारत पर्वतका अनेकौ डाँडाकाडा, गाँउ बस्तीहरु साथै तराईका समथर भूभागहरु देखिन्छ । यस स्थानको माथिल्लो भागमा एक छाना मात्र भएको मन्दिर छ । जहाँ केही फलामका हतियार र संगीतका सामानहरु रहेका छन् । यहाको अचम्म लाग्दो विशेषता के मानिन्छ भने जव देशमा दुःख आइपर्छ त्यहाँ भएको भाँडामा रहेको फलामका धनुकाँण हराउने र अरुवेला देखिने हुन्छ । यस क्षेत्रमा हरेक वर्षमा मेला लाग्ने गर्दछ । यो क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न खैरेनी बजार लगायत राजमार्गका विभिन्न स्थानबाट सीँढी बाटो तयार गरी ट्रेकिङ रुपको विकास गर्नु जरुरी छ। साथै बनिरहेको कच्ची मोटर बाटोलाई सुधार गरी ग्राभेलिङ गर्न सके पर्यटकहरु सजिलै आउन जान सक्ने देखिन्छ ।

**ख) देवदह पार्क**

देवदह नगरपालिकाको वडा नं. ८, खैरेनी बजारमा पूर्व पश्चिम राजमार्गसँगै दक्षिणमा रहेको देवदह पार्क पनि महत्त्वपूर्ण दर्शनीय स्थल हो । प्यागोडा शैलीमा रहेको यो पार्क वि.सं. ... मा देवदह संरक्षण एकेडेमीले बनाएको हो । भगवान बुद्धको ७ फिट अग्लो मुर्तिका साथै उनका चेला सारीपुत्रको पनि मुर्ति रहेको यो पार्कमा बगैँचा समेत रहेको छ । जहाँ बोधी वृक्षका साथै विभिन्न फूलहरु रोपिएका छन् ।

**ग) खयरडांडा**

खयरडाँडा देवदहको एक महत्त्वपूर्ण ऐतिहासिक तथा पुरातात्त्विक सम्पदा हो । देवदह नगरपालिकाको वडा नं. १० मा पूर्व पश्चिम राजमार्गसगै दक्षिणमा सामुदायिक वन भित्र रहेको यो क्षेत्र करीब २.२४ वर्ग कि.मि. सम्मको क्षेत्रफलमा फैलिएको छ । यसको भौगोलिक अवस्थिति २७° ३९’ १५” उत्तरी अक्षांश र ८३° ३३’ ५०” पूर्वि देशान्तरमा समुद्र सतहदेखि करिव १३६ मिटर उचाइमा अवस्थित छ । वरपरको जमिन भन्दा केही अग्लो करिव मध्ययुगीन दरवारका भग्नावशेषहरु देख्न सकिन्छ । हाल यहाँ जंगलको विकास भएको छ । यसलाई लुम्बिनी विकास कोषले उत्खननका लागि तारवार गरी राखेको स्थितिमा छ । यो देवदहमा ऐतिहासिक दरवार थियो भन्ने विभिन्न आधारहरु पाइएका छन् । करीब १२ के.जी सम्मको ठूला ईटाहरु, माटाका भाँडाकुँडाहरु, पुराना सिक्का, हतियारहरु, इनार यहाँ पाइएका छन् । बुद्ध भन्दा अगाडिका पूरातात्त्विक वस्तुहरु समेत यस क्षेत्रमा भेटिएका छन् । तसर्थ यहाँ प्राचीन कोलीय राज्यको दरवार पुरिएको हुन सक्ने अनुमान पूरातत्त्वविद्हरुले गर्दै आएका छन् ।

**घ) मायादेवी पार्क**

देवदह नगरपालिकाको वडा नं. ९ मा शितलनगरदेखि २ कि.मी दक्षिणमा घोडाहा खोलादेखि पूर्वमा रहेको मायादेवी पार्क एक महत्त्वूर्ण स्थल हो । यसको अवस्थिति अवस्थिति २७° ३३' २८" उत्तरी अक्षांशदेखि २७° ४३' २७" उत्तरी अक्षांश र पुर्वी देशान्तरमा रहेको छ । यहाँ मायादेवीको मन्दिर सहित चैत्य, स्तुपा, फुलबारी आदि रहेको छन । शान्त हरीयाली रुखहरुको छहारीमा रहेको यो स्थल वनभोज स्थलको रुपमा पनि प्रयोग हुँदै आएको छ । स्थानीयबासी, आमासमुह, सामुदायिक वन, नेपाल तामाङ घेदुङ संघ, आदि संघ सस्थाले पार्कको निर्माण र व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यो पार्क बुद्ध मावली सामुदायिक वन क्षेत्र अर्न्तगत पर्दछ ।

**ङ) शिशपुर, बसन्तपुर**

**ङ) शिशपुर, बसन्तपुर**

देवदह नगरपालिकाको वडा नं. ३ मा पर्ने शिशपुर थारु समुदायको बाहुल्यता रहेका गाँउ हुन २७° ३६' ४३" ८३° ३३' २८" कठेरीया थारु का ५५ घरधुरी भएको यस बस्तीमा थारुहरुको परम्परागत कला संस्कृति साथै सामाजिक, आर्थिक स्थितिको अध्ययन अवलोकन गर्न सकिन्छ । कृषिको प्रधानता भएको यस स्थानमा सरकारी र अन्य जागिर खानेहरुको संख्या न्यून छ । यहाँ माछा पोखरी, हाँस पोखरी, निर्माण गरिएको छ भने प्रसस्त आलु उत्पादन हुन्छ । यहाँ १.३ हेक्टरका हरियाली सामुदायीक वन, परम्पागत पूजा स्थल - कूल), एक निमावि र एक प्रावि रहेको यस स्थानमा सक्ने यी गाँउमा ग्रामीण पर्यटन अन्तरगत होम स्टेको विकास गर्न सके यिनीहरुको आर्य आर्जन समेत राम्रो हुन सक्दछ । सामुदायिक रुपमा होम स्टे बनाएर पर्यटकीय गाँउ बनाउन सकिने संभावना समेत रहेको छ ।

**च) गौमार्ग**

देवदह नगरपालिका दुध उत्पादनमा ज्यादै अगाडि छ । यहाँका मानिसहरु प्रशस्त मात्रमा दुध उत्पादन गरी आयस्रोत बढाएका छन् । विशेषगरी देवदह नगरपालिकाको वडा नं. ८ मा रहेको खैरेनी बजार......सम्मको मार्गलाई गौमार्गको रुपमा विकास गर्न सकेमा यहाँ आउने पर्यटकले अध्ययन भ्रमण गर्न सक्नेछन । साथै देवदहले दुध उत्पादन गरी दुग्धजन्य वस्तुहरु राजमार्गको नजिकै शितलनगरमा कोसेली घर निर्माण गरी निर्यात गर्ने अवधारणा ल्याएको छ । यसले पनि पर्यटन विकास हुन सक्छ ।

**छ) मठ, मन्दिरहरु**

देवदह नगरपालिका भित्र विभिन्न मठ मन्दिरहरु लगायत चर्च, गुम्बा, मस्जिदहरु रहेका छन् । विभिन्न धार्मिक आस्था मान्ने व्याक्तिहरुले पूजाआजादेखि विवाह, ब्रतबन्ध जस्ता धार्मिक क्रियाकलापहरु गर्दछन । यसका साथै दैनिक रुपमा दर्शन गर्नेहरुको पनि भिड लाग्ने गर्दछ । यस्ता मन्दिरहरुमा दुर्गा पञ्चायन मन्दिर,लोकेश्वर मन्दिर, महाकाली मन्दिर, कालिका मन्दिर, विर्ताको मस्जिद, टटेराको शीव मन्दिर, दुर्गा मन्दिर, वंगालीको बुद्धगुम्बा, टटेराको ज्ञानज्योति बुद्धविहार, शान्ती नगरको धर्मोदय विहार आदि हुन ।

**ज) वंगाला, वंगाली**

वंगाला, वंगाली गाँउ देवदह नगरपालिकाको वडा नं ९ मा पर्ने थारु जातीका मानिसहरु बसोबास गरेको गाँउ हो जुन ऐतिहासिक र पूरातात्त्विक दृष्टिले समेत महत्त्व राख्दछ । मध्ययुगिन समयमा खयरडाँडा र भवानीपुरको बाटोमा पर्ने यस स्थानमा विभिन्न पाटी पौवा, मन्दिर लगायत कुवा, चौताराहरुको निर्माण गरिएको थियो भन्ने इतिहास पाइन्छ । हाल ती पूरातात्त्विक महत्त्वका वस्तुहरु पुरिएर रहेको स्थितिमा छन् । यी स्थानहरुको अध्ययन, अन्वेषण र उत्खनन गर्न जरुरी छ । यहाँको वास्तविक अवस्थालाई उजागर गर्नसके पर्यटकीय आकर्षण बढ्ने छ ।

**झ) पिकनीक स्थलहरु**

देवदह नगरपालिकामा पर्यटन प्रवर्द्धनका लागि विभिन्न क्षेत्रमा मनोरञ्जनका लागि पिकनीक स्थलहरु रहेका भए तापनि यिनीहरुको सेवा सुविधामा विस्तार गर्नु पर्दछ । बढदो शहरीकरणसँगै मानिसहरु मनोरञ्जनका लागि पिकनीक जान्छ । देवदहमा विशेषगरी देवदह, भवानीपुर, केउली, दाउन्ने, सरहनवारी आदि ठाँउहरुमा थप सेवा विस्तार गरी र अन्य राजमार्ग नजीकका भागहरुमा समेत पिकनीक स्थल बनाउन सके स्थानीय व्यक्तिहरुका साथै वरपरका क्षेत्रका मानिस समेत आकर्षित भइ पर्यटकीय गतिविधि बढाउन सकिन्छ ।

**ञ) पार्कहरु**

पर्यटकीय महत्त्वका क्षेत्रहरुमा विभिन्न पार्कहरु समेत पर्दछन् । देवदह क्षेत्रमा पनि केही सञ्चालित र केही सम्भाव्य पार्कहरु रहेका छन् । विशेष गरी भवानीपुरमा रहेको पार्क, मदन आश्रित पार्क, शिवालय वाटिका, प्रस्तावित शहिद पार्क, प्रस्तावित विपि स्मृति पार्कहरु रहेका छन् । यिनीहरुको अलवा अन्य संभावित क्षेत्रहरुमा व्यवस्थित पार्कहरुको निर्माण गरी पर्यटकीय पूर्वाधारको विकास गर्नु पर्दछ ।

**ट) खेलमैदान**

विभिन्न खेल मैदानहरु पर्यटकीय दृष्टिले महत्त्व मानिन्छन् । देवदहमा खास गरी पानवारी खेल मैदान, शिवालय टोल खेल मैदान, सृष्टि खेल मैदान भवानीपुर आदि रहेका छन् । यसका साथै व्यवस्थित रुपमा रंगशाला समेत बनाउन जरुरी छ ।

**ठ) सातपत्रे**

देवदह नगरपालिकाको वडा नं. १० अन्तर्गत पर्ने सातपत्रे पनि पर्यटकीय रुपमा विकास गर्न सकिने स्थल हो । राजमार्गदेखि उत्तरमा रहेको पानीको तलाउ, डाँडाकाँडा, थुक्काथुम्की रहेको यो क्षेत्र प्रगति सामुदायिक वन क्षेत्र भित्र पर्दछ । यस स्थानलाई व्यवस्थित तलाउ, पिकनीक स्थल, बगैंचा आदिको निर्माण गरेमा एउटा पर्यटकीय स्थल समेत बन्न सक्ने संभावना रहेको छ ।

**ड) देवदह ११ पर्यटकीय स्थल (Devdaha 11 Touristic Points)**

देवदहका पर्यटकीय गन्तव्य स्थलहरुमा पर्यटकहरुलाई दृश्यावलोकन गराउन मुख्यगरी सुगम रुपमा रहेका थोरै समयमा पैदलमार्ग र सवारी साधनबाट पनि सजिलै पुग्ने गरी रहेका पर्यटकीय स्थलहरुलाई देवदह ११ पर्यटकीय स्थलका रुपमा चिनारी गराउन सकिन्छ । यि भिन्दा भिन्दै विशिष्ट विषेशता भएका स्थानहरुमा देवदह पार्क, देवदह, बोटानिकल गार्डेन, खयरडाँडा, वंगाला/बंगाली, कन्यामाई/बैरीमाई, गौमार्ग, मायादेवी पार्क, पाकरी, भवानीपुर, शिसपुर गरी ११ पर्यटकीय स्थान लाई प्रस्ताव गरिएको छ ।

**४.८.१ प्राकृतिक चिकित्सालय, योग तथा मेडिटेशन सेन्टर :**

देवदह न.पा. १० घोडाहा उत्तर नागथान रहेको क्षेत्रको करिव ३ विगाहा जग्गामा प्राकृतिक र वानस्पतिक हिसावले सुन्दर र मनोरम छ । उत्तरमा दामोदर कुण्ड वाट कालीगण्डकी नदीले प्रवाह गर्ने सकारात्मक उर्जा यस क्षेत्र हुँदै वहने हुँदा यस क्षेत्र ध्यान (Meditation) को लागि उच्च संभाव्य क्षेत्र (High Vibrant Area) भएको यस क्षेत्रका जानकारहरुले पटक पटक अनुभुति गरेको बताउछन । गौतम बुद्धको मावली क्षेत्र भएको र वद्धका अष्टागिंक मार्गहरुको सम्यक ध्यानलाई ब्रहमतत्व ज्ञान प्राप्तीको लागि प्रमुख अस्त्र मानिएकोले यस क्षेत्रमा आवसीय सुविधा सम्पन्न्न ध्यान र योग प्रशिक्षण क्न्द्र तथा प्राकृतिक चिकित्सालय स्थापना गर्नु पर्दछ । यसो भएमा लुम्विनी आउने बौद्ध तिर्थालु तथा पर्यटकहरुको उपयुक्त गन्तव्यस्थलको रुपमा विकास गर्न सकिन्छ ।

४.८.२ मुख्य क्रियाकलाप र योजना

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वियन गर्ने जिम्मेवार निकाय | कार्यान्वियन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| १. | चिकित्सालय भवन | | | | ५ करोड | |

| क.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| २. | योग तथा मेडिटेशन भवन | | | | ५ करोड | |
| ३. | पार्किङ्ग क्षेत्र | | | | २० लाख | |
| ४. | विश्राम घर | | | | २० लाख | |
| ५. | शौचालय | | | | १० लाख | |
| ६. | गार्डेन | | | | ३० लाख | |

**४.८.३ सातपत्रे सिमसार क्षेत्र :**

देवदह न.पा. १० घोडाहा नागथान समिपमै रहेको सातपत्रे ताल जैविक विविधता र जलाधार क्षेत्रको लागि प्रचुर संभावना भएको क्षेत्र हो । चुरेको काखमा रहेको र सात भिन्न भिन्न पत्रहरुमा फैलिएर रहेको हुँदा ठुलो जलाशय रहन सक्ने हुँदा जंगली पशु पंक्षीहरुको वासस्थान र क्रिडास्थलको रुपमा विकास हुन सक्छ । साईवेरियाबाट समेत चराहरु यँहा आउने हुँदा आन्तरिक तथा वाहय पर्यटन विकास गर्न र जैविक विविधता अध्ययन गर्न महत्वपूर्ण क्षेत्रको रुपमा विकास गर्न सकिन्छ । तालको वरिपरी छोटो दुरीको ट्रेकिङ्ग गर्न र माछा पालन गरी आय आर्जन समेत बढाउन सकिन्छ ।

४.८.४ मुख्य क्रियाकलाप र योजना

| क.सं. | कार्यक्रम तथा क्रियाकलाप | समय अवधि | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कार्यान्वयन सहयोगी निकाय | बजेट रु | बजेटको सम्भावित स्रोत |
|---|---|---|---|---|---|---|
| १. | ताल संरक्षण ड्याम | | | | ४० लाख | |
| २. | ड्याम गार्डेन | | | | २० लाख | |

# परिच्छेदः पांच
# दिगो पर्यटन विकास व्यवस्थापन र बजारीकरण

## ५.१ दिगो तथा जिम्मेवार पर्यटन

पर्यटन व्यवसाय विश्वकै एक प्रमुख उद्योगको रूपमा स्थापित भइसकेको छ । वर्तमान समयमा यो विश्वको सबभन्दा ठुलो एवम् द्रुततररूपमा बढिरहेको उद्योग हो । नेपालमा पनि राजनीतिक सहमतिको वातावरण निर्माण र शान्ति प्रक्रियाको विकाससँगै विदेशी र स्वदेशी पर्यटकहरूको संख्यामा वृद्धि हुँदै गइरहेको छ । जसले सकारात्मक परिवर्तन ल्याएको छ । पर्यटनबाट सकारात्मक मात्र नभई कहिलेकाहीँ नकारात्मक परिवर्तन ल्याउन सक्ने देखिन्छ । यही परिप्रेक्ष्यमा देवदह क्षेत्र ऐतिहासिक र पूरातात्विक दृष्टिले महत्त्वपूर्ण छ । यी गन्तव्यहरूका आफ्नो मौलिकता र विशिष्टतालाई लामो समय जोगाइ राख्नका लागि सही संरक्षण, व्यवस्थापन र नियन्त्रण हुनुपर्छ, यसको निमित्त दिगो तथा जिम्मेवार पर्यटन योजनाले मात्र अपेक्षित नतिजा प्रदान गर्न सक्दछ । प्रत्येक पर्यटकीय गतिविधिदेखि नीति निर्माण तहसम्म स्थानीय समुदायलाई समेट्नु पर्छ, उनीहरूलाई लाभ हानीमा जिम्मेवार बनाइएन भने सामाजिक-सांस्कृतिक, आर्थिक तथा वातावरणीय प्रभावहरू फरक ढङ्गले बढ्दै जाने पनि हुन सक्दछ । तसर्थ, यसका लागि देवदह नगरपालिकाको सर्वाङ्गीण दिगो विकासका लागि समुदायमा आधारित नियन्त्रित तथा जिम्मेवारीपूर्ण पर्यटन एक उत्तम विकल्प हुनसक्छ । आर्थिक दिगोपनका लागि ग्रामीण पर्यटन, होम स्टे, स्थानीय उत्पादनको प्रयोगमा जोड, स्थानीय खानामा जोड, लाभको उचित बाँडफाँड, स्थायी रोजगार, क्षमता अभिवृद्धि र सहकार्य जस्ता गतिविधिहरूलाई प्राथमिकतामा राखी पर्यटनको विकास गर्नु उपयुक्त देखिन्छ । त्यस्तै गरी सामाजिक दिगोपनका लागि सामाजिक मूल्य, मान्यता, व्यवहार र परम्पराको यथोचित संरक्षण तथा संबर्द्धन गर्नु आवश्यक पर्दछ । पर्यटकीय गतिविधिलाई समाजका सबै तहमा सकारात्मक बनाई अपनत्व विकास गर्नका लागि लाभमा सबैको पहुँच पुऱ्याउने संयन्त्रको निर्माण गर्नु आवश्यक देखिन्छ । यसै गरी मौलिक पहिचान, संस्कृति, नगुमाइकन अझ सकिन्छ भने त्यति बेलाका संस्कृतिहरूको पहिचान दिने किसिममा वस्तु सेवाहरूको प्रचार प्रसार गरेर सांस्कृतिक सम्पदा तथा मूल्य मान्यताको संरक्षण गर्ने किसिमको सांस्कृतिक दिगोपना हुनुपर्दछ । जिम्मेवार पर्यटन अन्तर्गत पर्यावरणको स्तरमा पनि दिगोपना हुनु जरुरी हुन्छ । पदयात्रा मार्ग, पिकनिक स्थल, लगायत जात्रा महोत्सव क्षेत्रहरूमा पनि खाली बोतल, प्लाष्टिक, टिनका बट्टा, व्याट्री लगायतका खेर गएका सामानहरू व्यवस्थित रूपमा व्यवस्थापन गर्नुपर्दछ । मुख्यतः व्यवस्थापकीय पक्षमा जल, जमिन, जंगलको उचित संरक्षण गर्दै प्रदूषणलाई न्यूनीकरण गर्ने, नवीकरणीय वस्तुको उपयोग गर्ने नवीकरणीय वस्तुको उचित व्यवस्थापन, पर्यावरणीय सचेतना कार्यक्रम सञ्चालन गर्ने साथै जैविक तथा प्राकृतिक सम्पदाहरूको उचित संरक्षण र सम्बर्द्धन गर्नु पर्दछ । स्थानीय स्तरमा उपलब्ध प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पूरातात्विक सवै पक्षको

उपयोग पर्यटनका निमित्त गर्दा पनि पर्यापर्यटनको शैलीमा गरिनु पर्दछ । ति सवै पक्षको मौलिकतामा कही कतै पनि आँच नल्याएर पर्यटनका निमित्त उपयोग गर्नु पर्दछ । प्रत्येक पर्यटकीय गतिविधि सामाजिक न्याय र समुचित बाँडफाँडको तौरतरिकामा आधारित भएर गरिनु पर्दछ, त्यसो गर्न सकेमा मात्र पर्यटन दिगो र जिम्मेवार ठहर्दछ ।

## ५.२ पर्यटन विकास व्यवस्थापनका पक्षहरू

धेरै पर्यटकीय गन्तव्यहरू प्राकृतिक, सामाजिक, सांस्कृतिक र निर्मित सम्पदाहरू तथा यसैका आधारमा स्थापित भएका मूल्य र मान्यतामा नै आश्रित रहेको पाइन्छ । यिनै विशेषताहरूले नै गन्तव्यको मौलिकता, भिन्नता, जीवनशैली, इतिहास र सभ्यतालाई झल्काइ राखेको हुन्छ । जुन पर्यटक आकर्षणका प्रमुख तत्त्वहरू हुन् । यस्ता विशेषताहरूलाई सही तरिकाले सही समयमा जोगाउन र व्यवस्थापन गर्न सक्नुपर्दछ । गन्तव्यको संरक्षण र सम्बर्द्धन गर्दै नियन्त्रित रूपमा दिगो पर्यटनको विकास व्यवस्थापनमा निम्न पक्षलाई हेर्नु पर्दछ :

- क्षमता भार र पर्यटन सङ्ख्या व्यवस्थापन
- पर्यावरण तथा संस्कृति मैत्री पूर्वाधारको विकास र व्यवस्थापन
- सम्पदा, संस्कृति र विविधताको सम्बर्द्धन र संरक्षण
- जैविक विविधताको संरक्षण र व्यवस्थापन
- पर्यापर्यटनका लागि दक्ष मानव संशाधनको विकास र व्यवस्थापन
- फोहोरमैला व्यवस्थापन
- प्रभाव अनुगमन र मूल्याङ्कन
- सूचना व्यवस्थापन

## ५.३ पर्यटन बजारीकरण

पर्यटकीय गन्तव्यको बजारीकरण नभई सो क्षेत्रको प्रचार हुन सक्दैन । तसर्थ पर्यटनका लागि बजारीकरण गर्नु आवश्यक हुन्छ । सम्बन्धित गन्तव्य स्थानका वरपर रहेका सम्पदाहरूको यथार्थ विवरण दिने खालका सूचना गाइड बुक, पदमार्ग नक्सा, पर्यटन म्यागजीन, दैनिक पत्रिका, ब्रोसर आदि प्रकाशन गर्नु पर्दछ । यी साधनहरूको माध्यमबाट आफ्नो क्षेत्र भित्र र अन्य क्षेत्रका पर्यटन व्यवसायी एवम् गाइडहरूलाई जानकारी गराउनु पर्छ, सो गर्ने महत्त्वपूर्ण जिम्मेवारी नगरपालिका र पर्यटन समितिले गर्नुपर्छ । त्यसै गरी देवदह नगरपालिकाका सांस्कृतिक पर्व तथा पर्यटकीय गतिविधि बारेमा समय तालिका खुल्ने गरी क्यालेण्डर

प्रकाशन गरी वितरण गर्ने, देवदहको बारेमा जानकारी लिन सजिलो हुने गरी वेभपेज बनाउने, नेपाल स्थित लुम्बिनी, पोखरा, काठमाडौं, चितवन, लगायत भारतका विभिन्न शहरका पर्यटन व्यवसायीसँग समन्वय गर्ने काम समेत गर्नुपर्दछ । सामाजिक सञ्जाल फेसबुक, ट्वीटर, मार्फत पर्यटकीय सम्पदाको प्रचार प्रसारमा जोड गर्नुका साथै पर्यटकीय सम्पदाको बारेमा डकुमेन्ट्री, सीडी, डीभीडी, निर्माण गरी टेलिभिजन कार्यक्रम प्रसारण गरी प्रभावकारी रूपमा पर्यटनको बजारीकरण गर्न जरुरी हुन्छ ।

## ५.४ पर्यटन योजना र नीतिको समन्वय

देवदह नगरपालिकाको पर्यटन गुरुयोजना तथा कार्यनीतिको बीचमा सही समन्वयात्मक भूमिकाको आवश्यकता पर्दछ । यसका लागि एक समन्वयात्मक समिति आवश्यक पर्दछ । जसमा स्थानीय पर्यटन व्यवसायी तथा समुदायबाट अन्य सरोकारवाला सहितको एक समावेशी कार्यसमिति निर्माण हुनुपर्छ । यो कार्यसमिति विशेष गरी स्थानीय स्तरमा पर्यटकीय सम्पदाको विकास, विस्तार, प्रबर्द्धन सम्बर्द्धन र व्यवस्थापन गर्नका लागि कार्यरत रहन्छ । यो समिति स्थानीय रूपमा पर्यटकीय गतिविधिबाट हुने लाभ, हानी तथा प्रभावहरूमा प्रत्यक्ष निगरानी राख्नेछ र परिणाम प्रति पूर्ण रूपमा जिम्मेवारी लिनेछ । यसको खास उद्देश्य योजनाको प्रभावकारी कार्यान्वयन गर्ने, पर्यटकीय गतिविधिमा समुदायको संलग्नता बढाउने, लाभ तथा हानी दुवैमा सबै सहभागी रहने, जिम्मेवारी लिने र जिम्मेवारी पूर्ण दिगो पर्यटनको विकास गर्ने नै हो ।

प्रत्येक पर्यटकीय गन्तव्यमा त्यस स्थानको योजना सहितको जिम्मेवारी लिई योजना कार्यान्वयन, संरक्षण, सम्बर्द्धन विकास गर्नका लागि स्थानीयस्तरका समितिहरू बनाउनु पर्दछ र यसको छाता सँगठनको रूपमा नगरस्तरीय देवदह नगरपालिका पर्यटन विकास तथा प्रबर्द्धन समिति रहनेछ । नगर स्तरीय यो समिति नीति तथा रणनीति निर्माण गर्ने निकायको रूपमा रहने छ भने, यसको सिधा समन्वय र सम्पर्क नेपाल पर्यटन बोर्ड, लुम्विनी विकास कोष तथा जिल्ला पर्यटन विकास समितिसँग रहने छ ।

## ५.५ संस्थागत संरचना

देवदह नगरपालिकाको पर्यटन गुरुयोजना कार्यान्वयन गर्नका लागि नेतृत्वदायी सबै समन्वयकारी भूमिका देवदह नगरपालिकाले गर्नेछ । नगरपालिका अन्तर्गत पर्यटन विकास शाखा रहने छ भने, नगरपालिकाका विभिन्न राजनीतिक दल, सङ्घ संस्थाको संलग्नतामा देवदह नगर पालिका पर्यटन विकास तथा प्रबर्द्धन समिति गठन गरिने छ । यस समिति तथा नगरपालिकाको समन्वयमा नगरपालिकाको समग्र पर्यटन विकासको योजना तर्जुमा, बजेट विनियोजन तथा कार्यान्वयनका लागि नीतिगत निर्णय गर्नेछ । स्थानीय पर्यटकीय क्षेत्रमा एक पर्यटन विकास तथा व्यवस्थापन समिति गठन गरिने छ । यी समितिहरूले आ-

आफ्नो क्षेत्रसँग सम्बन्धित पर्यटकीय क्षेत्र विकासका लागि नगर स्तरीय समितिसँग समन्वय गर्दै गतिविधि र कार्यक्रम सञ्चालन गर्नेछन् ।

### ५.६ पर्यटन गुरुयोजनाको अनुगमन र जिम्मेवारी

यस पर्यटन गुरुयोजनाले तर्जुमा गरे अनुसारका कार्यक्रमहरूलाई कार्यान्वयन गर्ने निकायहरूले ठिक तरिकाबाट कार्य सम्पादन भएको छ छैन, थप सुधार गर्नु पर्ने विषयहरू के हुन सक्छन्, कार्य सम्पादनमा कठिनाइ उत्पन्न भइ पर्यटन विकासको कार्य सम्पादनमा विलम्ब वा असजिलो भएको छ, छैन आदि जस्ता विषयमा अनुगमन गर्ने मुख्य निकाय देवदह नगरपालिका नै हो, यसको साथै नगरस्तरीय पर्यटन विकास तथा प्रबर्द्धन समिति रहने छ । त्यस्तै स्थानीय स्तरका समितिले पनि आफ्ना क्षेत्रको अनुगमन र जिम्मेवारी लिनुपर्छ । नगरपालिकाले पर्यटन सम्बन्धी सम्पादन गर्ने कार्य र यसले कार्यान्वयनका लागि गरेको समन्वयका प्रयासहरूको रेखदेख नगर स्तरीय पर्यटन विकास तथा प्रबर्द्धन समितिले गर्नेछ । साथै यसले नगरपालिकालाई योजना कार्यान्वयनमा सहजता प्रदान गर्ने, नगरमा उपयुक्त पर्यटन विकास नीति निर्माण गर्ने, आवश्यक कार्य सम्पादन निर्देशिका तयार गर्नुका साथै उपयुक्त निर्णय लिन पनि सहजीकरण गर्नेछ । पर्यटन गुरुयोजना तयार भएर नगरपालिकाले स्वीकार गरे पछि यसको पूर्ण स्वामित्व नगरपालिकाले लिनेछ र कार्यान्वयन तथा त्यस पछिका सवै कदमहरुमा नगरपालिका स्वयं जिम्वेवार रहने छ । पर्यटन गुरुयोजना कार्यान्वयन भएपछि भएका उपलब्धीको पनि लेखाजोखा नगरपालिकाले नै गर्नेछ । यसका अतिरिक्त नगर स्तरीय पर्यटन विकास तथा प्रबर्द्धन समितिबाट स्थलगत अनुगमन भ्रमण, वार्षिक समीक्षा समेत गर्दै क्रमश परिमार्जन समेत गर्दै गराउदै पर्यटनलाइ नगरका अन्य पक्षहरुसँग सशक्त ढंगले जोड्दै एकातर्फ नगर वासीहरुकै निमित्त फलदायी र नतिजामुखी बनाउने छ भने अर्कातर्फ मुलूकको पर्यटन क्षेत्रमा एक महत्त्वपूर्ण उपलब्धि हासिल गर्नेछ ।

## परिच्छेदः पांच
## दिगो पर्यटन विकास व्यवस्थापन र बजारीकरण

### ५.१ दिगो तथा जिम्मेवार पर्यटन

पर्यटन व्यवसाय विश्वकै एक प्रमुख उद्योगको रूपमा स्थापित भइसकेको छ । वर्तमान समयमा यो विश्वको सबभन्दा ठुलो एवम् द्रुततररूपमा बढिरहेको उद्योग हो । नेपालमा पनि राजनीतिक सहमतिको वातावरण निर्माण र शान्ति प्रक्रियाको विकाससँगै विदेशी र स्वदेशी पर्यटकहरूको संख्यामा वृद्धि हुँदै गइरहेको छ । जसले सकारात्मक परिवर्तन ल्याएको छ । पर्यटनबाट सकारात्मक मात्र नभई कहिलेकाहीँ नकारात्मक

परिवर्तन ल्याउन सक्ने देखिन्छ । यही परिप्रेक्ष्यमा देवदह क्षेत्र ऐतिहासिक र पूरातात्त्विक दृष्टिले महत्त्वपूर्ण छ । यी गन्तव्यहरूका आफ्नो मौलिकता र विशिष्टतालाई लामो समय जोगाइ राख्नका लागि सही संरक्षण, व्यवस्थापन र नियन्त्रण हुनुपर्छ, यसको निमित्त दिगो तथा जिम्मेवार पर्यटन योजनाले मात्र अपेक्षित नतिजा प्रदान गर्न सक्दछ । प्रत्येक पर्यटकीय गतिविधिदेखि नीति निर्माण तहसम्म स्थानीय समुदायलाई समेट्नु पर्छ, उनीहरूलाई लाभ हानीमा जिम्मेवार बनाइएन भने सामाजिक-सांस्कृतिक, आर्थिक तथा वातावरणीय प्रभावहरू फरक ढङ्गले बढ्दै जाने पनि हुन सक्दछ । तसर्थ, यसका लागि देवदह नगरपालिकाको सर्वाङ्गीण दिगो विकासका लागि समुदायमा आधारित नियन्त्रित तथा जिम्मेवारीपूर्ण पर्यटन एक उत्तम विकल्प हुनसक्छ । आर्थिक दिगोपनका लागि ग्रामीण पर्यटन, होम स्टे, स्थानीय उत्पादनको प्रयोगमा जोड, स्थानीय खानामा जोड, लाभको उचित बाँडफाँड, स्थायी रोजगार, क्षमता अभिवृद्धि र सहकार्य जस्ता गतिविधिहरूलाई प्राथमिकतामा राखी पर्यटनको विकास गर्नु उपयुक्त देखिन्छ । त्यस्तै गरी सामाजिक दिगोपनका लागि सामाजिक मूल्य, मान्यता, व्यवहार र परम्पराको यथोचित संरक्षण तथा संबर्द्धन गर्नु आवश्यक पर्दछ । पर्यटकीय गतिविधिलाई समाजका सबै तहमा सकारात्मक बनाई अपनत्व विकास गर्नका लागि लाभमा सबैको पहुँच पुऱ्याउने संयन्त्रको निर्माण गर्नु आवश्यक देखिन्छ । यसै गरी मौलिक पहिचान, संस्कृति, नगुमाइकन अझ सकिन्छ भने त्यति बेलाका संस्कृतिहरूको पहिचान दिने किसिममा वस्तु सेवाहरूको प्रचार प्रसार गरेर सांस्कृतिक सम्पदा तथा मूल्य मान्यताको संरक्षण गर्ने किसिमको सांस्कृतिक दिगोपना हुनुपर्दछ । जिम्मेवार पर्यटन अन्तर्गत पर्यावरणको स्तरमा पनि दिगोपना हुनु जरुरी हुन्छ । पदयात्रा मार्ग, पिकनिक स्थल, लगायत जात्रा महोत्सव क्षेत्रहरूमा पनि खाली बोतल, प्लाष्टिक, टिनका बट्टा, ब्याट्री लगायतका खेर गएका सामानहरू व्यवस्थित रूपमा व्यवस्थापन गर्नुपर्दछ । मुख्यतः व्यवस्थापकीय पक्षमा जल, जमिन, जंगलको उचित संरक्षण गर्दै प्रदूषणलाई न्यूनीकरण गर्ने, नवीकरणीय वस्तुको उपयोग गर्ने नवीकरणीय वस्तुको उचित व्यवस्थापन, पर्यावरणीय सचेतना कार्यक्रम सञ्चालन गर्ने साथै जैविक तथा प्राकृतिक सम्पदाहरूको उचित संरक्षण र सम्बर्द्धन गर्नु पर्दछ । स्थानीय स्तरमा उपलब्ध प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पूरातात्त्विक सवै पक्षको उपयोग पर्यटनका निमित्त गर्दा पनि पर्यापर्यटनको शैलीमा गरिनु पर्दछ । ति सवै पक्षको मौलिकतामा कही कतै पनि आँच नल्याएर पर्यटनका निमित्त उपयोग गर्नु पर्दछ । प्रत्येक पर्यटकीय गतिविधि सामाजिक न्याय र समुचित बाँडफाँडको तौरतरिकामा आधारित भएर गरिनु पर्दछ, त्यसो गर्न सकेमा मात्र पर्यटन दिगो र जिम्मेवार ठहर्दछ ।

## ५.२ पर्यटन विकास व्यवस्थापनका पक्षहरू

धेरै पर्यटकीय गन्तव्यहरू प्राकृतिक, सामाजिक, सांस्कृतिक र निर्मित सम्पदाहरू तथा यसैका आधारमा स्थापित भएका मूल्य र मान्यतामा नै आश्रित रहेको पाइन्छ । यिनै विशेषताहरूले नै गन्तव्यको मौलिकता, भिन्नता, जीवनशैली, इतिहास र सभ्यतालाई झल्काइ राखेको हुन्छ । जुन पर्यटक आकर्षणका प्रमुख तत्त्वहरू हुन् । यस्ता विशेषताहरूलाई सही तरिकाले सही समयमा जोगाउन र व्यवस्थापन गर्न सक्नुपर्दछ । गन्तव्यको संरक्षण र सम्बर्द्धन गर्दै नियन्त्रित रूपमा दिगो पर्यटनको विकास व्यवस्थापनमा निम्न पक्षलाई हेर्नु पर्दछ :

- क्षमता भार र पर्यटन सङ्ख्या व्यवस्थापन
- पर्यावरण तथा संस्कृति मैत्री पूर्वाधारको विकास र व्यवस्थापन
- सम्पदा, संस्कृति र विविधताको सम्बर्द्धन र संरक्षण
- जैविक विविधताको संरक्षण र व्यवस्थापन
- पर्यापर्यटनका लागि दक्ष मानव संशाधनको विकास र व्यवस्थापन
- फोहोरमैला व्यवस्थापन
- प्रभाव अनुगमन र मूल्याङ्कन
- सूचना व्यवस्थापन

## ५.३ पर्यटन बजारीकरण

पर्यटकीय गन्तव्यको बजारीकरण नभई सो क्षेत्रको प्रचार हुन सक्दैन । तसर्थ पर्यटनका लागि बजारीकरण गर्नु आवश्यक हुन्छ । सम्बन्धित गन्तव्य स्थानका वरपर रहेका सम्पदाहरूको यथार्थ विवरण दिने खालका सूचना गाइड बुक, पदमार्ग नक्सा, पर्यटन म्यागजीन, दैनिक पत्रिका, ब्रोसर आदि प्रकाशन गर्नु पर्दछ । यी साधनहरूको माध्यमबाट आफ्नो क्षेत्र भित्र र अन्य क्षेत्रका पर्यटन व्यवसायी एवम् गाइडहरूलाई जानकारी गराउनु पर्छ, सो गर्ने महत्त्वपूर्ण जिम्मेवारी नगरपालिका र पर्यटन समितिले गर्नुपर्छ । त्यसै गरी देवदह नगरपालिकाका सांस्कृतिक पर्व तथा पर्यटकीय गतिविधि बारेमा समय तालिका खुल्ने गरी क्यालेण्डर प्रकाशन गरी वितरण गर्ने, देवदहको बारेमा जानकारी लिन सजिलो हुने गरी वेभपेज बनाउने, नेपाल स्थित लुम्बिनी, पोखरा, काठमाडौं, चितवन, लगायत भारतका विभिन्न शहरका पर्यटन व्यवसायीसँग समन्वय गर्ने काम समेत गर्नुपर्दछ । सामाजिक सञ्जाल फेसबुक, ट्वीटर, मार्फत पर्यटकीय सम्पदाको प्रचार प्रसारमा जोड गर्नुका साथै पर्यटकीय सम्पदाको बारेमा डकुमेन्ट्री, सीडी, डीभीडी, निर्माण गरी टेलिभिजन कार्यक्रम प्रसारण गरी प्रभावकारी रूपमा पर्यटनको बजारीकरण गर्न जरुरी हुन्छ ।

## ५.४ पर्यटन योजना र नीतिको समन्वय

देवदह नगरपालिकाको पर्यटन गुरुयोजना तथा कार्यनीतिको बीचमा सही समन्वयात्मक भूमिकाको आवश्यकता पर्दछ। यसका लागि एक समन्वयात्मक समिति आवश्यक पर्दछ। जसमा स्थानीय पर्यटन व्यवसायी तथा समुदायबाट अन्य सरोकारवाला सहितको एक समावेशी कार्यसमिति निर्माण हुनुपर्छ। यो कार्यसमिति विशेष गरी स्थानीय स्तरमा पर्यटकीय सम्पदाको विकास, विस्तार, प्रबर्द्धन सम्बर्द्धन र व्यवस्थापन गर्नका लागि कार्यरत रहन्छ। यो समिति स्थानीय रूपमा पर्यटकीय गतिविधिबाट हुने लाभ, हानी तथा प्रभावहरूमा प्रत्यक्ष निगरानी राख्नेछ र परिणाम प्रति पूर्ण रूपमा जिम्मेवारी लिनेछ। यसको खास उद्देश्य योजनाको प्रभावकारी कार्यान्वयन गर्ने, पर्यटकीय गतिविधिमा समुदायको संलग्नता बढाउने, लाभ तथा हानी दुवैमा सबै सहभागी रहने, जिम्मेवारी लिने र जिम्मेवारी पूर्ण दिगो पर्यटनको विकास गर्ने नै हो।

प्रत्येक पर्यटकीय गन्तव्यमा त्यस स्थानको योजना सहितको जिम्मेवारी लिई योजना कार्यान्वयन, संरक्षण, सम्बर्द्धन विकास गर्नका लागि स्थानीयस्तरका समितिहरू बनाउनु पर्दछ र यसको छाता सँगठनको रूपमा नगरस्तरीय देवदह नगरपालिका पर्यटन विकास तथा प्रबर्द्धन समिति रहनेछ। नगर स्तरीय यो समिति नीति तथा रणनीति निर्माण गर्ने निकायको रूपमा रहने छ भने, यसको सिधा समन्वय र सम्पर्क नेपाल पर्यटन बोर्ड, लुम्बिनी विकास कोष तथा जिल्ला पर्यटन विकास समितिसँग रहने छ।

## ५.५ संस्थागत संरचना

देवदह नगरपालिकाको पर्यटन गुरुयोजना कार्यान्वयन गर्नका लागि नेतृत्वदायी सबै समन्वयकारी भूमिका देवदह नगरपालिकाले गर्नेछ। नगरपालिका अन्तर्गत पर्यटन विकास शाखा रहने छ भने, नगरपालिकाका विभिन्न राजनीतिक दल, सङ्घ संस्थाको संलग्नतामा देवदह नगर पालिका पर्यटन विकास तथा प्रबर्द्धन समिति गठन गरिने छ। यस समिति तथा नगरपालिकाको समन्वयमा नगरपालिकाको समग्र पर्यटन विकासको योजना तर्जुमा, बजेट विनियोजन तथा कार्यान्वयनका लागि नीतिगत निर्णय गर्नेछ। स्थानीय पर्यटकीय क्षेत्रमा एक पर्यटन विकास तथा व्यवस्थापन समिति गठन गरिने छ। यी समितिहरूले आ-आफ्नो क्षेत्रसँग सम्बन्धित पर्यटकीय क्षेत्र विकासका लागि नगर स्तरीय समितिसँग समन्वय गर्दै गतिविधि र कार्यक्रम सञ्चालन गर्नेछन्।

## ५.६ पर्यटन गुरुयोजनाको अनुगमन र जिम्मेवारी

यस पर्यटन गुरुयोजनाले तर्जुमा गरे अनुसारका कार्यक्रमहरूलाई कार्यान्वयन गर्ने निकायहरूले ठिक तरिकाबाट कार्य सम्पादन भएको छ छैन, थप सुधार गर्नु पर्ने विषयहरू के हुन सक्छन्, कार्य सम्पादनमा कठिनाइ उत्पन्न भइ पर्यटन विकासको कार्य सम्पादनमा विलम्ब वा असजिलो भएको छ, छैन आदि जस्ता

विषयमा अनुगमन गर्ने मुख्य निकाय देवदह नगरपालिका नै हो, यसको साथै नगरस्तरीय पर्यटन विकास तथा प्रबर्द्धन समिति रहने छ। त्यस्तै स्थानीय स्तरका समितिले पनि आफ्ना क्षेत्रको अनुगमन र जिम्मेवारी लिनुपर्छ। नगरपालिकाले पर्यटन सम्बन्धी सम्पादन गर्ने कार्य र यसले कार्यान्वयनका लागि गरेको समन्वयका प्रयासहरूको रेखदेख नगर स्तरीय पर्यटन विकास तथा प्रबर्द्धन समितिले गर्नेछ। साथै यसले नगरपालिकालाई योजना कार्यान्वयनमा सहजता प्रदान गर्ने, नगरमा उपयुक्त पर्यटन विकास नीति निर्माण गर्ने, आवश्यक कार्य सम्पादन निर्देशिका तयार गर्नुका साथै उपयुक्त निर्णय लिन पनि सहजीकरण गर्नेछ। पर्यटन गुरुयोजना तयार भएर नगरपालिकाले स्वीकार गरे पछि यसको पूर्ण स्वामित्व नगरपालिकाले लिनेछ र कार्यान्वयन तथा त्यस पछिका सवै कदमहरुमा नगरपालिका स्वयं जिम्वेवार रहने छ। पर्यटन गुरुयोजना कार्यान्वयन भएपछि भएका उपलब्धीको पनि लेखाजोखा नगरपालिकाले नै गर्नेछ। यसका अतिरिक्त नगर स्तरीय पर्यटन विकास तथा प्रबर्द्धन समितिबाट स्थलगत अनुगमन भ्रमण, वार्षिक समीक्षा समेत गर्दै क्रमश परिमार्जन समेत गर्दै गराउदै पर्यटनलाइ नगरका अन्य पक्षहरुसँग सशक्त ढंगले जोड्दै एकातर्फ नगर वासीहरुकै निमित्त फलदायी र नतिजामुखी बनाउने छ भने अर्कातर्फ मुलूकको पर्यटन क्षेत्रमा एक महत्त्वपूर्ण उपलब्धि हासिल गर्नेछ।

# परिच्छेद - छ
# निष्कर्ष र सुझावहरु

**६.१. निष्कर्ष**

नेपाल एक अनुपम सौन्दर्य, प्रशस्त जैविक विविधता, बहुभाषिक, बहुजातीय, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक, पुरातात्त्विक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण पर्यटकीय गन्तब्यको रुपमा परिचित भै सकेको छ । विज्ञान, प्रविधि र सञ्चारको द्रुततर विकासले सम्पूर्ण विश्व नै एक गाउँको रुपमा परिणत भएको अवस्थामा नेपालले यी सम्पदाको पहिचान, संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार गरी विश्व पर्यटन वजारलाई आकर्षित गरी लाभ लिन सक्नु पर्दछ । यसै विषयलाई मध्यनजर गर्दै पर्यटन नीति २०६५ ले अर्थतन्त्रको विकासको प्रमुख आधार पर्यटन मानी यस ब्यवसायको विविधिकरण र विस्तारबाट आम नागरिकको जीविकोपार्जन र रोजगारिका अवसर बृद्धीगरी जनताको जीवनस्तर सुधार गर्न विविध सम्पदाको समूचित रुपमा यसको उपयोगमा दिगो र गुणात्मकता वनाउनु अति आवश्यक छ । तसर्थ पर्यटन ब्यवसाय सर्बत्र चासो र सरोकारको विषय वनेको अवस्थामा देवदह नगरपालिका क्षेत्रका पुरातात्त्विक, ऐतिहासिक, धार्मिक साथै प्राकृतिक सम्पदाहरुको पहिचान, सम्बर्द्धन र प्रचारगरी पर्यटन वजारमा ल्याउनु अपरिहार्य भै सकेको छ । शान्तीका अग्रदुत गौतमबुद्ध जन्मस्थल लुम्विनी र यसको नजिकै रहेको देवदह; जहाँ बुद्ध, मायादेवी, प्रजापती, यशोधराको वाल्यकाल वितेको थियो । जुन मध्ययूगीन समयमा कोलीय राज्य रहेको इतिहास पाइन्छ । जहाँ दरवारहरु, मठ मन्दिरहरु, पाटी पौवाहरु लगाएत अनेकौं धरोहरहरु हाल पुरिएको अवस्थामा रहेका छन् । पुरातत्त्व विभाग र लुम्विनी विकास कोषले केही क्षेत्रको उत्खननको प्रयास गरे पनि ब्यवस्थित रुपमा उत्खननको कार्य हुन सकेको छैन् । यहाँ रहेका खयरडाँडा, भवानीपुर, देवदह, कन्यामाई, बैरीमाई, पाकरी, रोहिणी नदी, माथागढी, आदि जस्ता पुरातात्त्विक, ऐतिहासिक तथा धार्मिक सम्पदाका साथै विभिन्न क्षेत्रमा रहेका प्राकृतिक सम्पदाहरुको पनि ब्यापक प्रचार हुनु जरुरी देखिन्छ । वर्तमानमा कृषिमा निर्भर यहाँको जीवन यापन प्रक्रियालाई प्रचुर संभावना भएको पर्यटन ब्यवसायको माध्यमबाट यस क्षेत्रका जनताको आय स्तरमा समेत बृद्धी गर्न सकिन्छ । यसै तथ्यलाई मध्यनजर गरी ब्यवस्थित र योजनाबद्ध रुपमा यहाँका विभिन्न स्थानहरुको समग्र पर्यटन क्षेत्रको विकास गर्न देवदह नगरपालिकामा पर्यटन गुरु योजनाको खाका तयार पारी प्रस्तुत गरिएको छ ।

## ६.२. सुझावहरु

- यस क्षेत्रमा रहेका पुरातात्त्विक क्षेत्रहरुको छिटो उत्खनन गर्नकालागि पुरातत्त्व विभाग, लुम्विनी विकास कोष लगाएत सम्बन्धित राष्ट्रिय, अन्तराष्ट्रिय संघ, संस्थाहरुसँग पहल गर्ने ।
- नगरपालिका भित्र अत्यावश्यक रुपमा रहेका सूचना केन्द्र, पुस्तकालय, रङ्गशाला, रिङरोड, भ्यू टावर, ब्यवस्थित सँग्राहलय, वसपार्क, अतिथि गृह, चिडियाखाना,..... आदिको निर्माण र ब्यवस्थापनमा नेपाल सरकार, विभिन्न दातृ निकाय तथा निजी ब्यवसायीहरुसँग समन्वय गरी निर्माण गर्ने ।
- बुद्धकालिन समयमा रहेका कतिपय कुवा पाटी पौवा मठ मन्दिरहरु हाल पुरिएर रहेका छन् ती स्थानहरुको पहिचान गरी उत्खनन, संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार गर्ने ।
- देवदहमा रहेका पर्यटकीय गन्तब्यहरु (Debdaha Points) मा वाटोको स्तरोन्नती गरी यातायाको सहज पहुँच पुचाउने ।
- यस क्षेत्रमा उत्खनन गर्दा प्राप्त भएका संपूर्ण सामग्रीहरु सुरक्षीत सँग्राहलय निर्माण गरी देवदहमा नै राख्ने ब्यवस्था मिलाउन सँस्कृतिक मन्त्रालय, पूरातत्त्व विभाग र लुम्विनी विकास कोषसंग अनुरोध गर्ने ।
- नगरपालिकामा पर्यटन शाखा स्थापना गरी समन्वयात्मक समिति पर्यटन, प्रवर्द्धक  समिति र स्थानीय रुपमा प्रत्येक पर्यटकीय स्थलहरुमा पर्यटकीय उपसमिति गठन गर्ने ।
- नेपाल चीन कुटनीतिक सम्बन्ध स्थापनाको ६० औं वर्ष पुगेको उपलक्ष्यमा धार्मिक सांस्कृतिक सम्बन्धलाई सुदृढ तुल्याउन चिनले " The Road od Destiny with Buddism" अभियान अन्तरगत एउटै जेड धातुवाट आकर्षक ढङ्गमा कुँदिएको बुद्धको मूर्ति सन् २०१५ में ५ बाट चिनको सेन्जेनबाट प्रस्थान गरि सकेको यात्रा सन् २०१५ सेप्टेम्वर ९ मा नेपाल भित्रिई लुम्विनी ल्याई पुनः चीन फर्काई विश्वयात्रा गराइने हुँदा लुम्विनी ल्याइने क्रममा देवदहका विभिन्न स्थानमा समेत यात्रा गराउन लुम्विनी विकास कोषसँग समन्वय गरी देवदहको बारेमा वाहिरी संसारलाई चिनाउन पहल गर्ने ।
- लुम्विनी, तिलौराकोटका साथै देवदह नगरपालिकाको पूर्व पश्चिम राजमार्गका विभिन्न स्थानहरु र प्रत्यक पर्यटकीय स्थानहरुमा सम्बन्धित क्षेत्रको नक्शा, परिचय सहित आकर्षक होर्डिङ वोर्ड  राख्ने ।
- यस योजनाले बिस्तृत रुपमा योजना तयार नपारिएका अन्य पर्यटकीय क्षेत्रम पनि पुर्वाधारको विकास गर्दै लैजने ।
- प्रचार प्रसारका लागि स्थानीय पत्रपत्रिका, एफ. एम., राष्ट्रिय पत्रपत्रिका टि भि च्यानल आदिमा समाचार दिने साथै ब्रोसर, सिडी, डिभिडि आदि निर्माण गर्ने ।

## सन्दर्भसामग्री

कंडेल कृष्ण (२०६०), पर्वतीय क्षेत्रमा वातावरणीय समस्या र चुनौतीका नयाँ आयाम, नेपाल भूगोल पत्रिका वर्ष १ अंक १ पेज १५ काठमाण्डौं: नेपाल भौगोलिक संस्था ।

वालकृषण सम, नेपालको संस्कृतिको भूमिका प्राचिन नेपाल अक. ३ ।

मदन, जी.आर (१९९६) समाजशास्त्रको सिद्धान्त । विवेक प्रकाशन ७ यू.ए. जवाहरनगर, दिल्ली ।

सत्यकेतु विद्यालंकार (१९६०) भारतको प्राचिन इतिहास, सरस्वती सदन मसुरी ।

होमस्टे सञ्चालन कार्यविधि (२०६७), नेपालसरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।

स्थानीय राजनैतिक दल तथा सरोकार वाला संगको अन्तरकृया तथा पटक पटकको छलफल तथा स्थलगत अनुगमन

CBS (2011). Central Beaureu of Statistics, Kathmandu, Nepal

DDC, Bhaktapur. (2069). Tourism Development & Management Plan of Bhaktapur, Kathmandu, DDC, Bhaktapur

Gurung, Harka. (2004). Mountain Reflections: Pattern And Developemnt Kathmandu, Mandala, Publications.

HMGN (1972). Nepal Tourism Master Plan, Kathmandu, His Majesty's Government of Nepal, Dept. of Tourism, Ministry of Commerce & Industry

Homestay Training Manual 2011, Nepal Tourism Board

http://www.environment.gov.au/system/files/resources/67d35c60-4e1a-48f5-94aa-fa878e3acf28/files/tourismmasterplan.pdfv08 (Accessed on12 may 2014)

http://www.springsgov.com/units/parksrec/RRC%20Master%20Plan%202013.pdf, (Accessed on 17 may 2014)

MOF. (2013). Economic Survey, Kathmandu, Government of Nepal, Ministry of Finance

MOTCA. (2013). Nepal Tourism Statistics, Kathmandu, Documentation Research and Statistics Section, Ministry of Tourism & Civil Aviation, Government of Nepal

NRB (1989) Income & Employment Generation from Tourism, Kathmandu, Nepal Tourism Board (NTB)

NTB (2013) In Trekking in Nepal, Kathmandu: Nepal Toursim Board (NTB)

Smith, V. (1975). The Early History of India, Oxford Clarenton Press, IV edition, HMG, Lumbini Development Committee – Lumbini, The Birt Place of Buddha, Kathmandu, Nepal.

Upadhaya, R.P. (Ed.). 2008. Readings in Rural Toursim: Sunlight Publications

**अनूसूची**

**फोटाहरु**